# विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

त्रिभुवन  विश्वविद्यालय शिक्षाशास्त्र संकाय

स्नातकोत्तर तह (एम.एड) **Ed. PM.** ५९८ को आंशिक

आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोध-पत्र**


शोधकर्ता

पुष्प बहादुर बस्नेत

त्रि.वि.द.नं. : ३२-०८१६३४-४

परीक्षा रोल नं. : २१४००६४/०६३



सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


मङसीर, २०६७

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**श्री सुकुना वहुमुखी क्याम्पस**
**इन्द्रपुर, मोरङ**

## सिफारिस -पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको Ed.PM. ५९८ कोर्सको आंशिक आवश्यकता पूरा गर्नका निमित्त यस क्याम्पसका छात्र पुष्प बहादुर वस्नेतद्वारा तयार पारिएको "विद्यालय सुपरिवेक्षणको प्रभावकारिता" विषयक शोध-पत्र मेरो निर्देशनमा रही अध्ययन अनुसन्धान गरी तयार पारिएको व्यहोरा प्रमाणित गर्दै वाह्य मूल्याङ्कनका निमित्त सिफारिस गर्दछु ।

.........................................

लक्ष्मीकुमार श्रेष्ठ
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर (मोरङ)

# त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
# शैक्षिक योजना तथा व्यवस्थापन विभाग
# श्री सुकुना वहुमुखी क्याम्पस
# इन्द्रपुर, मोरङ

## स्वीकृती -पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तरगत सुकुना बहुमुखी क्याम्पसमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र पुष्प बहादुर बस्नेतले उक्त तहको द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने हेतुले "विद्यालय सुपरिवेक्षणको प्रभावकारिता" शीर्षकमा सोधकार्य पूरा गरी स्वीकृतीका लागि प्रस्तुत गर्नु भएकोमा यो शोध-पत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### मूल्याङ्कन समिति

| क.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

मिति : २०६८/२/ /

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तरगत शैक्षिक योजना तथा व्यवस्थापन बिषयमा स्नातकोत्तर तह (एम.एड.) उपाधिको आंशिक आवश्यकता पुरा गर्नको लागि "विद्यालय सुपरिवेक्षणको प्रभावकारिता" शीर्षकमा शोधकार्य सम्पन्न गरी प्रस्तुत गरिएको छ । शोध प्रस्ताव स्वीकृत गरी शोध कार्य गर्ने अवसर प्रदान गरेकोमा सुकुना वहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन  विभाग  प्रति आभार व्यक्त गर्दछु ।

शोध पत्र तयारीको क्रममा प्रारम्मदेखि अन्तिम लेखनसम्म निरन्तर रुपमा निर्देशन ,सुझाव, सल्लाह र प्रोत्साहनका लागि अति व्यस्तताका वावजुद पनि आफ्नो अमूल्य समय दिनुहुने शोध निर्देशक एवम् शैक्षिक  योजना तथा व्यवस्थापन विभागका विमागीय प्रमुख श्रद्धेय गुरु श्री लक्ष्मीकुमार श्रेष्ठ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस कार्यमा अति आवश्यक सुझाव र सहयोग प्रदान गर्नुहुने आदरणीय गुरुहरु द्वय श्री खग्रेन्द्र लुइटेल र श्री केशवराज भट्टराई प्रति कुतज्ञ छु ।

अनुसन्धानका लागि सूचना संकलनमा सहयोग पुऱ्याउनु हुने काकरभिट्टा श्रोतकेन्द्र अन्तरगतका प्रा.वि., नि.मा.वि. र मा.वि.का विद्यालय व्यवस्थापन समितिका पदाधिकारी प्रधानाध्यापक, शिक्षकका साथै जिल्ला शिक्षा कार्यालय झापाका जिल्ला शिक्षा अधिकारी ,विद्यालय निरीक्षक र श्रोतव्यक्तिहरु प्रति पनि आभार प्रकट गर्दछु । अन्त्यमा शोध पत्रलाई मूर्तरुप दिन टंकण, भाषा सम्पादन र कम्प्यूटर सेटिङ गरी सहयोग गर्नुहुने सम्पूर्णलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

पुष्प बहादुर बस्नेत
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपूर, मोरङ

# शोधसार

"विद्यालय सुपरिवेक्षणको प्रभावकारिता" शीर्षक अन्तरगत गरिएको यस शोधकार्यको मुख्य उद्देश्य सामुदायिक विद्यालयहरुमा विद्यालय सुपरिवेक्षणको कार्यान्वयन पक्षको विश्लेषण गर्नु रहेको छ । यस अनुसन्धान कार्यमा परिमाणात्मक र गुणात्मक दुवै किसिमका विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलनको लागि प्रश्नावली, स्थलगत अध्ययन अवलोकन फारम र अन्तरवार्ता जस्ता साधनको प्रयोग गरिएको छ । जनसंख्या छनौटका लागि १२ वटा सामुदायिक विद्यालयका १२ जना प्र.अ., २४ जना शिक्षक, १२ जना वि.व्य.स. अध्यक्ष, श्रोतब्यक्ति, वि.नि. र जि.शि.अ. गरि जम्मा ५१ जनालाई प्रयोग गरिएको छ । स्रोतकेन्द्रका २२ वटा विद्यालय मध्ये १२ वटा विद्यालय छनौट गरिएकाले नमूनाको आकार ५४.५४% निर्धारित गरिएको छ । तथ्याङ्कको श्रोतको रुपमा प्राथमिक र द्वितीय दुवै श्रोत प्रयोग गरिएका छन् । तथ्याङ्कलाई तालिका, स्तम्भ चित्र, वृत्त चित्रमा प्रस्तुत गरी प्रतिशत, औसत तथा सह-सम्बन्ध जस्ता मानहरु प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

सुपरिवेक्षणको वर्तमान अवस्थाको पहिचान गर्न स्थलगत अध्ययन अवलोकन फारमको माध्यमबाट विद्यालयका भौतिक अवस्थाको पहिचान गरिएको छ भने विद्यार्थी विवरण बाट विद्यार्थी चापको विश्लेषण गरिएको छ । यसैगरी विद्यालयको विद्यार्थी संख्या र शिक्षक दरबन्दी संख्याबाट शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरिएको छ । विद्यालयको निरीक्षक पुस्तिकामा उल्लेख भए अनुसार विद्यालय सुपरिवेक्षणसँग सम्वन्धित सरोकारवालाहरुले वर्षभरीमा विद्यालय निरीक्षण गरिएको पटकको गणना गरिएको छ । प्रश्नावलीहरुको माध्यमबाट विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गर्न जि.शि.अ.,वि.नि, श्रोतव्यक्ति, वि.व्य.स. पदाधिकारीहरु, प्र.अ. र शिक्षकहरुको प्रतिक्रियाको विश्लेषण गरिएको छ । विद्यालय सुपरिवेक्षणको प्रभावकारिता अध्ययनको सिलसिलामा शिक्षक र प्र.अ.को सह-सम्बन्धको गुणाङ्क गणना गरिएको छ भने सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभावको अध्ययन गर्न परीक्षाको नतीजालाई प्रभावकारी सुपरिवेक्षण सँग तुलना गरिएको छ ।

अध्ययनले यस क्षेत्रका विद्यालयको भौतिक अवस्था सन्तोषजनक रहेको पाइएको छ । प्रा.वि.हरुमा विद्यार्थी संख्या घट्दो क्रममा रहेको देखिन्छ  भने नि.मा.वि र मा वि.मा पनि यसको असर क्रमशः पर्दै गरेको कुरा तथ्यांङ्कले सावित गरेको छ। शिक्षक दरवन्दी पनि विद्यार्थी संख्याको आधारमा मिलान गर्न नसकिएको देखिन्छ । फलस्वरुप प्रा.वि.र मा.वि.मा भन्दा नि.मा.वि.मा विद्यार्थी संख्याको आधारमा दरबन्दी न्यून रहेको छ ।  सुपरिवेक्षण गर्ने क्रममा श्रोतव्यक्तिद्वारा वर्षमा ३ पटक सम्म सुपरिवेक्षण गरेको पाइन्छ भने वि.नि र जि.शि.अ.द्वारा वर्षमा एक पटक सम्म पनि सुपरिवेक्षण कार्य हुन नसक्दा विद्यालय सुपरिवेक्षण प्रभावकारी वन्न नसकि शैक्षक उपलब्धि पनि न्यून रहेको पाइन्छ । प्र.अ. को नियुक्ति र वि.व्य.स.को गठनमा राजनैतिक प्रभाव परेकोले सुपरिवेक्षण कार्यमा सक्षम व्यक्ति प्र.अ.मा नियुक्ति हुन नसकेको र वि.व्य.स.का पदाधिकारी पनि शैक्षिक क्षेत्रमा हरेक पक्षमा सक्षम हुन नसकेको पाइन्छ । विद्यालयको भौतिक अवस्था सुदृढ छ ,आर्थिक अवस्था राम्रो छ र शिक्षक दरवन्दी आवश्यकता अनुसार प्रयाप्त छ भन्दैमा शैक्षिक गुणस्तर वृद्धि हुन्छ भन्न सकिन्न , त्यसको निरन्तर सुपरिवेक्षण र अनुगमन हुनु जरुरी छ । उचित तरिकाले सुपरिवेक्षण र अनुगमन गर्न सक्षम व्यक्तिको आवश्यककता पर्छ । त्यसैले प्र.अ नियुक्ति गर्दा प्रा.वि.का लागि आइ.एड.,नि.मा.वि.का लागि वि.एड र मा.वि.का लागि शिक्षा विषयमा एम.एड. गरेका ब्यक्ति हुनुपर्छ । त्यसरी नै श्रोतव्यक्ति तथा वि.नि.हुन शैक्षिक योजना तथा व्यवस्थापन विषयमा एम.एड गरेको व्यक्तिलाई खुल्ला प्रतिष्पर्धाद्वारा नियुक्ति गरिनु पर्छ । वि.व्य.स.का पदाधिकारीहरु छनौट गर्दा सुपरिवेक्षण सम्वन्धी ज्ञान भएका शिक्षित व्याक्तिहरुलाई मात्र छनोट गरिनु पर्छ र सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी पूर्णरुपमा वहन गर्नुपर्दछ । मैले कति गर्नुपर्ने हो ? कति गर्दैछु भनेर स्व मुल्यांङ्कन गर्नु र आफ्नो पेशा प्रति बफादारी बन्नु सवै भन्दा उचित हुन्छ भन्ने सुझाव प्रस्तुत गरिन्छ ।

## विषय-सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | सिफारिस-पत्र | I |
| | स्वीकृति-पत्र | II |
| | कृतज्ञता ज्ञापन | III |
| | सोधसार | IV |
| | विषय-सूची | VI |
| | तालिका-सूची | IX |
| | चित्र-सूची | IX |
| | सङ्क्षिप्त शव्दहरुको पूरा रुप | X |

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ | अध्ययनको परिसीमा | १० |
| १.७ | शव्दहरुको परिभाषा | १० |

**परिच्छेद : दुई**

**सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | | |
|---|---|---|
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ | सैद्धान्तिक खाका | १७ |
| २.३ | शैक्षिक उपादेयता | १९ |

## परिच्छेद : तीन

## अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | २१ |
| ३.२ | तथ्याङ्क संकलन प्रकृया | २१ |
| ३.२.१ | जनसंख्याको छनोट | २१ |
| ३.२.२ | नमुनाको आकार | २२ |
| ३.२.३ | नमुना छनोटको विधि | २२ |
| ३.२.४ | नमुना छनोटको आधार | २२ |
| ३.३ | अनुसन्धानका साधनहरु | २२ |
| ३.४ | तथ्याङ्कका श्रोतहरु | २३ |
| ३.५ | तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या | २३ |


## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण  र व्याख्या


| | | |
|---|---|---|
| ४.१ | विद्यालय सुपरिवेक्षणको विद्यमान अवस्था | २४ |
| ४.१.१ | विद्यालयको भाौतिक पक्ष | २४ |
| ४.१.२ | विद्यार्थी चाप. | २६ |
| ४.१.३ | शिक्षक दरवन्दी | २८ |
| ४.१.४ | शिक्षक विद्यार्थी अनुपात | २९ |
| ४.१.५ | विद्यालय निरीक्षण/सुपरिवेक्षण सम्बन्धी विवरण | ३१ |
| ४.१.६ | विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया | ३५ |
| ४.१.६.१ | सुपरिवेक्षण सम्बन्धी जि.शि.अ.को प्रतिक्रिया | ३५ |
| ४.१.६.२ | सुपरिवेक्षण सम्बन्धी वि.नि.को प्रतिक्रिया | ३६ |
| ४.१.६.३ | सुपरिवेक्षण सम्बन्धी  श्रोतव्यक्तिको प्रतिक्रिया | ३७ |
| ४.१.६.४ | सुपरिवेक्षण सम्बन्धी  वि.व्य.स पदाधिकारीहरुको प्रतिक्रिया | ३८ |
| ४.१.६.५ | सुपरिवेक्षण सम्बन्धी प्र.अ.को प्रतिक्रिया | ३९ |
| ४.१.६.६ | सुपरिवेक्षण सम्बन्धी शिक्षकहरुको प्रतिक्रिया | ४१ |
| ४.२ | विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभाव | ४४ |
| ४.२.१ | शिक्षक र प्र.अ.हरुको प्रतिक्रियाको विश्लेषण | ४४ |

४.२.२ शैक्षिक उपलब्धिमा सुपरिवेक्षणको प्रभाव ४७
४.३ विद्यालय सुपरिवेक्षणका समस्याहरु ५१
४.३.१ नीतिगत समस्याहरु ५२
४.३.२ व्यवहारिक समस्याहरु ५२
४.३.३ स्थानीय समस्याहरु ५३
४.४ समस्या समाधानका सम्भावित उपायहरु ५४
४.४.१ सम्भावित नीतिगत उपायहरु ५४
४.४.२ व्यवहारीक तथा स्थानीय स्तरमासमाधान गर्न सकिने सम्भावित उपायहरु ५५

## परिच्छेद : पाँच

## प्राप्ति,निष्कर्ष र सुझाव

५.१ प्राप्ति ५६
५.२ निष्कर्ष ५७
५.३ सुझावहरु ५९
सन्दर्भ सामग्री
अनुसूचीहरु

| तालिका | **तालिका-सूची** | पेज नं. |
|---|---|---|
| १ | विद्यालयको भौतिक अवस्था | २५ |
| २ | शिक्षक विद्यार्थी अनुपात | २९ |
| ३ | यथार्थ निरीक्षण पटक प्रतिवर्ष | ३२ |
| ४ | वि.व्य.स. पदाधिकारीको प्रतिक्रिया | ३८ |
| ५ | प्र.अ. हरुको प्रतिक्रिया | ४० |
| ६ | शिक्षकहरुको प्रतिक्रिया | ४२ |
| ७ | सुपरिवेक्षणको प्रभावकारिता प्रति शिक्षक तथा प्र.अ. हरुका प्रतिक्रिया | ४४ |
| ८ | सह-सम्वन्ध निकाल्न चाहिने तालिका | ४५ |
| ९ | विगत तीन वर्षको एस.एल.सी. परीक्षाको नतीजा (प्रतिशत) | ४९ |

| चित्र | **चित्र-सूची** | पेज नं. |
|---|---|---|
| १ | औसत विद्यार्थी संख्याको स्तम्भ चित्र | २७ |
| २ | प्रति शिक्षक विद्यार्थी संख्याको स्तम्भ चित्र | ३० |
| ३ | निरीक्षणको तुलनात्मक वृत चित्र | ३३ |
| ४ | कक्षा ५,८ र १० को तीन वर्षको नतीजाको तुलनात्मक स्तम्भ चित्र | ४८ |
| ५ | श्रोतकेन्द्र, जिल्ला र केन्द्रको एस.एल.सी. परीक्षाको नतीजाको तुलनात्मक स्तम्भ चित्र | ५० |

# सङ्क्षिप्त शब्दहरुको पूरा रुप

आ.प्रा.शि.प. : आधाभुत तथा प्राथमिक शिक्षा परियोजना

गा.वि.स . : गाउँ विकाश समिति

गा.शि.स. : गाउँ शिक्षा समिति

जि.शि.का. : जिल्ला शिक्षा कार्यालय

जि.शि.स. : जिल्ला शिक्षा समिति

नि.मा.वि.नि. : निम्न माध्यमिक विद्यालय निरीक्षक

प्र.अ. : प्रधान अध्यापक

प्रा.वि.नि. : प्राथमिक विद्यालय निरीक्षक

मा.वि.नि. : माध्यमिक विद्यालय निरीक्षक

रा.शि .प.यो. : राष्ट्रिय शिक्षा पद्धतिको योजना

वि.नि. : विद्यालय निरीक्षकः

वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति

वि.स. : विक्रम सम्वत्

क्षे.शि.नि. : क्षेत्रीय शिक्षा निर्देशनालय

*T.I.P : Teaching Improvent Plan*

*S.L.C. : School Leaving Certificate*

# परिच्छेद : एक

# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा परिवर्तनको सोपान हो । त्यसैले मानव सभ्यताको विकास सँगै चेतनाको पनि वृद्धि हुदै गएको पाइन्छ । यस्तो चेतना फैलाउने काम शिक्षाको हो । शिक्षाको विकास मानव सभ्भताको विकास सँगसँगै हुदै गएकोले शिक्षाले नै मानिसको व्यक्तित्व विकास गर्नुका साथै प्रतिभाको प्रस्फुटन गर्दछ । यसकारणले शिक्षालाई मानव विकासको सशक्त र अपरिहार्य तत्वको रुपमा लिइन्छ । शिक्षा विना पूर्ण मानवको कल्पना गर्न सकिँदैन । मानव एक चेतनशिल एवम् सृजनशिल प्राणी भएकोले उसमा भाषाको विकास र सामाजिक विकाश भएको मानिन्छ । मानव एउटा सामाजिक प्राणी भएकाले समाजका हरेक समस्याको समाधान गर्ने क्रममा चेतनाको आवश्यकता पर्दछ । शिक्षाको सुरुवात सँग सँगै विभिन्न किसिमका खोज र नयाँ नयाँ प्रवर्तनहरु हुँदै गएको पाइन्छ । जसको फलस्वरुप शिक्षाको विकास समयको परिवर्तित सन्दर्भ सँगै नयाँ युगमा प्रवेश गरेको हो । यो युगले मानिसलाई शिक्षाको खोजमूलक वा अनुसन्धानमूलक कार्यमा लाग्न प्रेरित गरेको छ । हिजोको दाँजोमा वर्तमान अवस्था निकै जटिल र चुनौतीपूर्ण रहेको छ । यो चुनौतीलाई सामनागर्न शिक्षाले आधार प्रदान गर्दछ । त्यो आधार गुणस्तरीय शिक्षा, गुणस्तरयुक्त शिक्षक, शैक्षिक प्रविधिहरु तथा शैक्षिक सुपरिवेक्षण आदि जस्ता कुराहरुबाट प्राप्त गर्न सकिन्छ ।

तसर्थ कुनै पनि संघ सङ्गठन तथा संघ संस्था एवम् सरकारी होस वा गैर सरकारी कार्यालयहरुको आ-आफनै किसिमको नियम, कानून, विधान तथा कार्यपद्धतिहरु निर्धारित गरिएका हुन्छन् । तोकिएका नीति, नियमको उचित पालना गर्दै अगाडी वढेमा मात्र कुनै पनि संगठनले आफ्नो लक्ष हासिल गर्न सक्छ । जसरी एउटा कारखानाको मेसिन सुचारु रुपले चल्नका निम्ति उक्त मेसिनका हरेक पार्ट पुर्जाहरुले काम गर्नु जरुरी हुन्छ, ठीक त्यसरि नै कुनै पनि संङ्गठन सुचारु रुपले सञ्चालित भई लक्ष हासिल गर्नका निम्ति त्यसमा कार्यरत सम्पूर्ण व्यक्ति वा पक्षले आ-आफ्नो भूमिका उचित तरिकाले पुरा गर्नुपर्ने हुन्छ । जसरी मेसिनको कुनै एउटामात्र पूर्जाले राम्रोसँग काम गर्न नसक्दा मेसिनको समस्त कार्यमा वाधा अड्चन आई उत्पादन कार्य रोकिने वा विग्रने हुन्छ, त्यसरी नै कुनै पनि संगठनमा

एउटा मात्र व्यक्तिले आफ्नो जिम्मेवारी पुरा नगर्दा सम्पूर्ण संगठनको ख्याति र अस्तित्व माथि नै प्रश्न चिन्ह खडा हुन पुग्दछ ।

त्यसैले कुनै पनि राष्ट्रका वाल वालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयोजनका लागि विशेष सामाजिक संस्थाका रुपमा विद्यालयहरु स्थापना गरिएका हुन्छन् । तिनीहरुकै लागि सम्पूर्ण शैक्षिक प्रकृया केन्द्रित भएको हुन्छ । सम्पूर्ण शैक्षिक प्रकृयालाई नै सुधार गर्ने लक्ष सुपरिवेक्षणको रहेको हुन्छ । सुपरिवेक्षण व्यवस्थापनको एउटा अभिन्न अङ्ग पनि हो । विद्यालय कसुपरिवेक्षण कार्यलाई शिक्षाको मेरुदण्डको रुपमा लिइन्छ । कुनै पनि क्षेत्रमा विद्यालय सञ्चालन गर्नु मात्र ठुलो विषय होईन, त्यसको सुपरिवेक्षण महत्वपूर्ण कुरा हो ।  हाल आएर विभिन्न दातृ राष्ट्रहरुले शिक्षा क्षेत्रमा ठूलो लगानी  गरिरहेका छन् । विद्यालयमा विभिन्न्न निकाय संघ संस्थावाट गरिने लगानी मुताविकको प्रतिफल निकाल्न त्यसको सँग सँगै अनुगमन तथा सुपरिवेक्षणले गहन भूमिका खेल्दछ । शिक्षा क्षेत्रमा गरिने लगानी र प्रयासहरुमा अस्तब्यस्त हुन नदिई समय सान्दर्भिक लगानी अनुकुल उद्देश्योन्मुख र प्रतिस्पर्धात्मक बनाउन त्यो क्षेत्रमा निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यको थालनी भएको हो । निरीक्षण तथा सुपरिवेक्षणलाई सामाजिक, मनोवैज्ञानिक र शैक्षिक प्रकृयाका रुपमा परिमार्जित गरिन्छ । शिक्षाको कार्यकुसलता तथा व्यावसायिक दक्षता अभिवृद्धि गरी विद्यार्थीको शैक्षिक उपलव्धि र शिकाइमा सुधार ल्याउने कार्य सुपरिवेक्षणको हो । विद्यालयमा सुपरिवेक्षण भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा गरिने अध्ययन अध्यापन क्रियाकलाप र शैक्षिक कार्यक्रममा प्रभावकारिता ल्याउन विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक, भौतिक तथा मानवीय साधनहरुको यर्थाथ अध्ययन गरी आवश्यकता अनुसार सुधार तथा विकास गर्न दिइने निर्देशन र सुझाव तथा त्यस सम्वन्धी गरिने अन्य क्रियाकलापलाई वुझीन्छ (वाग्ले,२०६५) ।

अतः सुपरिवेक्षण शव्द  अंग्रेजी  भाषाको “सुपरभिजन” को नेपाली रुपान्तरण हो । यहाँ “सुपर” भन्नाले राम्रो अर्थात दिव्य र भिजन भन्नाले  हेराई अर्थात दृष्टी हुन आउँछ । तसर्थ सुपरिवेक्षण भनेको राम्रो हेराई वा दिब्यदृष्टी हो भन्न सकिन्छ (शर्मा,२०५७)। शिक्षा क्षेत्रमा यसलाई जोडेर हेर्दा यसमा भए गरेका कामहरुलाई राम्रोसँग रेखदेख गर्नुलाई सुपरिवेक्षण भनिन्छ । हाम्रो देशको सन्दर्भमा विद्यालयका प्र.अ. देखि लिएर वि.व्य.स.,श्रोतव्यक्ति, वि.नि, क्षे.शि.नि. तथा केन्द्रले खटाएका उच्च पदस्थ कर्मचारीहरु समेतलाई सुपरिवेक्षण गर्न जिम्मा दिएको छ । वास्तवमा शिक्षा क्षेत्रमा रहेका थुप्रै विकृती,

विसंगतिहरुलाई हटाउँदै शैक्षिक गुणस्तर कायम गर्नु नै सुपरिवेक्षणको आवस्यकता पर्दछ । प्रभावकारी सुपरिवेक्षणले शिक्षक विद्यार्थी, सुपरिवेक्षक तथा सम्पूर्ण सरोकारवाला व्यक्तिहरु वीच मानवीय सम्वन्धको विकाश गराई गुर्णात्मक शिक्षाको विकाशका लागि उचित भूमिका निर्वाह गर्दछ (शाही, २०६३) ।

सुपरिवेक्षणलाई शुरु शुरुमा निरीक्षण तथा सुपरिवेक्षकलाई निरीक्षक भनिन्थ्यो । साथै यस कार्यलाई एक नितान्त प्रशासनिक कामको रुपमा लिने गरिन्थ्यो । तर आज यस्तो परिपाटीलाई एक संकुचित एवम् परम्परावादी सोच मात्र हो भनी शैक्षिक सुधारका लागि यो प्रयाप्त नभए कै कारण यस क्षेत्रमा नौला धारणाहरु विकास भएका छन् । निरीक्षण भन्दा सुपरिवेक्षणले निकै व्यापक अर्थ ओगटेको हुन्छ । यहाँ निरिक्षण सुपरिवेक्षणको एक अङ्गमात्र हुन सक्छ तर यसलाई समानार्थी शव्दको रुपमा लिनु वान्छनीय हुँदैन । वास्तवमा शैक्षिक सुपरिवेक्षण भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि गरिने सम्पूर्ण प्रयासहरुलाई सम्झनुपर्दछ । सुपरिवेक्षण वास्तवमा के हो ? भन्ने सवालमा विभिन्न विद्धानहरुले दिएका परिभाषाहरुलाई निम्नानुसार उल्लेख गरिएको  छ ।

*Bruton* का अनुसार सुपरिवेक्षणको उद्देश्य शिक्षण कार्यमा सुधार गर्नु हो भने *Adams* and *Dickey* का अनुसार सुपरिवेक्षण शिक्षण सुधारका लागि एक योजनावद्ध कार्यक्रम हो । यसैगरी *Briggs and Justmam* का अनुसार सुपरिवेक्षणको मतलव शिक्षकहरुको विकाशका लागि समुन्वय गर्नु ,अभिप्रेरित गर्नु र निर्देशित गर्नु हो । *Good* का अनुसार निरिक्षणले मुलतः तीनवटा क्रियाकलापहरुलाई वोध गराउँछ, ति हुन । :(क) शिक्षण सुधारका निम्ति शिक्षक तथा अन्य सम्वन्धित व्यक्तिहरुलाई नेतृत्व प्रदान गर्नु । (ख) शिक्षाको व्यावसायिक दक्षतामा वृद्धि गर्नु । (ग) शैक्षिक उद्देश्य, शैक्षिक सामग्री तथा शिक्षण विधिको छनोट, संशोधन, परिमार्जन र सुधार गर्नु । अर्को तर्फ *Jon A Bartky* ले राम्रो सुपरिवेक्षणले सँधै शिक्षाको विकाश, विद्यार्थीको वृद्धि र शिक्षण सिकाई प्रकृयाको सुधारमा सम्वन्ध राख्दछ, भन्नु भएको छ (शर्मा, २०५७) ।

शैक्षिक सुपरिवेक्षणको उत्पत्ति पनि शिक्षण प्रकृयाको सँगसँगै भएको मानिन्छ । अनौपचारिक रुपमा मानिसले मठ, मन्दिर, गुम्बा तथा चैत्यहरुवाट शिक्षा आर्जन गर्ने क्रम सँगसँगै नजानिदो रुपमा शैक्षिक सुपरिवेक्षणले आफ्नो गति लिएतापनि औपचारिक रुपमा विद्यालय स्थापना भएपछि विद्यालयलाई एउटै कसि भित्र राख्ने उद्देश्यले शैक्षिक सुपरिवेक्षण सुरु भएको मानिन्छ । औपचारिक रुपमा यसको सुरुवात सन १८१२ मा न्यूयोर्कमा

सुपरिवेक्षण सम्वन्धि एउटा विधेयक *(Bill)* पारित गरेर शैक्षिक सुपरिवेक्षणको औपचारिक रुप देखा परेको हो । यस शैक्षिक सुपरिवेक्षणले औपचारिक रुप धारणा गरेपछि यसको विकास क्रमलाई विभिन्न विद्वानहरुले विभिन्न रुपमा उल्लेख गरेको पाइन्छ । *I.N. Naxture* का अनुसार यसको विकाश क्रमलाई निम्न चार चरणमा विभाजन गरी अध्ययन गरेको पाईन्छ (पौड्याल, २०६३) ।

सन् १६४२ देखि १८७५ सम्मको अवधिलाई प्रशासनिक निरीक्षण काल भनेर चिनिन्छ । यस कालमा अविज्ञ व्यक्तिहरु *(Laymen)* तथा चर्चका पादरिहरु *(Clergy)* द्वारा विद्यालय चले नचलेको, विद्यालयको भौतिक अवस्था ठीक भए नभएको जस्ता वाह्य पक्षको मात्र निरीक्षण गर्ने गरिन्थ्यो । सन् १८७६ देखि १९३६ सम्मको अवधिलाई दक्षता अभिमुखिकरण काल भनिन्छ । यस अवधिमा निरिक्षकले निरिक्षणमा सिकाईका उत्तम विधिहरुको प्रतिपादन गर्ने र ती विधिहरु अधिकतम मात्रामा प्रयोग गराउनुपर्ने कुरामा जोड दिईन्थ्यो । सामुहिक सहयोगात्मक काल सन् १९३७ देखी १९५९ को समयावधिमा वैज्ञानिक सिद्धान्तको सट्टा मानव सम्वन्ध, प्रजातान्त्रिक प्रकृया मानविय सामुहिक प्रकृयाको रुपमा निरिक्षण गर्नुपर्ने कुरामा जोड दिएको पाईन्छ । यसरि नै सन् १९६० पछिको अवधिलाई अनुसन्धान अभिमुखिकरण कालको रुपमा चिनिन्छ । जसमा विज्ञान र प्रविधिको विकास सँगसँगै शैक्षिक सुपरिवेक्षणमा पनि अनुसन्धान , खोज तथा प्रयोगले देखाएका नविनतम् उपलव्धिहरुले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ अर्थात अध्ययन अनुसन्धानवाट प्राप्त नतीजाका आधारमा मात्र समस्याको समाधान हुनुपर्छ भन्ने नविन धारणा वोकेको पाइन्छ ( अधिकारी, २०६५) ।

नेपालको परिपेक्षमा शैक्षिक विकाशको क्रम सँगसँगै शैक्षिक सुपरिवेक्षणको विकाश क्रमलाई हेर्दा प्राचिन काल, लिच्छविकाल, मल्लकाल तथा एकिकरण अवधिको समयमा शिक्षा र सुपरिवेक्षणको खासै उल्लेखनीय विकाश भएको पाइँदैन । वि.सं १९०३ मा राणा शासनको उदय भए पश्चात जंगवहादुर राणाको पालामा वि.सं १९१० मा दरवार स्कूलको स्थापना गरी औपचारिक शिक्षाको थालनी गरेपछि मात्र शैक्षिक सुपरिवेक्षणको औपचारिक थालनी "मिस्टर रोस" लाई सुपरिवेक्षक तोकिएपछि सुरु भएको मानिन्छ । तर विद्यालय सुपरिवेक्षणको सुरुवात भने वि.सं. १९९८ मा " चिफ इन्पेक्टर अफ स्कूल अफिस " को स्थापना भएपछि मात्र भएको मानिन्छ । वि.सं. २००४ सालमा अधिराज्यभरी निरीक्षण गर्ने गरी तीनवटा "डिपुटी इन्सपेक्टर अफ स्कूल अफिस" स्थापना गरियो भने वि.सं. २०१०

सालमा सातवटा “डिविजनल इन्पेक्टर अफ स्कूल अफिस” खोलिए । यसरिनै २०१८ सालमा १४ अञ्चलमा अञ्चल शिक्षा अधिकारी र ७५ जिल्लामा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना गरी निरीक्षण कार्यलाई व्यापक र विस्तृत वनाएको पाइन्छ । राष्ट्रिय शिक्षा योजना आयोग २०१० र सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को प्रतिवेदन अनुसार सुपरिवेक्षणमा भएको व्यावस्थालाई राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु गरी व्यापक र व्यावहारिक वनाइयो । रा.शि.प.यो. २०२८ लागू भएपछि ७५ वटै जिल्लामा शिक्षा अधिकारी र हरेक जिल्लामा प्रा.वि.नि., नि.मा.वि.नि र मा.वि .नि.को व्यवस्था भएको पाइन्छ । यसै योजना पछि सुपरिवेक्षण पद्धति वस्तुगत, वैज्ञानिक एवंम् आधुनिकीकरण तर्फ उन्मुख भएको पाईन्छ । यसकै मध्यावधि मूल्याङ्कन (२०३२) र पूर्णावधि मुल्याङ्कन (२०३७) पछि विद्यालय निरीक्षणलाई संस्थागत र प्रभावकारी वनाउन चरणवद्ध रुपमा निरीक्षण एकाई परियोजना लागु गर्ने निर्णय भएको थियो । तर परियोजना सवै जिल्लामा लागुहुन सकेन । वि.स.२०४९/०५० साल देखि चरणगत रुपमा चालीस जिल्लामा लागु गरिएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम चरण र वि.सं. २०५६ /०५७ देखि सुरु भएको आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम दोश्रो चरणमा समेत शिक्षण सिकाई क्रियाकलापलाई शैक्षणिक कार्यक्रमको केन्द्र विन्दुको रुपमा हेरी सोको सुधारको लागि विद्यालय निरीक्षणको भूमिकालाई प्रभावकारी वनाउन खोजिएको पाइन्छ । २०६१/०६२ देखि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम तेश्रो चरणलाई सवैको लागि शिक्षा *(EFA)* कार्यक्रमको रुपमा परिवर्तन गरी लागू गरेको पाइन्छ (वाग्ले,२०६५) ।

२०४६ सालको प्रजातन्त्रको पूनः स्थापना पश्चात गठीत राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सिफारिस वमोजिम र उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५अनुसार विद्यालयमा निरीक्षक र श्रोतकेन्द्रहरुमा श्रोतव्यक्तिको माध्यमबाट विद्यालय निरीक्षण गर्ने व्यवस्था मिलाइएको पाइन्छ । २०६१/०६२ देखि “सवैका लागि शिक्षा” कार्यक्रमका अलावा माध्यमिक शिक्षा सहयोग कार्यक्रम समेत लागु भएको छ । यी कार्यक्रमहरुमा शैक्षिक सुपरिवेक्षणको उचित व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ को सातौं संशोधन पछि शिक्षा नियमावली २०५९ मा विद्यालय सुपरिवेक्षणलाई विशेष महत्व प्रदान गरी प्र.अ., वि.व्य.स., वि.नि., जि.शि.अ.,क्षेत्रिय निर्देशकको सुपरिवेक्षण सम्वन्धि काम कर्तव्य र अधिकार समेत स्पस्ट व्यावस्था गरिएको पाइन्छ (पौड्याल, २०६२) ।

उपरोक्त वमोजिमको शैक्षिक क्षेत्रको महत्वपूर्ण पक्ष विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी वनाउने विभिन्न प्रयासहरु भएता पनि विद्यालयले अपेक्षित सिकाइ उपलब्धि हाँसित गर्न सकिरहेका छैनन् । विभिन्न सुचकहरु, तथ्याङ्कहरु हेर्दा तथा सम्वन्धित सरोकारवाला व्यक्तिहरुको गुनासो सुन्दा यस जिल्लामा पनि प्रभावकारी शैक्षिक सुपरिवेक्षण हुन नसकिरहेको, सुपरिवेक्षण भै हालेपनि केवल भेटघाटमा तथा औपचारिकतामा मात्र सिमित रहेको गुनासाहरु आईरहेको सर्न्दभमा के कति कारणले गर्दा यसो भएको हो ? यो निराधार र कपोल कल्पित भनाई वा आरोप मात्र पो हो कि ? प्रभावकारी सुपरिवेक्षण हुन नसक्दा पो शैक्षिक गुणस्तर गिर्दो अवस्थामा रहेको हो कि ? यी कुराहरुको निर्क्योल गर्न यस श्रोतकेन्द्रका विद्यालयहरुको शैक्षिक गुणस्तरमा शैक्षिक सुपरिवेक्षणको के कस्तो प्रभाव परेको छ ? विद्यालयको शैक्षिक गुणस्तर के कस्तो छ ? शिक्षण सिकाइलाई प्रभावकारी वनाउन शिक्षकहरुले कक्षा कोठा भित्र के कस्ता विधि तथा तरिकाहरु अपनाउँदै आएका छन् ? विद्यालय सुपरिवेक्षणमा कतिको नियमितता र निरन्तरता छ? शिक्षक, प्रधानाध्यापक, वि.व्य.स., निरीक्षकहरुको सुपरिवेक्षणको प्रभावकारितावाट विद्यार्थीहरुले कत्तिको गुणस्तरीय शिक्षा आर्जन गर्दै सिकाई उपलब्धि हाँसिल गर्न सफल भएका छन् ? जिल्ला शिक्षा कार्यालयले के कस्तो सुपरिवेक्षण रणनीति तथा कार्यनीति अपनाउँदै आएको छ ? वि.नि. तथा श्रोत व्यक्तिले यस विषयमा के कस्तो भूमिका खेल्दै आएका छन् ? आदि कुराहरुको वारेमा झापा जिल्लाको काँकडभिट्टा श्रोतका विद्यालय हरुको समग्र शैक्षिक स्थिती, सुपरिवेक्षणमा आईपरेका वाधा व्यवधान तथा समस्याहरु, सुपरिवेक्षकले दिएका निर्देशन, सुझाव तथा सल्लाहको कार्यान्वयन पक्षहरु र विद्यार्थीहरुको शैक्षिक उपलब्धि (वार्षिक परीक्षाको नतीजा) समेतको आधारमा व्यापकताका साथ सोध खोज गरी अध्ययन गर्न यो शोध पत्र "विद्यालय सुपरिवेक्षणको प्रभावकारिता" तयार गरिएको छ । यो अध्ययनवाट सम्वन्धित सवै पक्षलाई शिक्षण सिकाइमा सुधार ल्याउन सृजनात्मक, गतिशिलता र विज्ञ प्राविधिक सेवा दिन शिक्षक र विद्यार्थीलाई निरन्तर शैक्षिक विकाशमा उत्प्रेरित गर्ने खालका शैक्षिक कार्यक्रम तथा योजना तयार गर्न सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा कुनै पनि देशको सवाङ्गिण विकाशको आधार हो । संयुक्त राष्ट्रसंघ को सन् १९७० को साधारण सभाले पारित गरेको "विकाशको अवसर सवैलाई समान रुपमा प्रदान गरिनु पर्दछ" भन्ने प्रस्ताव सन् १९५० मा जेनेभामा भएको अन्तरराष्ट्रिय सम्मेलनमा

अविकसित देशमा प्राथमिक शिक्षालाई विश्व व्यापी स्वतन्त्र र अनिवार्य गर्ने प्रस्ताव र सन् १९९० मा थाइलेण्डको जोमटेनमा भएको “सवैका लागि शिक्षा” विश्व सम्मेलनले शैक्षिक अवसर विस्तार गर्ने प्रतिवद्धता जाहेर गऱ्यो । डकार सम्मेलन सन् २००० ले त्यसै प्रतिवद्धता लाई पुनः दोहोऱ्याउँदै सन् २०१५ सम्म सवैलाई शिक्षा दिने सोच वनायो । हाम्रो जस्तो सिमित आर्थिक श्रोत भएको देशमा शिक्षालाई प्राथमिकता दिएर सम्पूर्ण वार्षिक वजेटको १५ देखि २० प्रतिशत सम्म वजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको देखिन्छ तर अनेक कठिनाईहरुका कारण शिक्षाको पहुँच सर्वसाधारणमा पुग्न सकेको छैन । यसैगरी शैक्षिक क्षेत्रको महत्वपूर्ण पक्ष सुपरिवेक्षण प्रणलीलाई व्यवहारिक र प्रभावकारी वनाउने विभिन्न प्रयासहरु भएपनि अपेक्षित उपलव्धि प्राप्त हुन सकिरहेको छैन ।

शिक्षा नियमावली २०५९ (तेश्रो संशोधन, २०६२) ले तोके अनुसार सम्वन्धित व्यक्ति तथा संस्थाले ऐन नियममा उल्लेखित कार्यको जिम्मेवारी सफलता पूर्वक वहन गरेको पाइँदैन । सुपरिवेक्षणले विद्यालयको भौतिक साधन, विद्यालयको वातावरण लगायत शिक्षण सिकाइ क्रियाकलपमा समूचित प्रभाव पार्न सकेको छैन । विद्यालय सुपरिवेक्षणको प्रमुख कार्य कक्षा अवलोकन गरी शिक्षण सिकाइमा गुणस्तरीय सुधार ल्याउनु हो तर निरीक्षकहरुले प्रशासनिक र भौतिकपक्षमा मात्र बढी जोड दिएको पाइन्छ । शिक्षकहरुको कार्यदक्षता वृद्धि गर्ने खालका कार्यशाला, गोष्ठी, सेमिनार, तालिम आदि प्रभावकारी रुपमा संञ्चालन हुन सकेका छैनन् । विद्यालय निरीक्षकहरु आफ्नो कार्यक्षेत्रमा कम मात्रामा जाने गरेको पाइन्छ र सम्वन्धित पक्षवाट गरिने यस्तो सुपरिवेक्षण, अनुगमन र मुल्याङ्कनले दिगो छाप पारी शैक्षिक सुधार गर्न सकेको देखिँदैन ।

यस जिल्लाका विद्यालयहरुमा सुपरिवेक्षणको प्रभावकारिताको वारेमा हाल सम्म कुनै पनि अनुसन्धानमुलक लेख तथा शोध-पत्र नभेटाईएकोले यस विषयमा अनुसन्धानात्मक अध्ययन गर्न उचित ठानी सोध-पत्रको विषय चयन गरिएको छ ।झापा जिल्लाको काँकडभिट्टा श्रोतकेन्द्रका विद्यालयहरुमा सुपरिवेक्षणको अवस्था के कस्तो छ ? हाल सम्म सुपरिवेक्षण कार्य कसरि संञ्चालन हुँदै आएको छ ? विद्यालयहरुको समग्र शैक्षिक स्तर उकास्नमा सुपरिवेक्षकहरुले के कस्तो भुमिका खेल्दै आएका छन् ? विद्यालय व्यावस्थापन समितिका अतिरिक्त प्र.अ., श्रोत व्यक्ति, वि नि. तथा जि.शि.अ. हरुले आफ्नो जिम्मेवारीलाई के कसरि वहन गर्दै आउनु भएको छ ? भनि अध्ययन गरिएको यस शोध पत्रमा निम्न लिखित कुराहरु अध्ययनको समस्याका रुपमा राखिएका छन् ।

विद्यालयको शैक्षिक सुपरिवेक्षकको हौसियतले प्र.अ. को दक्षता र योग्यताको अभावमा शिक्षण सिकाई क्रियाकलापको प्रभावकारी सुपरिवेक्षण हुन नसक्नु, दरवन्दी अनुसारका निरीक्षकहरुको पद पूर्ति हुन नसक्नु, जिल्लामा कार्यरत निरीक्षकहरु द्वन्द्वका कारण आफ्नो निरीक्षण क्षेत्रमा गई विद्यालय सुपरिवेक्षण कार्य गर्न नसक्नु, विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरुलाई सुपरिवेक्षण कार्य सम्वन्धि जानकारीको अभाव हुनु, गाउँ शिक्षा समिति गठन हुन नसक्नु र गठन भएका ठाउँमा पनि सुपरिवेक्षणको लागि दक्ष जनशक्तिको अभाव हुनु, विद्यालय निरीक्षण/सुपरिवेक्षण कार्यमा खटिएका व्यक्तिहरु कार्यालयको प्रशासनिक एवं अन्य कार्यमा व्यस्त रहनु, शैक्षिक सुपरिवेक्षणको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने प्रवृत्ति नहुनु, प्रभावमूलक कार्यक्रम, तालिम र गोष्ठी संञ्चालन गरी शैक्षिक स्तर माथि उठाउने चिन्तन नदेखिनु, नेपाल सरकारवाट निर्धारित रकम शिक्षक, कर्मचारीलाई तलव खुवाउन मात्र पुग्ने र शैक्षिक सामग्री संकलन तथा निर्माण गर्न, विद्यालय व्यवस्थापनमा सुधार ल्याउन, निरीक्षकहरुलाई प्रयाप्त फिल्ड भत्ताको व्यावस्था हुन नसक्नु आदि छन् ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक क्षेत्रको प्रभावकारिता अध्ययन गर्न तथा कमिकमजोरीहरु समयमा पत्ता लगाई सो सम्वन्धमा उचित परामर्श दिनका लागि सुपरिवेक्षण ज्यादै आवश्यक छ । विज्ञान र प्रविधिले दिन प्रतिदिन नयाँ चुनौति र विषयवस्तुको आविष्कार गरिरहेको सन्दर्भमा त्यसको प्रभाव शिक्षा क्षेत्रमा पर्नु स्वाभाविक रहयो । यो प्रभावले नयाँ नयाँ शैक्षिक सामग्री, शिक्षण विधि र तौर तरिकाको आवश्यकता महशुस भईरहेको छ । विद्यालयमा अद्ययनरत वाल वालिकाहरु मध्ये केही वालवालिकाहरु विद्यालय छोड्ने, अनुत्तीर्ण हुने, स्थानान्तरण हुने जस्ता समस्या विद्यालयमा छन् । सो सम्वन्धमा वेलैमा यसको सुधार गर्न सकिएन भने भावि पिँढीमा यसको नकारात्मक प्रभाव रहने निश्चित छ । शैक्षिक क्षेत्रमा सुधार गर्नका लागि नेपाल सरकारले यस पद्धतिमा ठूलो धनरासी खर्च गरेता पनि आशातित सफलता प्राप्त भएको पाइँदैन । विद्यालय सुपरिवेक्षण कार्यमा संलग्न विभिन्न जनशक्ति तथा निकायहरुको प्रयास शैक्षिक सुधारका लागि प्रयाप्त देखिँदैन ।

विद्यालय सुधारकालागि शिक्षा इस्तीहार १९९६ देखि हाल सम्म शिक्षा सम्बन्धी विभिन्न आयोग तथा समितिहरु वने । त्यसको कार्यान्वयन गर्ने क्रममा विभिन्न समस्याहरु देखा परेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति को योजना (२०२८-३२) को कार्यान्वयन गर्ने

क्रमममा  शिक्षा ऐन २०२८ र शिक्षा निवावली आएको देखिन्छ  । यसै क्रममा विद्यालय निरीक्षक  र विद्यालय संख्याको अनुपातमा निरीक्षक सुपरिवेक्षक तोकेता पनि त्यसको आशातित सफलता हुन सकेन । शिक्षा  ऐनको सातौं सन्शोधन पछि प्रकासित  शिक्षा नियमावली २०५९ जन समक्ष आए पछि विद्यालय सुधारका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, गाउँ शिक्षा समिति, विद्यालय निरीक्षक श्रोतब्यक्ति र जिल्ला शिक्षा अधिकारीको स्पष्ट पदीय जिमेवारी हुँदाहुदै पनि सुपरिवेक्षणमा सुधार हुन सकिरहेको छैन ।

सुपरिवेक्षण कार्यमा विकेन्द्रिकरण गर्ने प्रयासको वावजुद श्रोतकेन्द्रहरु स्थापना गरिएका छन् । यसै सन्दर्भमा शैक्षिक मञ्च (अंङ्क ५, २०५२) मा विद्यालय निरीक्षण सिकाउने र सिक्ने  स्वास्थ बातावरण सृजना गराउने, कार्यभारमा टेवा दिने एक शैक्षिक तथा प्रविधिक सहयोगि  हो , प्रशासक होइन । सफल शिक्षक जीवनको कठोर अनुभव विना निरीक्षक बन्न सक्दैन । साथै नयाँ शिक्षकहरुलाई कुशल र सफल शिक्षक बनाउने कार्यमा निरीक्षकको सहयोगले ठुलो भूमिका खेल्दछ ।  सुपरिवेक्षण कार्यमा के कस्ता समस्याहरु छन ? ती समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ? भन्ने स्पष्ट प्रयास नेपाल सरकारको तर्फबाट भएको देखिँदैन । विद्यालय तहमा संलग्न सर्म्पूण सरोकारवालाहरुको  सुपरीवक्षण सम्बन्धमा के धारण छ ? समग्र राष्ट्रिय स्तरका  सामुदायिक विद्यालयहरुमा पनि स्पष्ट सुपरिवेक्षण नभएको भन्ने कुरा विभिन्न लेख, रचना, पत्र पत्रिका, अध्ययन  अनुसन्धानले औंल्याइएका छन् । यस्ता समस्याबाट झापा  जिल्ला पनि अछुतो रहन सकेको छैन । यस विषयमा यस जिल्लामा यो भन्दा पूर्ण खासै अध्ययन अनुसन्धान नभएको कारणले यो अध्ययन गरिएको हो । यस अध्ययनमा जि.शि.का.मा कार्यरत वि.नि.तथा श्रोतब्यक्ति दरबन्दी अनुसार भएतापनि आशातित रुपमा शैक्षिक सुपरिवेक्षण  हुन नसक्नुका कारण यो विषय वस्तु छनौट गरिएको छ ।

**१.४ अध्ययनको उद्देश्य**

यस अध्ययनका उद्देश्यहरु निम्न अनुसार  रहेका छन

१. सामुदायिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षणको विद्यमान अवस्था पहिचान गर्न ।

२. शैक्षिक सुपरिवेक्षणले शिक्षण सिकाईमा पारेका प्रभावको बिश्लेषण गर्न ।

३.विद्यालय सुपरिवेक्षणका समस्याहरु पहिचान गरी  तिनको समाधानका उपायहरु सुल्झाउन ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरु

यस अध्ययनका अनुसन्धनात्मक प्रश्नहरु निम्नानुसार छन

१. विद्यालयहरुमा वर्तमान निरीक्षण प्रणाली कसरी चलेको छ ?

२. सरोकारवालहरुको विद्यालय सुपरिवेक्षण सम्बन्धि कस्तो धारणा रहेको छ ?

३ विद्यालय निरीक्षकको नियमितताले शिक्षकको दक्षता, नेतृत्व विकास तथा शिक्षण सिकाइ कृयाकलापमा कस्तो प्रभाब पारेको छ ?

४. प्रभावकारी निरीक्षण प्रणलीले विद्यालयको शैक्षिक उपलब्धिमा के-कस्तो प्रभाब पार्छ ?

५. वर्तमान विद्यालय निरीक्षण पद्धतिमा के-कस्ता समस्याहरु रहेका छन् ?

६. निरीक्षण पद्धितिमा विधमान समस्या समाधानका लागि कुन-कुन उपायहरुको अवलम्बन गर्नुपर्ला ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन गर्न लागिएको विषयको महत्व धेरै हुँदा हुँदै पनि यसका लागि छनौट गरिएको नमुना क्षेत्र र अध्ययनमा लिइएको जनसंख्याको प्रतिकृयाले निष्कर्षलाई सहज पार्न सहायक हुने गर्दछन । राष्ट्रकै लागि महत्व हुने यस अध्ययनको कुनै एक क्षेत्रमा सिमित गर्नुले आफैमा अध्ययनको सिमितताको पक्षपोषण भएको छ । यो अध्ययन झापा जिल्लाका १७ वटा श्रोत केन्द्र मध्ये सुदूर दक्षिण पूर्वमा अवस्थित काँकरभिट्टा श्रोतकेन्द्रका सामुदायिक विद्यालयमा सिमित गरिएको छ । अध्ययनको अवधि २ महिना निर्धारण गरिएको छ भने अध्ययनका श्रोतहरुका रुपमा श्रोतकेन्द्र र विद्यालयहरुमा रहेका अभिलेखहरुलाई लिइएको छ । अध्ययनका साधनको रुपमा भने प्रश्नावली, अन्तरवार्ता र अवलोकन आदिलाई समावेस गरिएको छ । यस अध्ययनमा विद्यालयको भौतिक पक्षलाई भन्दा शैक्षिक पक्षलाई बढी जोड दिइएको छ ।

## १.७ शब्दहरुको परिभाषा

| | |
|---|---|
| अभिभावक : | विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयका अभिलेखमा उल्लेखिक व्यक्ति । |
| ऐन : | शिक्षा ऐन २०२८ (संशोधन सहित ) |
| गुणस्तर : | लगानीकर्ता अथवा जोखीम कर्तालाई सन्तुष्टि दिने क्षमता । |
| नियमावली : | शिक्षा नियमावली २०५९ ( संशोधन सहित) |

वाह्य परीक्षा : शैक्षिक सत्रको अन्त्यमा स्तर वृद्धिका लागि लिईने परीक्षा ।

सन् : इस्वी सम्वत् ।

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमती तथा स्वीकृती प्राप्त विद्यालय ।

सार्वजनिक विद्यालय : सरकारी अनुदान प्राप्त विद्यालय ।

सुपरिवेक्षक/निरीक्षक : विद्यालयको सुपरिवेक्षण / निरीक्षण कार्यमा खटिएको कर्मचारी ।

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमती वा स्वीकृती प्राप्त विद्यालय ।

*MAT Programme :* *Master of Art in Teaching Programme.*

# परिच्छेदः चार

# तथ्याङकको विश्लेषण र व्याख्या

यो अध्ययनमा गुणात्मक र संख्यात्मक परिमाणहरुको मिश्रित विधि  अपनाइएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि अनुसूची १,२,३,४ र ५ अनुसारका बन्द तथा खुल्ला प्रश्नावलीहरु, अनुसूची ६ अनुसारको स्थलगत अध्ययन फारम र प्रत्यक्ष अन्तरवार्ताको लागि प्रश्नावली जस्तै साधनहरुको प्रयोग गरी प्राप्त हुन आएका तथ्य तथ्याङ्कहरुलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरी प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय सुपरिवेक्षणको विद्यमान अवस्था

यस उप-शीर्षक अन्तरगत कुनै पनि विद्यालयको कुनै पनि तहमा विद्यमान भौतिक अवस्था कस्तो छ ? विद्यालयको व्यवस्थापन पक्ष कस्तो अवस्थामा छ ? शिक्षक विद्यार्थी अनुपात कति छ ? शिक्षकले कसरी पढाउँदै छन ? त्यसको गहन अध्ययन अवलोकन गर्नु , त्यसमा आएका समस्या समाधान कसरी गर्ने भन्ने कुरा सुपरिवेक्षण भित्र पर्ने हुनाले झापा जिल्ला काकरभिट्टा श्रोतकेन्द्रको विद्यालय सुपरीवेक्षण स्थितिको अध्ययन गर्नु , सुपरिवेक्षणको जिम्मेवारी तोकिएका जि.शि.अ., बि.नि., श्रोतव्यक्ति, प्र.अ.र बि.व्य.स. ले जिम्मेवारी कसरी पुरा गरिरहेका छन ? त्यसको प्रत्यक्ष प्रभाव  वर्तमान अवस्थामा के कस्तो परिवेसमा छ सो को यथार्थता प्रष्ट्याएको छ । साथै प्रस्तुत गरिएका तथ्याङ्कलाई समावेश गरिएका पूर्वलेख साहित्य सोधपत्र तथा सैद्धान्तिक, बैचारिक खाका संग तुलना गर्दै विद्यालय सुपरिवेक्षणको अवस्थाको विश्लेषणात्मक अध्ययन अगाडि बढाइएको छ ।

### ४.१.१ विद्यालयको भौतिक पक्ष

विद्यालयको भौतिक सुविधाको पर्याप्तताले  त्यहाँको शिक्षण सिकाइमा सकारात्मक भूमिका खेलेको हुन्छ । विद्यालयमा भौतिक साधान श्रोतको यथोचित प्रवन्ध गरिनुको साथै उचित संरक्षण पनि आवश्यक हुन्छ । विद्यालय भवन, खेल मैदान, कक्षाकोठाको पर्याप्तता र उपयुक्तता, पिउने पानी, शौचालय, छात्रावास, प्रयोगशाला, कक्षाकोठा भित्र पर्याप्त फर्निचर आदिको व्यवस्थापन नै विद्यालयको भौतिक व्यवस्थापन हो । जवसम्म विद्यालयको भौतिक व्यवस्थापनमा सुधार हुन सक्दैन  तव सम्म शिक्षण शिकाईमा पनि सकारात्मक प्रभाव तथा

अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । यसक्षेत्रमा विद्यालयको भौतिक अवस्थालाई स्थलगत अध्ययन फारमको आधारमा निम्न तालिका बाट देखाउन खोजिएको छ

**तालिका नं.-१**

**विद्यालयको भौतिक अवस्था**

| क्र.सं. | विवरण | अवस्था | प्रतिशत | अवस्था | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठा | प्रयाप्त-९ | ७५ | अपर्याप्त-३ | २५ |
| २ | फर्निचर | प्रयाप्त-८ | ६७ | अपर्याप्त-४ | ३३ |
| ३ | कक्षा कोठाको वातावरण | मध्यम-८ | ६७ | निम्नस्तर-४ | ३३ |
| ४ | पुयोगशाला | भएको -७ | ५८ | नभएको-५ | ४२ |
| ५ | खेल्ने चौर | प्रयाप्त-१० | ८३ | अप्रयाप्त-२ | १७ |
| ६ | पिउने पानी | सामान्य-८ | ६७ | निम्नस्तर-४ | ३३ |
| ७ | शौचालय | भएको -१२ | १०० | नभएको-० | ०० |
| ८ | कम्पाउण्ड वाल | लगाएको -१० | ८३ | नलगाएको-२ | १७ |

श्रोत : स्थलगत अध्ययन, २०६७

प्रस्तुत विवरणलाई विश्लेषण गर्दा ७५%विद्यालयमा कक्षाकोठा प्रयाप्त भएको पाइन्छ भने ६७% विद्यालयमा फर्निचर समेत प्रयाप्त भएको पाइन्छ । ६७% विद्यालयमा कक्षाकोठाको वातावरण मध्यम खालको छ भने ५८% विद्यालयले प्रयोगशाला समेत छुट्टै व्यवस्था गरेको पाइन्छ । तर ४२ % मा भने प्रयोगशाला नै नभएको पाइन्छ । ८३% विद्यालयका खेल्ने चौर राम्रो अवस्थामा छन् भने १७ %मा भने न्यूनस्तरको खेल मैदान भएको पाइन्छ । ६७% विद्यालयले पिउने पानीको सामान्य व्यवस्था गरेको छ तर ३३% ले भने न्यूनस्तरको पिउने पानीको व्यवस्था मिलाएको छ । सबै विद्यालयमा शौचालयको व्यवस्था भने गरिएको पाइन्छ तर सबै व्यवस्थित नभएको पाइन्छ । ८३% विद्यालयमा कम्पाउण्ड बाल लगाईएको छ भने १७% मा भने घेरावारा छैन ।

समग्रमा यस क्षेत्रका विद्यालयहरुको वर्तमान भौतिक अवस्था राम्रै रहेको पाइन्छ । यस सम्बन्धमा विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुसंग छलफल गर्दा भवन निर्माण र मर्मत कार्यमा जि.शि.का.ले आवश्यकता अनुसार माग गरेमा सहयोग प्रदान गर्दै आएको छ । सोही अनुसार श्रमदान पनि जुट्दै गरेको छ । यी कार्यहरुमा वि.नि.ले. भन्दा श्रोतव्यक्तिले बढी सहजकर्ताको रुपमा भूमिका निभाइदिनु भएको कुरा वताउनु हुन्छ ।


विद्यालयको भौतिक व्यवस्थापनले शिक्षाको गुणस्तर विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयले भौतिक श्रोत साधानको यथोचित प्रबन्ध गर्नुको साथै तिनीहरुको संरक्षण गर्नु पर्दछ । भौतिक श्रोत र साधनको व्यवस्थापनले विद्यालयको पठन-पाठनमा सघाउ पुऱ्याउनुको साथै शिक्षण सिकाइमा सुगमता प्रदान गर्दछ भनि शाही (२०६१) को अध्ययनले उल्लेख गरे झै यस क्षेत्रका विद्यालयमा अझै स्वच्छ पिउने पानी, बिजुली बत्ती, पुस्तकालय, यातायात सेवा, चमेना गृह, वाचनालय, छात्राबास, प्रयोगशाला, औषधालय, शैक्षिक सूचना तथा संञ्चार सामग्री, प्रयाप्त प्रकास आउने उचित कक्षा कोठाको प्रबन्ध जस्ता भौतिक व्यवस्थापनको आवश्यकता पर्दछ । भौतिक सुविधा जहाँ पर्याप्त मात्रामा उपलव्ध हुनसक्दैन त्यहाँ पक्कै पनि गुणस्तरीय शिक्षा प्राप्त गर्न गराउन बाधा नै पर्दछ । यसकारण कुन विद्यालयमा कस्ता भौतिक श्रोत साधनको समुचित व्यवस्था हुन सकेको छैन फिल्ड अध्ययन गरी त्यहाँ कसरी व्यवस्था गर्ने गराउने भन्ने सम्बन्धमा वि.नि. को.महत्वपूर्ण भूमिका रहन्छ ।

### ४.१.२ विद्यार्थी चाप

शैक्षिक सुपरिवेक्षणको उपलब्धि के कस्तो रहेको छ , सो कुरा विद्यार्थी विवरण र तिनको शैक्षिक उपलब्धि हुन आउँछ । शिक्षक विद्यार्थीको शिक्षण शिकाइमा प्रभावकारी सुधार ल्याउनु नै सुपरिवेक्षणको प्रमुख उद्देश्य रहेको हुन्छ भने अर्को तर्फ शिक्षक अनुसार विद्यार्थी र विद्यार्थी अनुसार शिक्षक अनुपात मिलान गर्नु रहेको हुन्छ । यस अध्ययनमा विगत तीन वर्षमा विद्यालयमा अध्ययनरत विद्यार्थी संख्यालाई अनुसूची-७ अनुसाार तालिकामा देखाइएको छ ।

**चित्र नं. १**

**औसत विद्यार्थी संख्याको स्तम्भ चित्र**




**तह**

अनुसूची ७ अनुसार श्रोतकेन्द्र रहेको आदर्श उ.मा.वि.मा. विद्यार्थी चाप उच्च रहेको देखिन्छ । उक्त विद्यालयको मा.वि. तहमा २०६४ र २०६६ को विद्यार्थी संख्या क्रमस बढ्नुमा श्रोतकेन्द्रको विद्यालय भई सुपरिवेक्षण प्रभावकारी रहनुले त्यसको प्रभाव परेको हुनुपर्छ । यसरी नै ज्यामिरगढी मा. वि. मा पनि मा.वि तहमा विद्यार्थी संख्या बढ्दो क्रममा रहेको छ । यसको कारण भने आसपासमा संस्थागत विद्यालय नहुनु हो । सबै प्रा. वि.हरुमा भने २०६४ ,२०६५ र २०६६ मा विद्यार्थी संख्या क्रमस घट्दै आइरहेको छ । यसो हुनुमा अभिभावकहरुको सामुदायिक विद्यालयहरुमा भन्दा संस्थागत  विद्यालय प्रति आर्कषण बढ्नु रहेको छ । नि.मा.वि. र मा.वि. तहमा भने २०६४ र २०६६ को दाँजोमा २०६५ को औसत

विद्यार्थी संख्या घटेको देखिन्छ तर विद्यार्थीको चाप भने नि.मा.वि मा नै वढी रहेको पाइन्छ ।

*ADAMS & DICKEY ( 1966 )* ले विद्यार्थी संख्या वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक, अभिभावक, व्यवस्थापक, निरीक्षक तथा सुपरिवेक्षकको अन्तरक्रिया हुनु पर्ने उल्लेख गरेका छन् तर यहाँ सो सम्बन्धी अन्तरक्रिया भएको पाइएन । विद्यार्थी भर्ना वृद्धि गर्न सुपरिवेक्षकले विद्यालयमा नियमित निरीक्षण गर्नु पर्ने कुरा श्रेष्ठ (२०५८) ले भने जस्तै यस क्षेत्रमा नियमित सुपरिवेक्षण भएको छैन । शाही (२०६१) ले शिक्षण शिकाइ क्रियाकलाप कम्जोर भएका कारण विद्यार्थी संख्या घटदै जाने कुरा उल्लेख गरे झैं यस क्षेत्रमा पनि शिक्षण सिकाइ कमजोर नै भएको पाइयो ।

### ४.१.३ शिक्षक दरवन्दी

विद्यालयको शैक्षणिक क्रियकलापमा कक्षाकोठा भित्र प्रत्यक्ष रुपमा विद्यार्थी संग क्रियाशिल रहने शिक्षकहरुले शिक्षण सिकाइलाई उपलव्धिमूलक बनाउन प्रमुख जिम्मेवारी लिएका हुन्छन । कुशल, दक्ष, तालिम प्राप्त, योग्य विषयगत शिक्षकहरुको सक्रियता विना कक्षाकोठा भित्रको सिकाइ प्रभावकारी हुन सक्दैन । अतः यस अध्ययन क्षेत्रमा गत तीन वर्षका दरवन्दीमा रहेका शिक्षकहरुको के कस्तो अवस्था छ, त्यसको यथार्थ विवरण अनुसूची-८ अनुसार देखाईएको छ ।

प्रस्तुत अनुसूची-८ को तालिकामा तीन वर्षको अवधि भर विद्यालयको दरवन्दी यथावत रहेको पाइन्छ । अप-ग्रेडिङ हुँदै गरेका बाल कल्याण नि.मा.वि. र मेची नि.मा.वि.मा भने प्रत्येक वर्ष एक एक जनाको दरले राहत दरवन्दी थपिएको देखिन्छ । शिक्षा नियमावलीको निमय ४ अनुसार प्रा.वि. तहमा कम्तीमा ५ जनाको दरवन्दी हुनुपर्नेमा यस क्षेत्रमा औसत दरबन्दी ६.३३ रहेकाले प्रा.वि.दरवन्दी पूर्ण रहेको पाइन्छ भने नि.मा.वि.तहमा कम्तीमा ४ वटा दरवन्दी हुनुपर्नेमा यहाँ ३.४३ मात्र रहेकाले नि.मा.वि. तहमा शिक्षक दरबन्दी न्यून रहेको छ । यसै गरी मा.वि.तहमा कम्तीमा ५ वटा दरबन्दी हुनुपर्नेमा यहाँ ४.२५ मात्र रहेको हुनाले मा.वि. तहमा पनि अझै दरवन्दी अपुग नै भएको पाइन्छ । तहगत दरबन्दी मिलान हुन नसक्दा नि.मा.वि.हरुमा सवै तहका शिक्षकहरुले तीनवटै तहका कक्षाहरुमा मिश्रित अध्यापन गरेको पाइन्छ ।

काफ्ले (२०६१) ले अधिकांश सामुदायिक विद्यालयमा सरकारी दखन्दी कम रहेकोले गर्दा शिक्षकलाई धेरै कक्षा भार पर्न गै शिक्षकहरुमा थकानको महसुस भई शिक्षण गर्न

नैराश्यता भएको  कारण सामुदायिक विद्यालयमा दरवन्दी थप र मिलान गर्नु पर्ने भने झै यस क्षेत्रमा सो कार्य नभई लामो समय देखि विद्यालयमा  दरबन्दी थप नभएको र अर्कोतिर सुपरिवेक्षण नभएकै कारण दरबन्दी पनि मिलान हुन नसकेको देखिन्छ ।

### ४.१.४ शिक्षक विद्यार्थी अनुपात

विद्यालयको शैक्षिक उद्देश्य परिपूर्ति गर्न त्यस विद्यालयमा विद्यार्थी संख्या र भौतिक पूर्वाधार पूर्ण भएर मात्र सम्भव हुदैन जवसम्म विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक हुदैनन्, साथै  नि.मा.वि. र मा.वि. मा. सोही अनुपातमा विषयगत शिक्षक दरबन्दी अनुसारका शिक्षक हुदैनन् तव सम्म शिक्षण सिकाइ प्रभावकारी र उद्देश्योन्मुख हुन सक्दैन । अतः यस अध्ययन क्षेत्रमा अनुसूची ७ र ८ को तालिकाका आधारमा शिक्षक विद्यार्थी अनुपात निकाली सो को यथार्थ विवरण निम्नानुसार देखाइएको छ ।

**तालिका नं. २**

**शिक्षक विद्यार्थी अनुपात**

| क्र. सं. | विद्यालयको नाम | प्रा.वि. | | | नि.मा. वि. | | | मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | १ :२८ | १ :३३ | १:१२६ | १:१६४ | १:१५२ | १:१५५ | १:५८ | १:६२ | १:६६ |
| २ | ज्यामिरगढी मा.वि. | १:४४ | १:४३ | १:४५ | १:५३ | १:६३ | १:६२ | १:३० | १:३९ | १:५१ |
| ३ | कविशिरोमणी.मा.वि. | १:३७ | १:३७ | १:३४ | १:११७ | १:११४ | १:१२२ | १:९९ | १:१०२ | १:८२ |
| ४ | श.द.च. उ.मा.वि. | १:४२ | १:३६ | १:२८ | १:९३ | १:१०३ | १:१०३ | १:१२३ | १:८५ | १:८८ |
| ५ | बा.सु.नि.मा.वि. | १:३३ | १:३२ | १:३० | १:५२ | १:४४ | १:४४ | | | |
| ६ | बा.क.नि.मा.वि. | १:३० | १:२७ | १:२५ | १:२२५ | १:१०१ | १:९८ | | | |
| ७ | मेची नि.मा.वि. | १:३० | १:३१ | १:२६ | १:१४७ | १:७२ | १:४५ | | | |
| ८ | महानन्द प्रा.वि. | १:३३ | १:२९ | १:२९ | | | | | | |
| ९ | ज्ञानदीप प्रा.वि. | १:६२ | १:३३ | १:३२ | | | | | | |
| १० | डिगेन प्रा.वि. | १:४४ | १:४२ | १:३९ | | | | | | |
| ११ | शान्ति प्रा.वि. | १:४१ | १:३७ | १:३९ | | | | | | |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मेची विद्योदय प्रा.वि | १:४२ | १:३४ | १:२६ | | | | | | |
| | औसत अनुपात | १:३९ | १:३५ | १:३१ | १:१२२ | १:९३ | १:९० | १:७६ | १:७२ | १ :७२ |
| | कुल औसत अनुपात | १:३५ | | | १:१०२ | | | १ :७३ | | |

श्रोत : अनुसूची ७ र ८ वाट

प्रस्तुत तालिकालाई स्तम्भ चित्रका समेत देखाइएको छ ।

**चित्र नं. २**

**प्रति शिक्षक विद्यार्थी संख्याको स्तम्भ चित्र**




शिक्षक विद्यार्थी अनुपात तालिकाको अध्ययन गर्दा प्रा.वि.मा. १:२५ देखि १:६२ सम्म अनुपात विस्तार भएको पाइन्छ । तर औसत अनुपात भने १:३५ मात्र रहेको छ । जुन

अनुपात प्रभावकारी शिक्षण शिकाइको लागि अति उत्तम मानिन्छ तर नि.मा.वि मा. भने सो अनुपात बढेर १:४४ देखि १:२२५ सम्म विस्तार हुनु र औसत अनुपात १:१०२ रहनुले नि.मा.वि. तहमा भने शिक्षक दरबन्दी ज्यादै न्यून रहेको देखिन्छ । जसको कारणले शिक्षकलाई पठन पाठन कार्यमा कठीनाई श्रृजना भइरहेको पाइन्छ । यसै गरी मा.वि. तहमा शिक्षक विद्यार्थी अनुपात १:३० देखि १:१२३ सम्म विस्तार हुनु र औसत अनुपात १:७३ हुनुले मा.वि. तहमा पनि शिक्षक दरबन्दी अपुग नै देखिन्छ किनकि शिक्षा नियमाबलीले तराई क्षेत्रको लागि शिक्षक विद्यार्थी अनुपात १:५० तोकेको छ । स्तम्भ चित्रले पनि प्रा.वि. र मा. वि.को भन्दा नि.मा.वि. को शिक्षक विद्यार्थी अनुपात अधिक रहेको स्पष्ट गरेको छ भने २०६५ र २०६६ सालको शिक्षक विद्यार्थी अनुपात क्रमस घट्दै जानुको कारण अभिभवकाहरु निजी विद्यालयहरु तर्फ आकर्षित भई विद्यार्थीहरु निजी विद्यालय तर्फ स्थानान्तरण गरी विद्यार्थी संख्या भने घटनु तर शिक्षक संख्या भने यथावत रहेको छ ।

पोखेल (२०६१ ) का अनुसार विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी र मा.वि. नि.मा.वि.मा विषयगत शिक्षक दरबन्दी पूरा गरिनु पर्दछ । जसको लागि विद्यालयमा सुपरीवेक्षण आवश्यक छ भने झै यस क्षेत्रमा उक्त कार्य नभई सुपरिवेक्षण सम्बन्धित निकायबाट भएको छैन । वर्तमान अवस्थामा शिक्षा नियमावली बमोजिम पनि दरबन्दी मिलान जिल्ला शिक्षा कार्यालय झापाबाट भएको देखिँदैन । *Adams& Dickey* (१९६६) ले विद्यार्थीको पठन पाठन सुधारका लागि योजनाबद्ध रुपमा होसियारी पूर्वक प्रदान गरिने प्राविधिक सेवाको ढाचाको रुपमा लिएका छन् । योजना बिना समय र शक्ति खेर जाने भएकाले विद्यार्थी , अभिभावक, शिक्षक, नागरिक, प्रशासन र सुपरिवेक्षकहरुले समन्वयात्मक रुपमा सक्रिय सहभागिता देखाउनु पर्ने र योजनाबद्ध कार्यक्रममा संलग्न रहनु पर्ने कुरा उल्लेख गरेका छन् । जुन कुरामा यस क्षेत्रका सरोकारवाला व्यक्तिबाट राम्रो पहल हुन सकेको छैन ।

### ४.१.५ विद्यालय निरीक्षण/सुपरिवेक्षण सम्बन्धी विवरण

विद्यालयको निरीक्षण सुपरिवेक्षण गर्ने पदीय दायित्व बोकेको विद्यालय निरीक्षक मात्र नभई गाउँ शिक्षा समिति, वि.व्य.सं., श्रोतव्यक्ति, जि.शि.अ. लगायतका अन्य निरीक्षेणमा खटिने कर्मचारीहरुको टोलीले पनि विद्यालय सुपरीवेक्षणमा प्रभावकारी भूमिका खेल्नु पर्ने हुन्छ । विद्यामान शिक्षा ऐन (आठौं संशोधन) र शिक्षा नियमाबली २०५९ संशोधन सहितको नियम १६ मा जि.शि.अ. को काम, कर्तब्य र अधिकारमा विद्यालयको स्तर बढाउनु, सुधार

गर्नु, विद्यालयको निरीक्षण गर्ने गराउने, निरीक्षकले निरीक्षण गरे नगरेको एकिन गर्न स्थलगत निरीक्षण गर्नु, श्रोतब्यक्तिबाट विद्यालय निरीक्षण गरे नगरेको अनुगमन गर्ने, निरीक्षकको प्रतिवेदन उपर कारवाही गर्ने जस्ता निरीक्षण सम्बन्धी काम तोकिएको र सोही नियमावलीको निमय १७ मा विद्यालय निरीक्षकले प्रत्येक महिनाको कम्तिमा एक पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने र निरीक्षण तथा सुपरिवेक्षणको क्रममा प्र.अ. र वि.व्य स ंसंग छलफल गरी छलफल भएको कुरा निरीक्षण पुस्तिकामा जनाउने लगायतका काम तोकिएका छन् । यस सम्बधमा विद्यालयको निरीक्षण पुस्तिकाको आधारमा गरिएको स्थलगत अध्ययनको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३**

**यथार्थ निरीक्षण पटक प्रतिवर्ष**


| क्र. सं. | विद्यालयकको नाम | श्रोतव्यक्ति | | | वि.नि. | | | जि.शि.अ. | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | ३ | ९ | ३ | १ | ३ | १ | - | - | - | - | १ | १ |
| २ | ज्यामिरगढी मा.वि. | २ | ३ | ४ | - | - | - | १ | - | - | - | | - |
| ३ | कवि शिरोमणी.मा.वि. | २ | ३ | २ | - | १ | - | - | - | - | १ | - | १ |
| ४ | श.द.च. उ.मा.वि. | ८ | ११ | ५ | - | ४ | १ | १ | १ | २ | ६ | २ | ४ |
| ५ | बा.सु.नि.मा.वि. | ३ | ३ | २ | - | - | - | - | - | - | - | - | - |
| ६ | बा.क.नि.मा.वि. | ४ | २ | २ | - | - | - | - | - | - | १ | - | १ |
| ७ | मेची नि.मा.वि. | २ | १ | ३ | - | १ | - | - | - | - | १ | - | २ |
| ८ | महानन्द प्रा.वि. | ५ | ४ | २ | - | १ | - | - | - | - | २ | - | २ |
| ९ | ज्ञानदीप प्रा.वि. | १ | १ | २ | - | १ | २ | - | - | - | १ | - | - |
| १० | डिगेन प्रा.वि. | ३ | ३ | २ | - | - | १ | - | - | - | - | - | - |
| ११ | शान्ति प्रा.वि. | ३ | १ | २ | - | १ | १ | - | - | - | १ | २ | २ |
| १२ | मेची विद्योदय प्रा.वि | २ | ४ | २ | - | १ | - | - | - | - | १ | - | १ |
| | औसत पटक | ३.१७ | ३.७५ | २.५८ | ०.०८ | १.०८ | ०.५८ | ०.१७ | ०.०८ | ०.२५ | १.१७ | १.४२ | १.०८ |
| | कुल औसत पटक | ३.१७ | | | ०.५५ | | | ०.१७ | | | ०.८९ | | |
| | प्रतिशत मान | ६६.३१ | | | ११.५१ | | | ३.५६ | | | १८.६२ | | |

स्रोत: विद्यालय निरीक्षण पुस्तिका, २०६७

तालिकाको निष्कर्षलाई वृत्त चित्रमा प्रस्तुत गर्दा

**चित्र नं. ३**

**निरीक्षणको तुलनात्मक वृत्त चित्र**




यस अध्ययन क्षेत्रमा श्रोतव्यक्ति संग गरिएको प्रश्नावलीका आधारमा श्रोतव्यक्तिले आवश्यकता अनुसार महिनाको एक पटक सम्म विद्यालयको निरीक्षण गर्ने गरिएको कुरा उल्लेख भए अनुसार क्षेत्र सर्वेक्षण गर्दा वार्षिक ३.१७ पटक निरिक्षण गरेको पाइयो तर सबै विद्यालयमा समानुपातिक निरिक्षण गरेको भने पाइएन । वि.नि.को भनाई अनुसार ६ महिनामा एक पटक निरीक्षण गरिने तर शिक्षा नियमावली अनुसार महिनाको एक पटक निरीक्षण गरिनु पर्छ भनिएकोमा क्षेत्र सर्वेक्षणमा भने वार्षिक ०.५५ पटक मात्र निरीक्षण गरेको पाइयो । त्यसै गरी जि.शि.अ को भनाईमा ३ महिनामा एक पटक निरीक्षण गरिन्छ भनिएकोमा वास्तविकता वार्षिक ०.१७ पटक मात्र निरीक्षण गरेको पाइयो । अन्य वाह्य निरीक्षण गर्ने व्यक्ति तथा समूहले भने वार्षिक ०.८९ पटक,मात्र निरीक्षण गरेको पाइयो । वि.व्य.स. र प्र.अ. ले कहिलेकाहिँ मात्र निरीक्षण गर्ने गरेको पाइयो । गाउँ शिक्षा समितिले भने कुनै विद्यालयमा पनि निरीक्षण गर्न आएको पाइएन । निरीक्षण गरेको जम्मा पटकलाई १००% मान्दा श्रोतव्यक्तिले ६६.३१%, वि.नि.ले ११.५१%, जि.शि.अ. ले ३.५६%र अन्य व्यक्ति तथा समूहले १८.६२% विद्यालय निरीक्षण गरेको पाइयो । यस बाट सिद्ध हुन्छ की निरीक्षण

कार्यमा उत्तिकै जिम्मेवारी वहन गर्ने सरोकारवालाहरुबाट समानुपातिक र तोकिए बमोजिम निरीक्षण तथा सुपरिवेक्षण नगरेको पाइयो ।

सुपरिवेक्षणले शिक्षण सिकाइ क्रियाकलाप सित प्रत्यक्ष सम्बन्ध राख्दछ र सुपरिवेक्षणका सम्पूर्ण कार्यक्रमहरु स्वीकृत गरिएका उद्देश्यहरु निर्देशित हुन्छन् । *MCKEN & MILLS(1965)* ले सुपरीवेक्षण सम्बन्धि सरोकारवाला व्यक्तिहरुसंग सहयोगात्मक र सहभागितामूलक सम्बन्ध राख्दछ, यसले शिक्षण सिकाइको सुधारोन्मुख तिर निर्देशित गर्दछ भनि उल्लेख छ , तर यस क्षेत्रमा सम्बन्धित सुपरिवेक्षकहरुले यो सिद्धान्त अनुसरण गरी व्यवहारमा प्रयोग गरेको पाइएन । पोखेल (२०६२) ले बि.नि.हरुलाई आफ्नो निरीक्षण क्षेत्रमा अनिवार्य रुपमा बस्नुपर्ने कडा कानूनी व्यवस्था मिलाइनु पर्दछ । वि.नि.हरुलाई प्रशासनिक कार्यमा लगाईनु हुदैन । श्रोतव्यक्तिहरुबाट श्रोतकेन्द्र स्तरीय कार्यक्रमहरु श्रोतकेन्द्रमा नै सञ्चालन गरिनु पर्दछ । तथ्याङ्क भर्ने भराउने देखि विद्यालयको कक्षा अवलोकन संबन्धि सबै कार्यहरु श्रोतव्यक्तिहरुबाट नियमित रुपमा भै रहनु पर्दछ भने भ्कै कार्यहरु यस क्षेत्रमा नभै वि.नि.हरुलाई जिल्ला शिक्षा कार्यालयमा नै उप-सचिवले गर्ने कामको जिमेवारी दिई कार्यालयमा नै व्यस्त गराइएको र श्रोतव्यक्तिहरु श्रोतकेन्द्र वा जिल्लामा नै बसी तथ्याङ्क संकलन गर्ने कार्यमा बढी व्यस्त रहेको पाइयो । उल्लेखित नियमावली बमोजिम यसक्षेत्रमा सम्बन्धित सरोकारवाला व्यक्तिबाट व्यवहारमा कार्यान्वयन नभै यस क्षेत्रको सुपरिवेक्षण स्थिति नाजुक अवस्थामा छ ।

गुरागाई (२०५९) ले विद्यालय निरीक्षण कार्यलाई विशिष्टिकृत गराएर यसलाई निश्चित प्रणालीको रुपमा विकसित गर्ने प्रयास नभएको, हाल सम्म विद्यालय निरीक्षण उपर टिका टिप्पणी र गुनासाहरु सुन्ने गरिएको र आलोचना मुक्त हुन नसकेको विद्यालय निरीक्षणलाई सामूहिक जिम्मेवारीको रुपमा लिई कसले के कति निरीक्षण गर्नुपर्ने त्यसको कार्यान्वयन गराउने बारे स्पष्ट नभएको, विद्यालय निरीक्षण कार्यका लागि बार्षिक र मासिक योजना त बनाइन्छ नै तर योजना कार्यान्वयन नभएको कुरा उल्लेख गर्नु भएको छ । उल्लेखित सिद्धान्त, ऐन नियम वमोजिमको क्रियाकलाप यस जिल्लाका विद्यालयहरुमा सम्वन्धित सरोकारवाला व्यक्तिबाट व्यवहारमा कार्यान्वयन हुन नसकि सुपरिवेक्षणको अवस्था एकदमै कमजोर पाइएको छ ।

*Cogan* (सन् १९५०) ले भने जस्तो समुहद्धारा उपचारात्मक निरीक्षणको मान्यता पटक्कै देखिएन । यस शिर्षकका बारेमा जानकारी हुँदा हुँदै पनि निरीक्षकहरुले हल्का

रुपमा काम गरेको पाइयो । ज्ञान, शीप र तालिम अनुरुपको मार्गदर्शन, सल्लाह र सुझाव दिएको देखिएन । यसरी नै फोलेट (१८६८-१९३०) को मानव सम्बन्ध सिद्धान्तलाई व्यवहारमा उतार्न खोजिएको भएता पनि पूर्ण रुपले सफल हुन नसकेको देखिन्छ ।

### ४.१.६ विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया

अध्ययनको उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका अनुसूची १,२,३,४ र ५ बमोजिमका प्रश्नावलीबाट प्राप्त उत्तरहरुको आधारमा विद्यालय सुपरिवेक्षण सन्बन्धी जि.शि.अ., वि.नि., श्रोतव्यक्ति, वि.व्य.स. पदाधिकारी, प्र.अ.र शिक्षकहरुको प्रतिक्रिया निम्नानुसार रहेको छ ।

### ४.१.६.१ सुपरिवेक्षण सम्बन्धी जि.शि.अ. को प्रतिक्रिया

विद्यालय निरीक्षण गर्ने क्रममा वि.नि.हरुलाई निरीक्षण क्षेत्र तोकि आफ्नो निरीक्षण क्षेत्रका प्रत्येक विद्यालयमा कम्तिमा महिनाको एक पटक निरीक्षण गर्न खटाइएको हुन्छ । जि.शि.अ. आफैले भने तीन महिनामा एक पटक मात्र विद्यालय निरीक्षणगर्न सकिएको छ । विद्यालय निरीक्षण गर्ने कार्य जि.शि.अ., वि.नि.,श्रोतव्यक्ति, प्र.अ., वि व्य स.तथा अन्य व्यक्ति वा संस्था सवैको उत्तिकै जिम्मेवारी रहेको हुन्छ । विद्यालय निरीक्षण गर्न खटाइएका सरोकारवालाहरुले तोकिए बमोजिम विद्यालय निरीक्षण नगरे उहाँहरुलाई निर्देशन बमोजिम आफ्नो क्षेत्रमा कार्यसम्पन्न गर्ने सल्लाह-सुझाब दिने गरिन्छ । प्रभावकारी सुपरिवेक्षणको प्रमुख बाधक तत्व वर्तमान द्वन्द्वलाई भन्दा लापरवाहीपनलाई नै मानिएको छ । विद्यालयका समस्याहरु हलगर्न बि.नि.तथा श्रोतव्यक्तिले शिक्षक, प्र.अ., अभिभावक र बि.व्य.स.को संयुक्त भेलागरी छलफल गरेर हलगर्ने प्रयत्न गर्नुहुन्छ । प्रयत्न असफल भएमा उहाँहरुले जि.शि.का. मा बुझाएको प्रतिवेदनको कार्यान्वयन गर्ने क्रममा जि.शि.का द्वारा समस्या समाधान गर्ने गरिएको छ । सुपरिवेक्षण नियमित हुँदैन भन्ने गुनासो निराधार हुन किनकी झापा जिल्लामा तोकिएको समयमा सुपरिवेक्षकहरु सुपरिवेक्षणमा जाने गर्नुहुन्छ । त्यति मात्र नभएर झापा जिल्लाले *Team Monitoring* समेत गराउँदै आएको छ ।

विद्यालयको सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउन नसक्नुका कारणहरुमा विद्यालयको संख्या वृद्धि हुँदैजानु, सुपरिवेक्षणलाई साधन र सहुलियतको सुबिधा कम हुनु, राजनैतिक प्रभावका कारण स्वच्छ शैक्षिक वातावरण सृजना गराउन कठिन बन्दै जानु रहेका छन । त्यसैगरी जिल्लाको शैक्षिक गुणस्तर वृद्धि गर्न चालिएका कदमहरुमा गुणस्तर

वृद्धिका लागि सामाजिक सम्बाद समितिमा छलफल गर्ने, गोष्ठि र अन्तरक्रिया गर्ने, टिम अनुगमन गर्ने, प्राप्ति तथा निष्कर्षहरु प्रकाशित गर्ने रहेका छन । सुपरिवेक्षण सम्बन्धि समस्याहरु निराकण गर्न सामाजिक सम्बाद समिति, जिल्ला शिक्षा समिति, निरीक्षक एवं अन्य अधिकृतहरु संग सम्बाद गर्ने गरिन्छ । अन्त्यमा आ-आफुले आ-आफ्नो ठाउँबाट जिमेवारी पूर्णहरुमा बहन गर्नु पर्दछ । मैले कति गर्नु पर्ने हो  र कति गर्दैछु , भनेर स्व मूल्याङ्कन गर्नु सवै भन्दा उचित हुन्छ  र मात्र उद्देश्य बमोजिमका कार्यहरु सम्पन्न हुन सक्छन् ।

### ४.१.६.२  सुपरिवेक्षण सम्बन्धी वि.नि.को प्रतिक्रिया

आफ्नो निरीक्षण क्षेत्र अन्तरगत पर्ने विद्यालयहरुको निरीक्षण गर्दा प्रत्येक विद्यालयमा ६ महिनामा एक पटक गरिन्छ । विद्यालय सुपरिवेक्षण गर्दा प्रशासनिक, भौतिक, र आर्थिक पक्षमा भन्दा शिक्षण शिकाइमा प्राथमिकता दिने गरिएको छ । विद्यालय सुपरिवेक्षणको प्रमुख बाधक तत्व वर्तमान द्वन्द्वलाई भन्दा कार्यब्यस्ततालाई मानिएको छ । किनकी कार्यालयमा उप-सचिव भएर वस्नुपर्दा विद्यालय सुपरिवेक्षणलाई बाधा पुऱ्याएको छ । सुपरिवेक्षणमा गएका बेला कक्षा अवलोकन गरेर  शिक्षक तथा प्र.अ. लाई सल्लाह तथा सुझाव दिने गरिन्छ । विद्यालयमा नयाँ शिक्षक प्रवेश गरेको भए त्यस्ता शिक्षकसँग अनुभव आदान प्रदान गरेर  शिक्षणमा सहयोग पुऱ्याइन्छ । शिक्षकहरुले शैक्षिक गुणस्तर वृद्धिकालागि शिक्षण सुधार योजना *(T.I.P.)* बनाई सो को कार्यान्वयन गर्दै आएको पाइन्छ । तर विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन भने ०%-२५% सम्म मात्र पूर्णरुपले कार्यान्वयन भएको पाइन्छ । विद्यालय सुपरिवेक्षणमा गएको वेला प्र.अ., शिक्षक र वि.व्य.स.सँग अन्तरक्रिया गरी शैक्षिक गुणस्तर वृद्धिका लागि ल्याइएका कार्यक्रमहरु हुबहु कार्यन्वयन गर्न सल्लाह तथा सुझाव दिइन्छ ।

शिक्षण शिकाइलाई प्रभावकारी बनाउन शिक्षण सिकाइका समस्या र सो समाधानका उपायहरुको बारेमा सरोकारवालाहरु सँग छलफल र अन्तरक्रिया गरिन्छ । विद्यालय सुपरिवेक्षण गर्दा देखा परेका समस्याहरु शिक्षकहरुले शिक्षण शिकाइमा ध्यान दिनुभन्दा घरपायक सुविधा प्राप्त गर्नुमा बढी आकर्षित हुनु, बढुवाका विषयमा वढी केन्द्रित हुनु र पेशागत भावनाको कमि हुनु आदि रहेका छन् । प्रभावकारी सुपरिवेक्षणका लागि भने निरीक्षणका लागि सुपरिवेक्षकहरुलाई आवश्यक पर्ने साधन सम्पन्न बनाउनु पर्छ । शिक्षक अभिभावक संघ, वि.व्य.स. र प्र.अ. बाट अनुगमन गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

#### ४.१.६.३ सुपरिवेक्षण सम्बन्धी श्रोतव्यक्तिको प्रतिक्रिया

विद्यालयको सुपरिवेक्षण गर्दा आवश्यकता अनुसार महिनामा एक पटक देखि ६ महिनामा एक पटक सम्म गर्ने  गरिएको छ । विद्यालयमा सुपरिवेक्षण गर्न गएको वेला प्रशासनिक भौतिक र आर्थिक पक्षलाई भन्दा शिक्षण शिकाईलाई बढी प्राथमिकता दिने गरिन्छ । निरीक्षणको क्रममा कक्षा अवलोकन गरी शिक्षकहरुलाई कक्षा शिक्षण सम्बन्धी सल्लाह तथा सुभ्काव दिइन्छ भने वि.व्य.स., प्र.अ. र शिक्षक संग शैक्षिक गुणस्तर वृद्धिका लागि अन्तरक्रिया गरी कार्यक्रम तय गरी कार्यान्वयन गरिन्छ । नयाँ शिक्षक नियुक्ति भई विद्यालय प्रवेश गरेको खण्डमा उहाँहरुको कक्षा अवलोकन गरी शिक्षण कार्यमा सुधार ल्याउन नमुना कक्षा शिक्षण गरी सहयोग गरिन्छ  र सुभ्काब दिइन्छ । विद्यालयले शैक्षिक गुणस्तर वृदिका लागि श्रोतकेन्द्रको  निर्देशनमा शिक्षण सुधार योजना निर्माण गरेको तर पूर्णरुपमा कार्यान्वयन नगरेको पाइन्छ भने विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने कार्य पनि २५%देखि ५०% सम्म मात्र कार्यन्वयन भएको पाइन्छ ।

वर्तमान सुपरिवेक्षणको प्रमुख वाधक तत्व द्वन्द्वलाई भन्दा कार्य व्यवस्थालाई मानिएको छ । किनकि निरन्तर नयाँ कार्यक्रम थप हुने र विद्यालयको संख्या वृद्धि हुने कुराले यस्को पुष्टी गर्दछ । शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सुपरिवेक्षकलाई का.स.मु.को.नम्बर दिने जस्ता केही अधिकार प्रदान गरिनुपर्छ । सुपरिवेक्षकले नै शिक्षकलाई तालिम दिने व्यवस्था मिलाउनु पर्छ । किनकि तालिम दिने छुट्टै निकाय हुँदा शिक्षकले जे गरेका हुन्छन, तालिममा त्यही शिकाएको थियो भन्ने गरेको पाइन्छ,जसले सुपरिवेक्षकको मनोबल घटाउने काम गर्छ र सुपरिवेक्षण प्रभावकारी हुनक्दैन । शिक्षण सिकाइलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि उकास्न शिक्षकलाई पूनर्ताजगी तालिम दिने, अनुगमन गर्ने, समितिको बैठकमा भाग लिई सुभ्काब दिने, अभिभावक भेलामा सुभ्काब दिने, नमूना पाठ शिक्षण गर्ने जस्ता कार्यहरु गर्ने गरिएको छ । सुपरिवेक्षण गर्दा देखापरेका समस्याहरुमा शिक्षकले तालिममा सिकेको सीप कक्षामा लागू नगर्नु, शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग नगरिनु, दरबन्दी धेरै भएको विद्यालयमा पनि विद्यार्थी संख्याको आधारमा सेक्सन नखोली शिक्षण गर्नु, सानो कक्षालाई छाडि कक्षामा राखिनु , सानो कक्षामा भन्दा ठुलो कक्षामा बढी ध्यान दिनु आदि रहेका छन । अन्त्यमा सुपरिवेक्षण क-कसले गर्ने भन्ने कुरा एकीन हुनु पऱ्यो । कसले कति अवधीमा कति पटक सुपरिवेक्षण गरिनु पर्ने किटान गरिनु पऱ्यो । सुपरिवेक्षकले सुपरिवेक्षण धरै पटक गर्दा के हुने र गर्दै नगर्दा के हुने सो समेत किटान

गरिनुपऱ्यो । स्थानीय विकास मन्त्रलाय अन्तरगतका स्थानीय निकायवाट शिक्षालाई राम्रो र सकारात्मक सहयोग गर्नुपऱ्यो भन्ने सुझावहरु दिन चाहन्छु ।

### ४.१.६.४ सुपरिवेक्षण सम्वन्धी वि.व्य.स पदाधिकारीहरुको प्रतिक्रिया

शिक्षालाई प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ । शिक्षाको राष्ट्रिय ,तहगत ,कक्षागत, र बिषयगत लक्ष्य तथा उद्देश्य प्राप्त गरी शिक्षाको लगानी अनुरुप प्रतिफल प्राप्त गर्ने र विद्यार्थीको आशातित अपेक्षालाई सहयोग पुऱ्याउने व्यवस्थापकीय जिम्मेवारीका साथै सुपरिवेक्षणको जिम्मेवारी वि.व्य.स को रहन्छ । यस सम्वन्धमा १२ जना वि.व्य.स का पदाधिकारीहरु संग अनुसूची - ४ बमोजिमका प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिक्रियाहरु यस प्रकार छन ।

**तालिका नं. ४**

**वि.व्य.स पदाधिकारीहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या (१२) | प्रतिशत |
|---|---|---|---|---|
| १ | निरीक्षक तथा श्रोत व्यक्ति संगको अन्तरक्रिया | क) कहिले काहीँ हुन्छ । | ६ | ५० |
| | | ख) नियमित हुन्छ । | ४ | ३३ |
| | | ग) हुदैन । | २ | १७ |
| २ | विद्यालय निरीक्षणको लागि छुट्याइएको समय | क) पूरै समय दिन्छु । | ९ | ७५ |
| | | ख) हप्तामा एक पटक । | ३ | २५ |
| ३ | विद्यालय प्रतिको जिम्मेवारी | समग्र पक्षको सुधार गर्नु । | १२ | १०० |
| ४ | वैठकमा सदस्यहरुको सक्रियता | क) सवै सक्रिय रहन्छन । | १० | ८३ |
| | | ख) केही सक्रिय हुन्छन । | २ | १७ |
| ५ | विद्यालय निरीक्षण गर्ने जिम्मेवारी | क) सरोकारवाला सवैको । | ९ | ७५ |
| | | ख) वि.नि.तथा श्रोतव्यक्तिको | ३ | २५ |

स्रोत: स्थलगत अध्ययन २०६७

वि.व्य.स. का पदाधिकारीहरुले विद्यालय सुपरीवेक्षणमा पूरै समय दिन्छु भन्ने ७५% पाइयो भने हप्तामा एकपटक मात्र समय दिन सकिन्छ भन्ने २५% पाइयो । निरीक्षक ,श्रोतव्यक्ति सग कहिलेकाहीँ प्रतिक्रिया हुन्छ भन्ने ५०%,नियमित हुन्छ भन्ने ३३%र

प्रतिक्रियानै हुदैन भन्ने १७% पाइयो भने हाम्रो विद्यालय प्रतिको जिम्मेवारी समग्र पक्षको सुधार गर्नु हो भन्ने पदाधिकारीहरु १००% रहेको पाइयो । वि.व्य.सको बैठकमा सवै सदस्यहरु सक्रिय हुन्छन् भन्ने पक्षमा ८३% र केही सदस्यहरु मात्र सक्रिय हुन्छन् भन्नेमा १७%रहनु भएको पाइयो । सुपरिवेक्षणको वाधक तत्व कार्यव्यस्तता र लापरवाहीपनलाई ठान्नुहुने ४१.६७% रहेको पाइयो । विद्यालय निरीक्षण गर्ने जिम्मेवारी सरोकारवाला सवैको भन्ने ७५% र वि.नि. तथा श्रोव्यक्ति को मात्र जिम्मेवारी हो भन्नेमा २५% रहनु भएको छ ।

पोखेल (२०६२) ले विद्यालय व्यवस्थापन समिति छनौट गर्दा विशेष गरी साक्षर र वि.व्य.स को काम, कर्तव्य र अधिकार बुझेका योग्य व्यक्ति छनौट गर्नुपर्दछ भने झै यस क्षेत्रमा सो अनुसार नभै विद्यालय व्यवस्थापन समितिमा जुन तहको हो सोही तहको योग्यता भएको व्यक्ति छनोट नगरी राजनीतिक कारणले समिति छनौट हुने परिपाटी विद्यमान छ । साथै नीति नियम र कर्तव्य बुझेका व्यक्तिलाई अवसरवाट वञ्चित गराइएको छ । जसको कारण विद्यालय सुपिरीवेक्षण हुन सकिरहेको छैन । शैक्षिक अवस्था अध्ययन (२०६२) ले विद्यालय व्यवस्थापन समितिका सदस्यहरु छनौट गर्दा सकभर शिक्षाप्रेमी, शिक्षित तथा विद्यालयको सम्पूर्ण पक्षको विकास गर्न चासो राख्ने अभिभावकलाई छनोट गर्ने भने झै यस क्षेत्रमा नहुँदा सुपरिवेक्षण सक्रिय रहने अवस्था छैन ।

पौड्याल (२०६२) ले विद्यालय व्यवस्थापन समितिका सबै पदाधिकारीहरुलाई श्रोत केन्द्रमा वर्षको १/२ पटक अभिमुखिकरण गोष्ठी सञ्चालन गरी उनीहरुलाई काम, कर्तब्य र अधिकार बोध गराई कार्यान्वयन सम्वन्धी जानकारी दिने र विद्यालय सुधारमा उनीहरुले खेल्नु पर्ने भूमिका बारे पनि जानकारी गराउनु पर्दछ भने झै यस क्षेत्रमा हालसम्म श्रोतकेन्द्र स्तरमा र जिल्ला स्तरमा कुनै पनि गोष्ठी सञ्चालन गरी वि.व्य.स का पदाधिकारीहरुलाई थप उर्जा दिने काम नै भएको छैन । त्यसैले वि.व्य.स. को बैठकमा सबै सदस्यहरुले सकृय रुपले भाग लिन्छन् र वि.व्य.स.ले विद्यालय सुपरिवेक्षणमा पुरै समय दिएको छ भनिए पनि व्यवहारमा त्यस्तो पाइँदैन ।

### ४.१.६.५ सुपरिवेक्षण सम्बन्धी प्र.अ. को प्रतिक्रिया

विद्यालयको प्रशासकीय प्रमुख को रुपमा प्र. अ. को .नियुक्ति भएको हुन्छ । शिक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने स्थानीय र इकाईगत प्रमुख वा नेता प्र.अ. हो । शैक्षिक गुणस्तर सुधारका लागि नयाँ तथा पुराना शिक्षकहरु सँग शैक्षिक सुपरिवेक्षणको रुपमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ । कक्षा अवलोकन कार्यदेखि नमूना पाठ प्रदर्शन

समेत गरी नयाँ एवं कमजोर शिक्षकलाई पूर्णरुपमा सहयोग गरी शिक्षण सिकाईलाई प्रभावकारी बनाउने काम प्र.अ. को हो । प्र.अ. एउटा नेता मात्र होइन उ एउटा प्रशासक, सूचना संबाहक , समन्वय कर्ता पनि हो तसर्थ यस क्षेत्रको प्र.अ. का सुपरिवेक्षण सम्बन्धी के कस्ता धारणा रहेछन अनुसूची ३ अनुसारका प्रश्नवलीको उत्तरका आधारमा प्राप्त हुन आएका  कुराहरु यस प्रकार छन् ।

**तालिका नं. ५**

**प्र. अ. हरुको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | सुपरिवेक्षण औपचारीकतामा मात्र सिमित छ । | क) आंशिक सत्य हो ? | ९ | ७५.०० |
| | | ख) कतै कतै यस्तो होला ? | ३ | २५.०० |
| २ | श्रोतव्यक्तिघद्वारा प्राप्त सहयोग | क) हुलाक वा पूलको जस्तो | ५ | ४१.६७ |
| | | ख) उपयुक्त किसिमको | ७ | ५८.३३ |
| ३ | कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग | क) निर्माण गरी  पूरै प्रयोग हुन्छ । | ४ | ३३.३३ |
| | | ख) कहिले काहीँ मात्र हुन्छ  । | ८ | ६६.६७ |
| ४ | श्रोतब्यक्ति वा वि.नि. ले विद्यालयमा गर्ने गरेको सुपरिवेक्षण | क) महिनामा एक पटक | ८ | ६७.६७ |
| | | ख) वर्षको एक पटक | ४ | ३३.३३ |
| ५ | सुपरिवेक्षणको रुपमा प्र.अ.को भूमिका | क) महत्वपूर्ण | ६ | ५०.०० |
| | | ख) सहयोगी | ६ | ५०.०० |
| ६ | सुपरिवेक्षणको मूख्य वाधक तत्व | क) कार्य व्यस्तता | ५ | ४१.६७ |
| | | ख) चासो नराख्नु | ५ | ४१.६७ |
| | | ग) राजनैतिक अस्थिरता | २ | १६.६६ |

श्रोत : प्रश्नावली २०६७

सुपरिवेक्षण औपचारीकतामा मात्र सिमित छ भन्ने कुरा आंशिक सत्य हो भन्ने प्रा.अ.हरु ७५% रहेको ले विद्यालय सुपरीवेक्षण प्रभावकारी नभएको भन्ने सिद्धहुन्छ । श्रोतव्यक्तिबाट उपयूक्त किसिमको सहयोग प्राप्त भएको स्वीकार गर्ने ५८.३३ % र हुलाक

वा पुलको जस्तो  मात्र कार्य भएको छ भन्ने ४१.६७% पाइएको छ। श्रोतव्यक्ति र वि.नि.ले विद्यालय सुपरिवेक्षण महिनामा  एक पटक गरेको ६७.६७% र वर्षमा १ पटक गरेको ३३.३३% ले उल्लेख गर्नुभएको छ । यसै गरी कक्षाकोठामा शिक्षकहरुले शैक्षिक सामग्री पूर्णरुपमा प्रयोग गर्नुहुन्छ  भन्ने ३३.३३% र कहीलेकाहीँ मात्र प्रयोग गर्नुहुन्छ , भन्नेमा ६६.६७% रहनु भएको छ। सुपरिवेक्षणको रुपमा प्र.अ.को भूमिका महत्व पूर्ण र सहयोगी रहेको कुरा सबैले उल्लेख गर्नुभएको छ  भने सुपरीवेक्षणको बाधक तत्वको रुपमा कार्यव्यस्तामा ४१.६७%, चासो नराख्नुमा ४१.६७% र राजनैतिक अस्थिरतामा १६.६६% भएको उल्लेख गर्नुभएको छ।

शिक्षा नियमावली २०५९ को परिच्छेद १७ को नियम ९४ मा प्र.अ.को काम, कर्तव्य र अधिकार उल्लेख गरे बमोजिम विद्यालयको सुपरीवेक्षणको रुपमा प्र.अ. नै रहेको तर यस अध्ययन क्षेत्रमा कतिपय विद्यालयमा भर्खरै नियूक्ति भएका शिक्षकलाई प्र.अ.पदको जिम्मेवारी दिइनु ,कतै राजनैतिक दबावको कारणले योग्यता नै नपुगेको २०/३० वर्ष लामो सेवा गरेका वृद्ध शिक्षकलाई जिम्मेवारी तोकिनुले उक्त नियमावली बमोजिम सुपरिवेक्षण कार्य प्रभावकारी नभई यस क्षेत्रमा कतिपय प्र.अ. हरुलाई सुपरिवेक्षण बारे थाहा नै नहुनु त कतिपय ले जिम्मेवारी पूरा नगर्दा सुपरिवेक्षण स्थिति नाजुक अवस्थामा छ।

खनाल (१९९९) ले शैक्षणिक सुपरिवेक्षणलाई प्राथमिकता दिनुपर्दछ । विद्यालयको शैक्षिक सुधारको लागि प्र.अ. शिक्षणमा भन्दा शैक्षिणक सुपरीवेक्षमा ब्यस्त रहनुपर्छ भनेझै यस क्षेत्रका प्र.अ.हरुमा सो अनुसार नभएको, न्यून दरवन्दीका कारण प्र. अ. हरु सुपरिवेक्षण भन्दा शिक्षाणमा बढी व्यस्त रहेका र विद्यालय को अन्य कामले धेरै पटक लामो दिन काजमा जाने प्रचलन विद्यमान रहेको देखिन्छ।

### ४.१.६.६  सुपरिवेक्षण सम्बन्धी शिक्षकहरुको प्रतिक्रिया

विद्यालय सुपरिवेक्षण एक सामूहिक कार्य हो । यसले शिक्षण सिकाई क्रियाकलाप सुधारका निमित्त शिक्षकलाई नेतृत्व प्रदान गर्ने, शिक्षकको ब्यबसायिक वृद्धि विकासलाई प्रोत्साहित गर्ने, शैक्षिणक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि छनौट, संसोधन, परिस्कार र प्रयोग गर्ने कार्य गर्दछ। शिक्षकको विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क हुने भएकोले शैक्षिक गुणस्तर वृद्धिमा शिक्षकको नै महत्वपुर्ण भूमिका रहेको हुन्छ ।  शिक्षक सक्रिय रहेमात्र शैक्षिक गुणस्तर वृद्धि सम्भव हुन्छ। यसको लागि शिक्षक, प्र.अ. र सुपरिवेक्षकको राम्रो सह-सम्वन्ध हुनुपर्छ । त्यसैले यस अध्ययन क्षेत्रका शिक्षकहरुको सुपरिवेक्षक प्रतिको धारण के छ,

विद्यालयमा शिक्षकहरुले कसरी शिक्षण गर्दैछन्  र सुपरिवेक्षण सम्वन्धी प्र.अ, श्रोतव्यक्ति र वि. नि. को कस्तो सम्बन्ध छ भन्ने बारे नमूना छनौटमा परेका १२ वटा विद्यालयका २४ जना  शिक्षकहरु संग गरिएको अनुसूची-५ अनुसारको प्रश्नावलीको उत्तर बमोजिम प्रतिक्रया निम्नानुसार रहेको  छ ।

**तालिका नं ६**

**शिक्षकहरुको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या (२४) | प्रतिशत |
|---|---|---|---|---|
| १ | कक्षा शिक्षण गर्दा पाठयोजना बनाउने कार्य | क) नियमित बनाइन्छ । | ८ | ३३.३३ |
| | | ख) कहिलेकाँहि बनाइन्छ । | १२ | ५०.०० |
| | | ग) बनाउने गरेको छैन । | ४ | १६.६७ |
| २ | शिक्षणकार्यमा शैक्षिक सामग्रीको प्रयोग | क) आवश्यकता अनुसार  हुन्छ । | २४ | १००.०० |
| | | ख)प्रयोग गरिदैन । | ० | ०.०० |
| ३ | वि.नि. तथा श्रोतव्यक्तिले निरीक्षण गर्दा नमूना पाठ शिक्षण | क) सधै गर्नुहुन्छ । | १ | ४.१६ |
| | | ख) कहिलेकाहीँ गर्नुहुन्छ । | १३ | ५४.१७ |
| | | ग) गर्नुहुन्न । | १० | ४१.६७ |
| ४ | निरीक्षकहरुमा देखिएका अभावहरु | क) सामुहिक चिन्तनको | ६ | २५.०० |
| | | ख) केही कमि देखिन्न । | ३ | १२.५० |
| | | ग) विषय ज्ञानको  अभाव | ११ | ४५.८३ |
| | | घ) प्रजातान्त्रिक व्यवहारको | ४ | १६.६७ |
| ५ | निरीक्षकहरुले दिएका सल्लाह र सुझावहरुको कार्यन्वयन | क) कमिकमजोरी सच्याएर | २१ | ८७.५० |
| | | ख) कक्षा अवलोकन नै हुँदैन । | ३ | १२.५० |
| ६ | प्र.अ. तथा वि.व्य.स. बाट कक्षा अवलोकन गर्ने कार्य | क) महिनामा एक पटक । | १० | ४१.६७ |
| | | ख) वर्षमा एक पटक । | २ | ८.३३ |
| | | ग) हप्तामा एक पटक । | १० | ४१.६७ |
| | | घ) गर्नुहुन्न । | २ | ८.३३ |

स्रोतः  प्रश्नावली २०६७

प्रस्तुत तालिका अनुसार शिक्षकहरुले शिक्षण गर्दा ३३.३३% शिक्षकहरुले नियमित पाठयोजना बनाई शिक्षण गर्नुहुन्छ भने ५०% ले कहिलेकाहीँ र १६.६७% ले पाठ योजना नै नबनाई शिक्षण गर्नु हुन्छ । कक्षाकोठामा शैक्षिक सामग्रीको भने आवश्यकता अनुसार १००% शिक्षकहरुले प्रयोग गरेको पाइन्छ । वि. नि.तथा श्रोतव्यक्तिले नमूना पाठ शिक्षण गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा भने ५४.१७% ले कहिलेकाहीँ गर्नुहुन्छ भनी उत्तर दिनु भएको छ । निरीक्षकहरुमा विषयगत ज्ञानको अभाब छ भन्नेमा ४५.८३% प्रजातन्त्रिक ब्यबहारको कमि छ भन्नेमा १६.६७% र केही कमि देखिन्न भन्नेमा १२.५०% शिक्षकहरुले आफ्नो धारणा व्यक्त गर्नु भएको छ । निरीक्षकहरुले दिएको सल्लाह र सुझाबलाई कमिकम्जोरी सुधार गर्नेमा ८७.५० % र कक्षा अवलोकन नै हुदैन भन्नेमा १२.५०% शिक्षकहरु रहनु भएकोछ । अन्त्यमा प्र.अ. तथा वि.व्य.स बाट कक्षा अवलोकन गर्ने काम हुन्छ या हुदैन भन्ने प्रश्नको उत्तरमा हप्ताको एक पटक र महिनाको एक पटक हुन्छ भन्नेमा ४१.६७% ,वर्षमा एक पटक भन्नेमा ८.३३ % र कहिले पनि हुदैन भन्नेमा पनि ८.३३ %रहनु भएको छ ।

शिक्षणलाई प्रभावकारी बनाउन सबै विद्यालयका सवै शिक्षकले पाठयोजना वनाई शिक्षण गर्नुपर्नेमा केही विद्यालयका केही शिक्षकले मात्र सो कार्य सम्पन्न गरेको पाइन्छ । कक्षा शिक्षणमा शैक्षिक सामग्री भने सवैले प्रयोग गरेको पाईन्छ । वि.नि तथा श्रोतव्यक्तिद्वारा विद्यालय निरीक्षणमा आउँदा कक्षा अवलोकन गरि नमुना पाठ शिक्षण गर्नु पर्नेमा कुनै वेला गरेको तर कुनै वेला भने कक्षा अवलोकन समेत नगरेको पाइन्छ । प्र.अ. तथा वि.व्य.स. द्वारा कक्षा अवलोकन गर्ने कार्यमा सवै विद्यालयमा एकरुपता नआएको पाइयो । निरीक्षकहरुमा सामुहिक चिन्तनको अभाव भन्दा विषयगत ज्ञानको अभाव रहेको पाइन्छ । निरीक्षकहरुले दिइएका सल्लाह र सुझाव शिक्षकहरुले सकारात्मक रुपमा कार्यान्वयन गरेको पाइन्छ तर कतिपय विद्यालयमा निरीक्षकहरु नै नपुग्ने गुनासाहरु राखेको पाइन्छ ।

*ADAMS & DICKEY (1966)* ले प्रभावकारी सुपरिवेक्षणले नियमितता प्रदान गर्ने हो भने त्यो पनि प्रभावकारी नै हुन्छ । सुपरीवेक्षण सेवाले शिक्षकको आत्मविश्वास, योग्यता, दक्षता, बढाउन र समस्या सामाधानमा विशेष सहयोग प्रदान गर्दछ भनेर उल्लेख गरेका छन् । तर यस क्षेत्रमा सुपरिवेक्षक निरीक्षकहरुवाट यस सिद्धान्तलाई व्यवहारमा उतार्न

सकेको स्थिति पाउन सकिएन । अमात्य (२०६१) ले प्र.अ. ले शिक्षकहरुसँग उचित समन्वय तथा पारस्पारिक सम्वन्ध कायम गर्नुपर्दछ, कक्षा भार विभाजन, तालिम तथा गोष्ठीका लागि छनौट , विदा तथा अन्य सहुलियत उपभोग जस्ता कुराहरुमा निर्णय गर्दा निष्पक्ष हुनु पर्दछ भने झै यस क्षेत्रमा शिक्षक हकहितका सवालमा उक्त कार्य कहिँ कतै नभएको देखिन्छ । *Prof. George Elton Mayo (Human Relation Theory )* ले कर्मचारीको योग्यता अनुसार नेतृत्व विकाश गर्नु पर्दछ ,कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ भने झै यस क्षेत्रमा कार्यरत शिक्षकको लागि सम्वन्धित सुपरिवेक्षकवाट कुनै कार्य नभएको देखिन्छ ।

## ४.२ विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभाव

विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालहरुले आ-आफ्नो जिम्मेवारी बहनगरी सुपरिवेक्षण कार्यलाई प्रभाकारी बनाउन सके शिक्षण सिकाइ प्रभावित भई शैक्षिक उपलब्धि वृद्धि हुने निर्विवाद छ । यस अध्ययनमा सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभावको विश्लेषण गर्न प्रश्नवलीको मद्दतबाट शिक्षक र प्र.अ.को सह-संम्बन्ध स्थापित गरिएको छ भने सिकाइ उपलब्धिमा सुपरिवेक्षणले पारेको प्रभावको विश्लेषण गर्न कक्षा ५, ८ र १०को परीक्षाको नतीजालाई विद्यालयको सुपरिवेक्षणको स्थितिसँग तुलना गरिएको छ ।

### ४.२.१ शिक्षक र प्र.अहरुको प्रतिक्रियाको विश्लेक्षण

अध्ययन क्षेत्रमा सुपरिवेक्षणको प्रभावकारिता पत्ता लगाउन सोधार्थी स्वयमले छलफल, अन्तर्वाता तथा प्रश्नावलीको माध्यमबाट त्यस क्षेत्रका छनौटमा परेका शिक्षक र प्र.अ. मार्फत गरेको तथ्य संकलनलाई यस उप-खण्डमा निम्नानुसार तालिकामा देखाउने र त्यसलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । यस सवालमा २४ जना शिक्षकहरु र १२ जना प्र.अ. हरुको रायलाई तलको तालिकामा यसरी देखाइएको छ

**तालिका नं. ७**

**सुपरिवेक्षणको प्रभावकारिता प्रति शिक्षक तथा प्र.अ. हरुको प्रतिक्रिया :**

| क्र स | प्राप्त भएका उत्तरहरु | उत्तरदाताहरु | | | |
|---|---|---|---|---|---|
| | | शिक्षक | | प्र.अ. | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सकारात्मक प्रभाव पारेको छ । | २० | ८३.३३ | ८ | ६६.६६ |
| २ | खासै प्रभाव पारेको छैन । | २ | ८.३३ | २ | १६.६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | यो औपचारीक प्रक्रिया मात्रहो | १ | ४.१७ | ० | ००.०० |
| ४ | सुपरिवेक्षण नभएकोले यसबारे थाहा छैन । | १ | ४.१७ | २ | १६.६७ |
| | जम्मा | २४ | १०० | १२ | १०० |

श्रोत :प्रश्नावली २०६७

माथिको तालिका बाट प्राप्त तथ्यहरुका आधारमा शिक्षक तथा प्र.अ.हरुको वीच के कस्तो सह-सम्बन्ध छ भनी *Karl Pearson's* ले प्रतिपादन गरेको *Product moment method* को सूत्र अनुसार निम्न बमोजिमको तरीकाले सह- सम्बन्ध पत्ता लगाइएको छ ।

यहाँ x = पहिलो संख्या (शिक्षकको राय)

y = दोस्रो संख्या (प्र.अ.हरुको राय )

n = ४( बिकल्पहरुको संख्या )

सूत्र

$$r_{xy} = \frac{n\sum xy - \sum X . \sum Y}{\sqrt{\{n\sum x^2 - (\sum x)^2\}\{n\sum y^2 - (\sum y)^2\}}}$$

**तालिका नं.८**

**सह सम्बन्ध निकाल्न चाँहिने तालिका**

| x | y | xy | $x^2$ | $y^2$ |
|---|---|---|---|---|
| २० | ८ | १६० | ४०० | ६४ |
| २ | २ | ४ | ४ | ४ |
| १ | ० | ० | १ | ० |
| १ | २ | २ | १ | ४ |
| $\sum$ x=२४ | $\sum$ y=१२ | $\sum$ xy=१६६ | $\sum x^2$=४०६ | $\sum y^2$=७२ |

$$r_{xy} = \frac{n\sum xy - \sum X . \sum Y}{\sqrt{\quad}}$$

$$\{n\sum x^2 - (\sum x)^2\}\{n\sum y^2 - (\sum y)^2\}$$

$$= \frac{\text{४ X १६६ - २४ X १२}}{\sqrt{(\text{४ X ४०६ - २४}^{\text{२}})(\text{४ X ७२-१२}^{\text{२}})}}$$



$$= \frac{\text{६६४ - २८८}}{\sqrt{(\text{१६२४-५७६})(\text{२८८-१४४})}}$$

$$= \frac{\text{३७६}}{\sqrt{\text{१०४८ X १४४}}}$$

$$= \frac{\text{३७६}}{\sqrt{\text{१५०९१}}}$$

$$= \frac{\text{३७६}}{\text{३८८.४७}} = \text{०.९६}$$

Macintosh (1967) का अनुसार शिक्षक र प्र.अ. हरुको धारणा बीच सह-सम्बन्ध अतिउच्च रहेको छ । उनका अनुसार सह -सम्बन्धको व्यख्या निम्न अनुसार हुन्छ ।

| सदस्यहरुको गुणङ्क (r×y) | सह-सम्बन्धको तह |
|---|---|
| ±0.00--------------------±0.20 सम्म | अत्यन्तै कम |
| ±0.21--------------------± 0.39 सम्म | कम |
| ±0.40--------------------± 0.59 सम्म | मध्यम |

| | |
|---|---|
| ±0.60--------------------±0.79 सम्म | उत्तम |
| ±0.80--------------------± 1.00 सम्म | उच्च |

*Macintosh* को सह-सम्बन्ध परीक्षण गर्ने तालिका तथा सुत्र अनुसार शिक्षक तथा प्र.अ. हरुका प्रतिक्रियाहरु वीच स ४६ न्ध पत्ता लगाउँदा उहाँहरुलाई संयुक्त रुपमा सोधिएको सुपरिवेक्षणले शिक्षण सिकाईमा के कस्तो प्रभाव पार्छ ? भन्ने प्रश्नको प्रतिक्रिया बीच ०.९६ अर्थात उच्च सह-सम्बन्ध रहेको पाइयो । यसबाट सुपरिवेक्षणले शिक्षण सिकाइमा प्रत्यक्ष एवम् सकारात्मक प्रभाव पार्दछ भने कुरा स्पष्ट हुन्छ ।

### ४.२.२ शैक्षिक उपलब्धिमा सुपरिवेक्षणको प्रभाव

कुनै पनि शैक्षिक क्षेत्रको आन्तिम उपलब्धि भनेको नै नतीजा हो । शिक्षा क्षेत्र एउटा प्रकृया पद्धतिमा चलेको हुन्छ । यसमा लगानी प्रक्रिया र उत्पादन हुन्छ । प्रतिफल समेत शिक्षामा हुने भएकाले परीक्षाको नतीजालाई उत्पादनको रुपमा लिइने र परीक्षालाई प्रक्रियाका रुपमा लिइने गरिन्छ । अध्ययन क्षेत्रका प्रा. वि., नि.मा.वि. र मा.वि.हरुमा शिक्षाबाट प्राप्त अपेक्षित उपलब्धी के-के हुन् भनेर ती उपलब्धि मापनका साधनको रुपमा परीक्षालाई लिन खोजिएको छ । सुपरिवेक्षणले पारेको सकारात्मक प्रभाव तथा सुपरिवेक्षण विनाको शैक्षिक उपलब्धिको अन्तर छुट्याउन पनि परीक्षाको नतीजाले केही सरल र प्रष्ट पार्न सक्छ । यस अध्ययनमा कक्षा ५ को श्रोतकेन्द्र स्तरीय उपलब्धि परीक्षा, कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र कक्षा १० को *S.L.C* परीक्षाको के कस्तो नतीजा प्राप्त भएको छ भनी अनुसूची-९ अनुसार विगत तीन वर्षको तुलनात्मक अध्ययन गरिएको छ ।

अनुसूची-९ को तालिकालाई विश्लेषण गर्दा कक्षा ८ को तीन वर्षको औसत नतीजा ८४.७७% देखिनु समग्रमा राम्रो देखिएता पनि जिल्ला स्तरीय परीक्षा लिँदा जिल्लाले प्रश्न पत्र मात्र निर्माण गरी पठाउने र परीक्षा विद्यालयद्वारा लिन लगाई उत्तर पुस्तिका समेत जाँच गराई नतीजा मात्र जि.शि.का.मा मगाउने चलनले उक्त जिल्ला स्तरीय परीक्षा पनि विश्वासनीय हुन सकेको देखिदैन । कक्षा ५ को उपलब्धि परीक्षाको प्रश्न पत्र श्रोतकेन्द्रले तयार गरी परीक्षामा एउटा विद्यालयको निरीक्षक अर्को विद्यालयमा पठाई परीक्षा सञ्चालन गरी उत्तर पुस्तिका समेत साटा साट गरी परीक्षण गरीने हुनाले यो परीक्षाको विश्वासनियता बढी भएकोले औसत प्राप्ताङक ५६.०८% मात्र रहेको छ भने कक्षा १०को *S.L.C.* परीक्षामा सम्बन्धित विद्यालय सामेल नहुने र परीक्षाको अनुगमन समेत हुने भएकोले यो परीक्षा विश्वासनीय मानिन्छ । फलस्वरुप तीन वर्षको S.L.C. परीक्षाको औसत

नतीजा ४३.८८%मात्र रहेको छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शैक्षणिक क्रियाकलापमा सुपरीवेक्षण तथा अनुगमन नगर्ने तर परीक्षामा मात्र निरीक्षण तथा अनुगमन गर्ने गर्दा शैक्षिक गुणस्तर वृद्धि हुन नसकेको देखिन्छ ।


अनुसूची-९ बाट २०६४ ,२०६५ र २०६६ को नतीजाको औसत प्रतिशत निम्न अनुसार तालिकामा देखाइएको छ ।

| | साल | | |
|---|---|---|---|
| कक्षा | २०६४ | २०६५ | २०६७ |
| ५ | ४६.९९ | ६२.४२ | ५८.८२ |
| ८ | ९१.०५ | ८५.७९ | ७७.५२ |
| १० | ४७.९२ | ४७.८५ | ३५.८८ |
| औसत मान | ६१.९९ | ६५.३५ | ५७.४१ |

**उक्त तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा**

**चित्र नं.४**

**नतीजाको स्तम्भ चित्र**



साल

अध्ययन क्षेत्रका विद्यालयको  औसत नतीजा प्रतिशतलाई अध्ययन गर्दा २०६४ सालको नतीजा ६१.९९% र २०६६ सालको ÷ ४८ ९७.४१% को दाँजोमा २०६५ सालको नतीजा ६५.३५% रहेको छ जसबाट २०६४ र २०६६ को नतीजा प्रतिसत भन्दा २०६५ सालको नतीजा प्रतिशत उच्च रहेको पाईन्छ । यो नतीजालाई तालिका नं.३ मा रहेको श्रोतव्यक्ति र वि.नि.ले विद्यालय निरीक्षण गरेको यर्थाथ स्थिति सँग तुलना  गर्दा २०६४ र २०६६ सालमा भन्दा २०६५ सालमा वढी पटक निरीक्षण गरेको पाइन्छ । त्यसैले प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षणले विद्यालयको नतीजा पनि बढेको पाइन्छ भने कम पटक निरीक्षण तथा सुपरिवेक्षण हुँदा नतीजामा पनि ह्रास आएको पाइन्छ । तर्सथ सुपरिवेक्षण तथा निरीक्षणले शैक्षिक उपलव्धिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

यसरी नै एस.एल.सी. परीक्षाको श्रोतकेन्द्र स्तरीय, जिल्ला स्तरीय र केन्द्रीय स्तरीय नजीतालाई तुलनात्मक अध्ययन गर्न निम्न अनुसारको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं.९**


**विगत तीन वर्षको एस.एल.सी. परीक्षाको नतीजा प्रतिसत**

| विवरण | २०६४ | २०६५ | २०६६ | औसत |
|---|---|---|---|---|
| श्रोतकेन्द्र | ४७.९२ | ४७.८५ | ३५.८८ | ४३.८८ |
| जिल्ला | ४९.७५ | ६६.५१ | ५२.३९ | ५६.२२ |
| केन्द्र | ६३.७३ | ६८.७४ | ६४.३१ | ६५.५९ |
| औसत | ५३.८० | ६१.०३ | ५०.८६ | ५५.२३ |

स्रोत अभिलेख २०६७

**तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा**

**चित्र नं. ५**




एस.एल.सी. परीक्षाको श्रोतकेन्द्र, जिल्ला र केन्द्रीय स्तरीय नतीजाको औसत प्रतिशत २०६४ सालमा ५३.८०%बाट बढेर २०६५ सालमा ६१.०३% पुगेको र २०६६ सालमा फेरि नतीजामा गिरावट आई ५०.८६%रहेको छ । गत तीन वर्षको श्रोतकेन्द्र स्तरीय नतीजाको औसत ४३.८८ %रहेको छ भने सोही अवधीको जिल्ला स्तरीय नतीजा ५६.२२% र केन्द्रीय स्तरीय नतीजा ६५.५९%रहेको छ । स्तम्भ चित्रबाट पनि यो प्रष्ट हुन्छ की श्रोतकेन्द्र स्तरीय *S.L.C.* परीक्षाको परिणाम भन्दा जिल्ला स्तरीय *S.L.C.* परीक्षाको परिणाम बढेको र जिल्ला स्तरीय *S.L.C.* परीक्षाको परिणाम भन्दा केन्द्रीय स्तरीय *S.L.C.* परीक्षाको परिणाम अझै बढेको छ । यस अध्ययनमा सामूदायिक विद्यालयको मात्र श्रोतकेन्द्र स्तरीय परिणाम उल्लेख गरिएको तर जिल्ला स्तरीय र केन्द्रीय स्तिरीय परिणाम भने संस्थागत विद्यालय सहितको उल्लेख गरिएकोले संस्थागत विद्यालयको प्रभावले परिणाम बढ्दै गएको देखिन्छ । यस तथ्यबाट यो निष्कर्षमा पुग्न सकिन्छ की शैक्षिक उपलब्धि वृद्धि गर्न सुपरिवेक्षणका साथै अन्य तत्वहरु पनि जिम्मेवार रहेका हुन्छन ।

*Adams & Dickey (1966)* ले शिक्षण शिकाईलाई प्रभावकारी बनाई अपेक्षित उद्देश्य प्राप्त गर्ने र शिक्षणमा सुधार ल्याउने योजनावद्ध कार्यक्रम नै शैक्षिक सुपरिवेक्षण हो भनेका

छन् । सुपरिवेक्षकले *Status Leader* तथा समूह नेता *Group Leader* को भूमिका निभाउनु पर्ने, बैठक गोष्ठि सेमिनारका माध्यमबाट विद्यालयमा शिक्षण सिकाई प्रक्रिया देखि मूल्याङ्कन पद्धति सम्म सुधार गर्दै परीक्षाको विश्लेषण गरी अभिभावकलाई समेत सचेत गर्नु गराउनु पर्छ तर यो सिद्धान्त अनुसारको क्रियाकलाप यो क्षेत्रमा भएको पाइएन । विद्यालयमा नियमित पढाई लेखाई छैन तल्लो कक्षाबाट एक वा दुई विषयमा उत्तीर्ण हुने विद्यार्थीलाई दशौ कक्षा सम्म उत्तीर्ण गरी कक्षा चढाउने परिपाटी छ । कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतीको अवधारणलाई शिक्षकहरुले बुझ्न नसकि जान्ने नजान्ने सबै विद्यार्थीलाई कक्षोन्नती गराउने परिपाटी विकास भएको छ । विद्यालयमा शैक्षिक सामग्रीको अभाव, विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको कमि र अभिभावकको चेतना स्तर कमिका कारण छोरा छोरीलाई परीक्षामा नक्कल गराएर भए पनि पास गराउनु पर्ने धारणा छ । विद्यालयमा विद्यार्थीलाई पठन पाठनमा नियमित नपठाई घरायसी काम काजमा संलग्न गराउनु जस्ता कार्य अभिभावकबाट भएको पाइन्छ भने विषय शिक्षकको व्यवस्था हुन नसक्नु, तालिम प्राप्त शिक्षकको अभाव रहनु जस्ता कुराले शिक्षण सिकाइमा राम्रो प्रभाव पार्न सकेको छैन । यस क्षेत्रमा अन्य विद्यालयको तुलनामा मेचीनगर-५ स्थित कवि शिरोमणी मा.वि. को तीनै वर्षको नतीजा भने सन्तोषजक नै देखा पर्नुमा अरु विद्यालयको तुलनामा यो विद्यालयका विद्यालय संग सरोकारवालाहरु प्र.अ., शिक्षक, वि.व्य.स. र अभिभावकको *Team Work* कराम्रो हुनुका साथै प्र.अ. र वि.व्य.स. द्वारा हुने सुपरिवेक्षण कार्य प्रभावकारी रहनु रहेको छ । यस क्षेत्रमा विद्यार्थीको राम्रो नतीजा ल्याउन उनीहरुलाई सिकाई प्रति मेहनत गर्न लगाउनु पर्ने, कक्षा शिक्षणमा बढी भन्दा बढी शैक्षिक सामग्री प्रयोगमा जोड दिने परिपाटी सृजना गर्नु गराउनु आवस्यक छ । शाही (२०६१ ) ले भने झै यस क्षेत्रमा पनि नियमित सुपरिवेक्षणको माध्यमबाट विद्यालयमा लिईने परीक्षालाई स्वाच्छ र मर्यादित गराई नतीजा प्रकाशित गर्ने परिपाटीको विकाश गरिनुपर्छ ।

### ४.३. विद्यालय सुपरिवेक्षणका समस्याहरु

वर्तमान विश्व कुनैपनि क्षेत्रमा समस्यामुक्त छैन । शैक्षिक क्षेत्र पनि धेरै समस्याले जेलिएको छ । शिक्षाको गुणस्तर विकाशगर्न र व्यवस्थापनमा सुधारगर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ देखि हालसम्म निरीक्षण सुपरिवेक्षण सम्बन्धी धेरै प्रयासहरु गरिदै आएका छन् । पोखेल (२०६१) ले आफ्नो लेखमा प्रसतुत गरे झै करोडौं, अरवौंका योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन सकिरहेका छैनन् । वि.सं. १९९८ देखि शुरुवात भएको

विद्यालय निरीक्षण कार्य एउटा निश्चित प्रणालीको रुपमा विकशित एवं व्यवहारमा कार्यान्वयन भई आलोचना मुक्त हुन सकिरहेको छैन । सुपरिवेक्षण गर्नु एउटा कठीन र चुनौतिपूर्ण कार्य हो । नयाँ शिक्षक, तालिम अप्राप्त शिक्षकहरुलाई सहीमार्ग निर्देशन गर्नुपर्ने हुन्छ । यसको लागि विषयगत दक्षता, वैयक्तिक र सामाजिक गुण भएका सुपरिवेक्षक हुनु अत्यन्त आवस्यक छ । अध्ययन क्षेत्रको स्थलगत अध्ययन र जि.शि.अ., वि.नि., श्रोतव्यक्ति, प्र.अ., वि.व्य.स.पदाधिकारी तथा शिक्षकहरु सँग गरिएको प्रश्नवलीको आधारमा यस क्षेत्रका विद्यालयमा देखिएका सुपरिवेक्षण सम्बन्धी समस्याहरु निम्न बमोजिम उल्लेख गरिएको छ ?

### ४.३.१ नीतिगत समस्याहरु

शैक्षिक सुपरिवेक्षणको बोझ थामिरहेको स्रोतकेन्द्रको परिभाषा, श्रोतव्यक्तिको काम कर्तव्य र अधिकार शिक्षा नियमावलीमा स्पष्ट रुपमा उल्लेख नहुनु, केवल शिक्षा बिभागले परिपत्र गरी पठाइएको चिठीमा मात्र स्रोतव्यक्तिको काम कर्तव्य तोक्ने परिपाटीले श्रोतव्यक्तिद्वारा गरिने सुपरिवेक्षण प्रभावकारी हुन सकेको छैन । श्रोतव्यक्ति र वि.नि. को काम कर्तव्यको प्रकृति एउटै हुदाहुँदै दुई अलग अलग पदको व्यवस्था हुनुले एक अर्काको प्रतिक्षा गर्नाले पनि सुपरिवेक्षणमा समस्या देखिएको छ । वि.नि.र श्रोतव्याक्ति बीच स्पष्ट रुपमा काम, कर्तव्य र अधिकारको बाँड फाँड हुन नसक्नु पनि एउटा समस्याको रुपमा देखिएको छ । श्रोत केन्द्रमा स्रोतव्यक्तिहरुलाई आवस्यक पर्ने सहायक स्तरको कर्मचारीको व्यवस्था नगरिनु, सुपरिवेक्षकहरुलाई पुरस्कार र दण्ड दिने अधिकार प्रत्यायोजन नगरिनु, विषयगत रुपमा वि.नि. तथा श्रोतव्यक्तिको व्यवस्था हुन नसक्नु, विद्यालयमा गरिएको निरीक्षण र अन्य कार्यक्रम सरोकारवाला अभिभावकलाई जानकारी दिने परिपाटी नहुनु, लक्ष्य अनुरुप सुपरिवेक्षण कार्यमा प्रगति भए नभएको अनुगमन नगरिनु,वि.नि. श्रोतव्यक्ति, प्र.अ., वि.व्य स. तथा अभिवाभवको अनिवार्य समन्वय र सहकार्यको वारेमा कहिँ कतै स्पष्ट नपारिनु, केन्द्रमा रहेको जस्तै निरीक्षणालयको व्यवस्था जिल्ला स्तरमा पनि हुनुपर्नेमा त्यसो नभएको, जि.शि.का.तथा श्रोतकेन्द्र दुवैले केवल प्रशसनिक काममा मात्र व्यस्त हुनुपर्ने स्थिति कायमै रहेको जस्ता समस्याहरु सुपरिवेक्षण क्षेत्रमा रहेको पाइयो ।

### ४.३.२ व्यवहारिक समस्याहरु

देशमा लामो समयदेखि स्थायी र दिगो सरकार गठन हुन नसक्दा हरेक संयन्त्रहरु अस्तव्यस्त भइरहँदा शिक्षा क्षेत्रको सुपरिवेक्षण कार्य पनि अस्तव्यस्त रहेको देखिन्छ ।

श्रोतकेन्द्रको संख्या घटाइनुले श्रोतव्यक्ति तथा वि.नि.को कार्यक्षेत्र बढी भएकाले पनि सवै तिर समान रुपले सुपरिवेक्षण कार्य भइरहेको पाइँदैन । सुपरिवेक्षकमा विषयगत ज्ञानको अभावले गर्दा शिक्षण सिकाइ सम्बन्धी सुझाब दिन तथा परेका समस्याहरु समाधान गर्न कठिनाई परेको पाइन्छ । सामान्यतया शिक्षाशास्त्रमा स्नातकहरु सुपरिवेक्षक भईरहेको स्थितिमा विद्यालयमा लामो अनुभव संगालेका डिग्री हासिल गरेका शिक्षकहरु सामु निरीक्षकहरु यदाकदा फिका सावित भएको स्थिति समेत पाईन्छ । निरिक्षकहरु स्थानीय आवश्यकता र वस्तुस्थिति प्रति अनभिज्ञ हुदा उहाँहरुले गरेका कार्यहरुमा कृत्रिमता झल्किएको देखिन्छ । नियमावलीमा व्यवस्था गरिए जस्तो सुपरिवेक्षकहरुबाट नमुना पाठ प्रदर्शन भएको कमै पाइन्छ । निरीक्षणको क्रममा खालि प्रशासनिक प्रकृतिको निरीक्षण मात्र हुनु, समस्याहरु मात्र औल्याइनु तर रचानात्मक सल्लाहहरु भने नदिएको पाइन्छ । प्र.अ. तथा वि.व्य.स.बाट सुपरिवेक्षण गरिनुपर्छ भनिएता पनि व्यवहारमा कमै पाइएको छ । राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको परिपाटी नरहेकोले राम्रो काम गर्नेहरु पनि क्रमस निरुत्साहित वन्दै गईरहेको पाइन्छ । त्यसैले “सरकारी काम कहिले जाला घाम” ले व्यापकता पाईरहेको अवस्था कायम छ ।

### ४.३.३. स्थानीय समस्याहरु

अध्ययन क्षेत्रका विद्यालयहरु यातायातको दृष्टिकोणले कुनै नजिक र कुनै टाढा रहेकाले पनि सवै विद्यालयमा समान रुपले सुपरिवेक्षण कार्य हुन सकेको छैन । श्रोतकेन्द्रको संख्या घट्नाले श्रोतकेन्द्रको आकार वढ्न गई थप समस्या थोपरीएका छन् । तालिम, गोष्ठी र सेमीनारहरु औपचारिक मात्र हुन पुगेकाले लक्षित वर्गले आवश्यक फाईदा लिन नसकि रहेको अवस्था छ । शैक्षिक गतिविधिमा प्रा.वि.को. परीक्षा मात्र श्रोतकेन्द्र स्तरीय गरीएको र नि.मा.वि र मा.वि.को परीक्षा भने विद्यालयलाई नै सञ्चालन गर्न दिइएकोले यस श्रोतकेन्द्रका विद्यालयको परीक्षामा एकरुपता नदेखिनुको साथै विद्यालयले आफु खुशी पठन पाठन गरी कोर्स नै पुरा नगरी परीक्षा लिएको पाइन्छ । स्थानीय पदाधिकारी तथा विद्यालय परिवार बीच उचित सम्वन्ध र समन्वयको अभाव देखिएको छ । स्थानीय स्तरमा उपलब्ध मानव श्रोतको उचित परिचालन गरी लाभ लिन सकिएको छैन । शिक्षक ,प्र.अ. तथा अभिभावक वर्गलाई सुपरिवेक्षणको मुल मर्म वारे जानकारी नहुँनु र आबस्यक मात्रामा तालिम ,अनुगमन तथा सञ्चारको व्यवस्था प्रभावकारी नहुनु जस्ता स्थानीय समस्या रहेका छन् ।

सापकोटा (२०५६) ले शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरिनुपर्छ भने झै यस अध्ययन क्षेत्रमा त्यसो नभएको तर सुपरिवेक्षणलाई सरोकारवालाको कार्य व्यवस्तताको कारणले नराम्रो सँग प्रभावित पारिएको पाइयो । यस उप शिषर्क अन्तरगत वर्तमान सुपरिवेक्षणका वाधक तत्वहरु केलाउने क्रममा जि.शि.अ. श्रोतव्यक्ति, वि.नि, १२ जना प्र.अ.र १२ जना वि.व्य.स. पदाधिकारी गरी जम्मा २७ जना सग गरीएको प्रश्नवालीको आधारमा ५१.८५%ले कार्य व्यस्ततालाई, ३७.०४%ले लापरबाहीलाई र ११.११% ले राजनैतिक अस्थिरतालाई प्रमुख बाधक तत्वको रुपमा स्वीकारेको पाइयो । तसर्थ हालै देशमा भएको राजनैतिक परिवर्तनले यस क्षेत्रको शैक्षिक सुपरिवेक्षणमा पनि क्रमस अनुकुल प्रभाव पार्दै जाने संकेत मिलेको भान भएता पनि वर्तमान संक्रमण-कालिन अवस्थामा सुपरिवेक्षण सम्बन्धी उल्लेखनीय काम भएको पाईएको छैन ।

### ४.४ समस्या सामाधानका सम्भावित उपायहरु

अध्ययन क्षेत्रको स्थलगत अध्ययनको क्रममा जि.शि.अ., श्रोतव्यक्ति, वि.नि., प्र.अ., वि.व्य.स. पदाधिकारी र शिक्षकहरु सँग गरिएको छलफल तथा प्रश्नावलीको आधारमा निम्न बमोजिमका समस्या सामाधानका उपायहरु भएको ठहर गरिएको छ ।

### ४.४.१ सम्भावित नीतिगत उपायहरु

शिक्षा ऐन र नियामावलीमा श्रोतकेन्द्र र श्रोतव्यक्तिको बारेमा स्पष्ट रुपमा उल्लेख गरी यस कार्यलाई बैधानिकता दिनुपर्छ । श्रोतव्यक्तिको नियुक्त योग्य र अनुभवी शिक्षकहरु मध्येबाट लोकसेवा आयोग वा सोही स्तरको आयोगबाट निष्पक्ष रुपमा गर्ने व्यवस्था मिलाउनु पर्छ । श्रोतव्यक्ति तथा बि.नि.को पदलाई समान स्तरको र समान उत्तरदायित्वको बनाइनु पर्छ । मन्त्रलाय स्तरमा रहेको विद्यालय निरीक्षणालय जस्तो निकाय जिल्ला स्तरमा पनि स्थापना गरिनु पर्छ । श्रोतकेन्द्रलाई इलाका स्तिरीय शैक्षिक सेवा केन्द्रको रुपमा बैधानिकता दिई अनिवार्य रुपमा वि.नि. वा श्रोतव्यक्ति कार्यालय मै बस्ने व्यवस्था मिलाउनु पर्ने साथै नियमित कार्यालय संचालनको लागि एक सहायक स्तरको कर्मचारी तथा पिउन समेतको व्यवस्था गरीनु पर्छ । शिक्षा नियामावली मै राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई दण्डित गनु पर्ने स्पष्ट उल्लेख गरिनु पर्छ । वि.नि. तथा श्रोतव्यक्ति नियुक्ति गर्दा शिक्षाशास्त्रमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर डिग्री हासिल गरेका व्यक्तिहरुलाई ग्राहयता दिइनु पर्छ । सुपरिवेक्षकहरु तथा स्थानीय अभिभावकहरु र वि.व्य.स. पदाधिकारीहरु वीच अनिवार्य समन्वय गर्न एक संयन्त्रको

निर्माण गरिनु पर्छ । काफ्ले (२०५९) ले भने झै शक्तिनिहित निरीक्षण पद्धतिको सट्टामा शक्तिरहित निरीक्षण पद्धति लागू गरिनुपर्छ । जसले सुपरिवेक्षणमा निरंकुश शैली र तौरतरीकालाई निरुत्साहित गर्दै प्रजातान्त्रिक परीपाटीको विकास हुदै जान्छ ।

### ४.४.२ व्यवाहारीक तथा स्थानीय स्तरमा समाधान गर्न सकिने सम्भावित उपायहरु

सुपरिवेक्षकहरुलाई परम्परागत प्रशासनिक निरीक्षण गर्नुको साटो क्रमस उपचारात्मक निरीक्षण तर्फ लाग्न प्रशिक्षित गरिनुपर्छ । शिक्षा क्षेत्रमा देखिएको राजनैतिक हस्तक्षेपलाई क्रमस निरुत्साहित गरिदै लगिनु पर्छ । जसको कारणले वि.व्य.स. को गठनमा कुनै हस्तक्षेप नहोस् । प्र.अ. तथा योग्य र तालिम प्राप्त शिक्षकहरुबाट समेत सुपरिवेक्षणमा अनिवार्य सहयोग लिइनु पर्छ । सकेसम्म दुर निरीक्षणलाई भन्दा निकट निरीक्षणलाई प्राथमिकता दिई सुपरिवेक्षकहरु हरेक विद्यालयमा तोकिएको समयमा पुग्नै पर्ने व्यवस्थालाई कडाइका साथ पालना गरिनु पर्छ । पुरस्कार र  दण्डको व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजानुपर्छ । जिल्लाको वार्षिक क्यालेण्डरमा सुपरिवेक्षणलाई समेत स्थान दिइनुपर्छ । विद्यालयलले पाउने प्रशासनिक  खर्चबाट केही प्रतिशत रकम अनिवार्यरुपमा श्रोतकेन्द्रको कोषमा जम्मा गर्ने व्यवस्था मिलाउँदै श्रोतकेन्द्रलाई  आर्थिक रुप ले पनि सक्षम र सवल बनाउनु पर्छ । श्रोतकेन्द्र मार्फत हुने प्रशासनिक कार्यहरुलाई क्रमस घटाउदै शिक्षण सिकाई तर्फ जोड दिइनु पर्छ ।

सापकोटा (२०५६) ले आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गरेझै शिक्षा क्षेत्रमा राजनैतिक हस्तक्षेप हुन नहुने नीति नियमलाई व्यबहारमा लागू गर्नु पर्ने, शैक्षिक प्रशासनिक र सुपरिवेक्षणलाई प्रभावकारी रुपमा लागू गरिनु पर्ने, स्थानीय निकायहरुलाई समेत ऐन नियममा नै स्पष्ट व्यवस्था गरी सुपरिवेक्षणमा लगाउनु पर्ने जस्ता सुझाबहरु कमै मात्रमा लागू भएका छन् । यी सुझाबहरुलाई क्रमश लागु गर्दै जाने हो भने  शैक्षिक सुपरिवेक्षणको प्रभावकारीता बढ्ने देखिन्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ, भने यस क्षेत्रको सुपरिवेक्षको प्रमुख बाधक तत्व भनेको कार्य व्यवस्तता,  लापरबाहि पन र राजनतिक अस्थिरता रहेका छन । यी कुराको  अन्त्य पछि सुपरिवेक्षण बिस्तारै प्रभाकारी बन्दै जाने देखिन्छ  र देशको वर्तमान संक्रमणकालीन अवस्था मै सुभलक्षण मिल्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद : दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अनुसन्धानकर्ताले नयाँ तथ्य, ज्ञान र सिद्धान्त प्रतिपादन गर्नु पर्ने भएकोले छनौट गरिएकै क्षेत्र र समस्यामा रहेर पहिले कसैले अध्ययन गरेको वा नगरेको निर्क्योल गर्नपनि सम्बन्धित साहित्यको पुनरावलोकन आवश्यक हुन्छ । यसबाट अनुसन्धान कर्ताले सम्बन्धित विषय क्षेत्रमा भएका अध्ययन र तिनका निष्कर्ष एवम् निचोड उल्लेख गरेमा थप स्पष्टता पाउन सकिन्छ । अर्को तिर पहिले भइसकेका अध्ययन र अनुसन्धानको निष्कर्षको परीक्षण गर्न समेत यसबाट सहयोग मिल्ने हुनाले अध्ययन क्षेत्रको यथेष्ट विषय वस्तुको परिचय, जानकारी एवम्  ज्ञानका लागि शोधशीर्षकसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरिएको छ । जसले प्राप्त विवरण तथा निष्कर्षहरुलाई अझ बढी विश्वासनीय बनाउन मद्दत मिल्ने  अपेक्षा गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

**शाही (२०६३)** का अनुसार अनुगमन र सुपरिवेक्षणको कमिले विद्यालय सुधार योजना  वापत  विद्यालयलाई दिइने अनुदान वढि पाउने र शिक्षक दरवन्दी थप गराउने उद्देश्यले काल्पनिक विद्यार्थी संख्या तथ्याङ्क विवरण फारममा भरी पठाइएको, विद्यालय सुधार योजना (S.I.P) वापत प्रप्त रकम शिर्षक अनुसार खर्च नगरेको, शिक्षक दरवन्दी, शिक्षक विद्यार्थी अनुपात अनुसार ११ वर्ष पहिले देखि मिलान हुन नसकेको, नियमित सुपरिवेक्षणको अभावमा शिक्षक र विद्यार्थीको औसत उपस्थिति कम रहेको, शिक्षक अनुपस्थिति रहे पनि हाजिरीमा काज देखाउने गरेको, विद्यार्थीहरु अन्य समयमा कम उपस्थित रहे पनि परीक्षाको वेलामा मात्र उपस्थित हुने गरेको र यस वारेमा प्र.अ., वि.व्य.स. निष्कृय रहेका, सुपरिवेक्षकहरु कार्य क्षेत्रमा गई तथ्यगत रुपमा वास्तविकता नवुझ्दा विद्यालयको भौतिक अवस्था अस्तव्यस्त रहेको, ५४% प्र.अ. वाट सुपरिवेक्षण नै नभएको, ७६.४८% विद्यालयले विद्यालय सुधार योजना कार्यान्वयन नगरेको, जिल्लामा निरिक्षकको दरवन्दी पुरा हुन नसकेको, भएका वि.नि. लाई पनि विभिन्न फाँटको शखा अधिकृतको जिम्मेवारी दिएको, श्रोतव्यक्तिलाई सुपरिवेक्षणको जिम्मेवारी दिएता पनि द्वन्द्व र आम हड्तालको कारण देखाई जिम्मेवारी वहन गर्न नसकेको जस्ता तथ्यगत निष्कर्ष यस सोध पत्रले प्रस्तुत गरेको छ ।

विद्यालयको विवरण भर्दा सत्य तथ्य विवरण उपलव्ध गराउनको लागि श्रोतव्यक्ति हरुलाई प्रत्येक विद्यालयमा पुगी तथ्याङ्क भर्न लगाई संकलन गर्ने काम श्रोतव्यक्तिवाटै गरिनुपर्ने, विद्यालय सुधार योजना *(S.I.P)* वापत प्राप्त अनुदान शिर्षक अनुसार प्रयोग गरे नगरेको अनुगमन गरिनु पर्ने, श्रोतव्यक्तिले दिएको प्रतिवेदन अनुसार दरवन्दी मिलान गरिनु पर्ने, श्रोतव्यक्ति तथा वि.नि. लाई विद्यालय सुपरिवेक्षण गर्न कुनै पक्षले अवरोध खडा गर्न नहुने, शिक्षक अनुपस्थित हुँदा विदा स्विकृती गरी वस्नु पर्ने, वि.नि. तथा श्रोतव्यक्तिले छड्के निरिक्षण गरी अनियमितता गरिएमा कानूनी प्रकृया अपनाउनु पर्ने, ९०% हाजिरी नहुने विद्यार्थीलाई वार्षिक परीक्षामा वस्न नदिने व्यावस्था कार्यान्वयन गरिनुपर्ने, कुसल व्यवस्थापन, सुपरिवेक्षण सम्वन्धि ज्ञान, सिप र दक्षता भएको व्यक्तिलाई शिक्षा नियमावली ( २०५९) वमोजिम प्र.अ. नियुक्ति गरिनुपर्ने, वि.व्य.स. गठन गर्दा शिक्षा नियमावलीमा आधारित रही शिक्षा प्रति विषेश चासो भएको शिक्षित व्यक्तिलाई छनोट गर्ने वातावरण श्रृजना गरिनु पर्ने, श्रोतव्यक्ति वा वि.नि को रिक्त दरवन्दी तुरुन्त पूर्ती गरिनु पर्ने, वि.नि तथा श्रोतव्यक्तिले जिम्मेवारी पुरा गरे नगरेको जि.शि.का. ले अनुगमन गर्नु पर्ने, प्र.अ. लाई वढिमा दुई पिरियड शिक्षण गर्ने र वाँकी पिरियडमा कक्षा अवलोकन तथा सुपरिवेक्षण कार्यमा लगाउने व्यावस्था मिलाउनु पर्ने, विद्यालय निरीक्षकहरुमा शैक्षिक प्रशासन तथा सुपरिवेक्षण सम्वन्दी विशेष ज्ञान हुनुपर्ने भएकोले शैक्षिक योजना तथा व्यावस्थापन विषयमा स्नाकोत्तर उत्तीर्ण गरेका व्यक्तिवाट मात्र वि.नि छनोट गर्नुपर्ने जस्ता सुझावहरु यस सोध पत्रले उल्लेख गरेको छ ( शाही, २०६३) ।

**पौड्याल** (२०६३) का अनुसार शैक्षिक सुपरिवेक्षण *Wales* र *Cogan* ले भने जस्तो आधुनिक प्रवृतिको नरहेको द्वन्द्व र असुरक्षाको कारणले शिक्षक र विद्यार्थीको उपस्थिती कम रहेको ले शैक्षिक उपलव्धि घटेको, प्र.अ. ले प्रशासनिक कार्य र आफ्नो पिरियड पढाउनमा नै व्यस्त रहनु, शैक्षिक सुपरिवेक्षण हुन नसक्नु र सिकाई उपलव्धि माथि उठ्न नसक्नु, वि.व्य.स. को वैठक मात्र वस्नु तर सुपरिवेक्षण कार्य भने नगर्नु, विद्यालयमा प्र.अ. अभिभावक तथा विद्यार्थी, वि.व्य.स.का पदाधिकारीहरु वीच समन्वय र छलफलको अभाव रहनु, श्रोतव्यक्ति, वि.नि र जि.सि.अ. वाट वर्षमा १/२ पटक मात्र निरिक्षण हुँदा सुपरिवेक्षणकार्य ओझेलमा परेको, कार्यरत वि.नि तथा श्रोतव्यक्ति प्रायः तालिम तथा काजमा रहेर अन्य जिम्मेवारी वहन गर्नुले सुपरिवेक्षण कार्यले पूर्णता नपाउनु, वि.नि. तथा श्रोतव्यक्तिहरुवाट सवै विषयको समस्या समाधान हुन नसक्दा शिक्षकहरुले निरीक्षकलाई

कम पत्याउने गरेको, शैक्षिक सत्रको वीचमा सुपरिवेक्षकको सरुवा हुनु, विद्यालय सुपरिवेक्षणमा श्रोतव्यक्ति र वि.नि.को भुमिका प्रष्ट नहुँदा अन्योलको अवस्था देखिनु, निरीक्षण प्रतिवेदन जि.शि.का. वाट तत्काल कार्यान्वयन नहुनु । राम्रो सुपरिवेक्षण गर्ने र नगर्ने निरीक्षक उपर एउटै दृष्टिकोणवाट हेरिनु ,ऐन, नियमको वारेमा जानकारी दिन तालिम तथा गोष्ठिको व्यावस्था गर्न नसक्नु जस्ता निष्कर्षहरु यो अध्ययनले प्रस्तुत गरेको छ ।

वार्षिक कार्ययोजना तयार गर्दा सरोकारवाला सवै मिलेर तयार पार्नुपर्ने, विद्यालयहरुलाई शान्तिक्षेत्र घोषित गरी राजनीतिवाट अलग राखिनुपर्ने, शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोगले विषयगत तालिम प्राप्त, योग्य शिक्षकको छनौट गरिनु पर्ने, परीक्षा प्रणालीलाई मर्यादित एवम् अनुशासित वनाउनु पर्ने, निरीक्षकको अधिकार निरीक्षकले नियमित निरीक्षण गर्नुपर्ने, सुपरिवेक्षण प्रशासनिक निरीक्षणमा भन्दा शैक्षिक क्रियाकलापमा वढी हुनुपर्ने, सुपरिवेक्षण प्रकृया *Cogan* ले भने जस्तो चरणवद्ध रुपमा र सुपरिवेक्षकको भूमिका *Wales* ले भने जस्तो परिर्वतन कर्ताको रुपमा हुनुपर्ने । प्र.अ. लाई प्रशासनिक र सुपरिवेक्षणको काम मात्र जिम्मा दिनुपर्ने, शिक्षक र निरिक्षकलाई राजनैतिक दृष्टिले हेरिनु नहुने, वि.व्य.स मा योग्य र वि.व्य.स. को काम कर्तव्य र अधिकार वोध गर्ने खालका व्यक्तिहरु छनौट गरिनुपर्ने, विद्यालय सुपरिवेक्षण सम्वन्धि प्राप्त भएका प्रतिवेदनहरुको आधारमा विना पूर्वाग्रह जि.शि.का वाट प्रतिवेदनमा सुझावहरु कार्यान्वयन गरिनुपर्ने, शिक्षा नियमावलीमा उल्लेखित जि.शि.अ. , वि.नि., प्र.अ. र वि.व्य.स. का पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार अक्षरस पालन गर्नु गराउनु पर्ने जस्ता महत्वपूर्ण सुझावहरु यस अध्ययनले प्रष्ट उल्लेख गरेको छ (पौड्याल, २०६३ ) ।

**अधिकारी** (२०६५) का अनुसार  निरिक्षक विद्यालय अनुपात शिक्षा नियमावलीले तोके भन्दा वढी हुनु, जसको कारणले निरिक्षक आफुलाई तोकेको विद्यालयहरुमा वर्षमा १ पटक पुग्न पनि नसक्नु , निरीक्षकहरु पदीय जिम्मेवारी र दायित्ववाट पन्छन खोज्नु र निरीक्षणमा खटिन अनिच्छुक रहनु , उद्देश्य अनुरुप निरीक्षकको परिचालन गर्न नसकेर वेकामी हुनु, निरीक्षक-जि.शि.अ., निरीक्षक-प्र.अ., निरीक्षक-शिक्षकहरु वीच सह-सम्बन्ध स्थापित हुन नसक्नु, फिल्डमा खटिइजाने सुपरिवेक्षकलाई दिने गरेको मासिक रु ९०० ज्यादै न्यून रहेकोले फिल्डमा जान नचाहानु , प्र.अ. ले नियमित र प्रभावकारी रुपमा कक्षा शिक्षण गराउन नसकेको, केन्द्रिय तहले निर्माण गरेको नीति जिल्लाले कार्यान्वयन गर्ने हुनाले क्षेत्रिय

तह निष्क्रिय  वनेको, वढुवावाट आएका निरीक्षकहरु सँग प्राज्ञिक डिग्री समेत नभएको, काम नगर्नेहरुको वोलवालाले कार्य गर्नेहरुको जोस, जाँगर, आत्मावललाई निरुत्साहित वनाएको, विषयगत सुपरिवेक्षकको अभावले कक्षा अवलोकन तथा तथ्याङ्कको व्याख्या, विश्लेषण, सुधारका कार्यक्रम जस्ता कुरामा ध्यान नपुगेको, श्रोतव्यक्तिहरु राजनैतिक सिफारिसका आधारमा नियुक्ति हुने भएकाले उनीहरुको काम पनि राजनैतिक पूर्वाग्रहवाट अभिप्रेरित हुने गरेको यसको छनौट र नियुक्ती लोकसेवा आयोगवाट गर्ने प्रावधान नभएको, केही वि.नि. तथा श्रोतव्यक्तिहरुमा  आफ्नो पेशा प्रति पूर्ण विश्वास नरहेको र फिल्डको कर्मचारी सम्झी घरमानै वसिरहने प्रवृती रहेको, राजनैतिक सोचको आधारमा वि.व्य.स. गठन हुनु वा गठन नै हुन नसक्नु जस्ता विद्यालय निरीक्षणका  समस्या एवम् चुनौतीहरु रहेको उल्लेख गरिएको छ  (अधिकारी, २०६५) ।

**रा.शि.प.यो. (२०२८-२०३२)** प्रस्तुत प्रतिवेदनमा प्रत्येक जिल्लाका प्रा.वि., नि.मा.वि. र मा.वि.का लागि विद्यालय निरीक्षक रहनुपर्ने , प्रत्येक निरीक्षकको योग्यता प्रा.वि. को लागि आई एड् वा सो सरह र तालिम प्राप्त, नि.मा.वि. र मा.वि. को लागि वि एड् वा सो सरह  तालिम प्राप्त हुनुपर्ने, निरीक्षकले समय समयमा विद्यालयमा पुगि शिक्षकहरुको कामको मुल्याङ्कन गर्नु पर्ने, शिक्षकहरुलाई राम्रो काम गर्न प्रोत्साहन र सल्लाह दिनु पर्ने , जिल्ला अर्न्तगतका विभिन्न क्षेत्रमा गई काम गरे वापत निरीक्षकहरुलाई मासिक तलवको ३३% थप सुविधा दिई निरिक्षण कार्यलाई प्रभावकारी पार्ने व्यावस्था भएको उल्लेख छ ।

**शिक्षा नियमावली (२०५९)** प्रस्तुत नियमावलीमा निरीक्षकको काम कर्तव्य र अधिकार तोकिएको छ । जस अनुसार प्रत्येक महिनामा कम्तिमा एक पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने, यस काममा प्र.अ. र वि.व्य.स. सँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धि व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने व्यावस्थाको उल्लेख छ । विद्यालय निरीक्षण सम्वन्धि प्रतिवेदन प्रत्येक महिना गाउँ शिक्षा समिति वा नगर पालिका र जिल्ला शिक्षा अधिकारी समक्ष पठाउनु पर्ने व्यावस्था छ । नमुना शिक्षण गर्ने प्रयोजनका लागि समय समयमा प्र.अ. सहित शिक्षकको वैठक वोलाई समस्या समाधानका लागि आवश्यक काम गर्नुपर्ने कुरा उल्लेख छ । शिक्षकहरुको मुल्याङ्कन गरी त्यसको अभिलेख राख्नुपर्ने, विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न प्र.अ. तथा वि.व्य.स. का अध्यक्षहरुको गोष्ठि गर्नुपर्ने, परीक्षा समितिको निर्देशन वमोजिम परीक्षा सञ्चालन गर्ने गराउने, विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए

नभएको निरीक्षण गर्ने गराउने, आफ्नो क्षेत्र भित्रका शैक्षिक तथ्याङ्क संकलन तथा विश्लेषण गरी जि.शि.का. पठाउने, शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने, श्रोतव्यक्तिको कामको अनुगमन गरी प्रत्येक महिना गाउँ शिक्षा समिति र जि.शि.का.मा प्रतिवेदन पेश गर्ने, विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने । शिक्षकहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरी अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सो को जनउ सम्वन्धित वि.व्य.स,.गा. शि.स.र जि.शि.अ. समेतलाई वुझाई दिने कुरा उल्लेख छ ।

**कुशियैत** (२०६७) का अनुसार प्राचिन शिक्षा प्रणालीमा कसले कुन गुरुवाट शिक्षा प्रप्त गरेको हो भन्ने कुराको ठुलो महत्व हुन्थ्यो । कसले कस्तो शिक्षा र शैक्षिक संस्कार पाएको भन्ने कुराको मापदण्ड नै गुरु र गुरुकुल हुने गर्दथे तर हिजो आज शिक्षाको परिपाटीमा निकै परिर्वतन आएको छ । शिक्षा ज्ञान सित मात्र नभएर रोजगारी सित पनि जोडिदै गएपछि शिक्षाको अवसरलाई व्यापक वनाउनका लागि एउटा औपचारिक संस्थाको रुपमा स्कूलको स्थापना हुन थालेको कुरा उल्लेख छ । पहिले पहिले शिक्षार्थी आफुले वाट शिक्षा हाँसिल गरेको हो भन्ने कुरामा गर्व गर्थे भने आज शिक्षण संस्था हेरेर व्यक्तिको शिक्षाको स्तर र योग्यता निर्क्योल गर्ने नयाँ परम्परा वसेको उल्लेख छ । त्यसैले शिक्षामा एकरुपता ल्याउन एउटा स्तरीय न्यूनतम् मापदण्ड वनाएर त्यसैका आधारमा गुणस्तरयुक्त स्कूलहरुको स्थापना गरिनु पर्छ । यस्ता स्कूलहरु फराकिलो, प्रयाप्त डेक्स वेन्च भएको, सफा सुग्घर कक्षाकोठा, खानेपानी र शौचालयको व्यावस्था अनि विद्यालय कम्पाउण्ड तथा वगैचा जस्ता भौतिक सुविधा एउटा राम्रो स्कूलका लागि आधारभूत सर्त हुन् । योग्य तथा पेशा प्रति प्रतिवद्ध शिक्षक स्कूलको मुटु हो भने उसले प्रयोग गर्ने वालवालिका सुहाउदा र सहभागितामूलक शिक्षण विधि शिक्षण प्रकृयाको प्राण हो । कक्षा विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, अनुशासन, स्कूलको परिवेश, शारीरिक दण्डमुक्त वातावरण, उच्च उत्तीर्ण दर, वहुभाषिक शिक्षण माध्यमको प्रयोग जस्ता कुराले सिकाइको वातावरण प्रभावित भएको हुन्छ भने खेलकुद, सांस्कृतिक कार्यक्रम जस्ता अतिरिक्त क्रियाकलापले सिकाइमा सहयोग पुर्‍याएको कुरा गरिएको छ । स्कूललाई प्रभावकारी वनाउन प्र.अ.को नेतृत्वदायी भूमिका, विद्यार्थी सहयोग प्रणालीको भूमिका, शिक्षा सँग सम्वन्धित निकायको नियमित सुपरिवेक्षण,

शिक्षक सहयोग प्रणलीको आवश्यकता, शिक्षकलाई पूनर्ताजगि तालिमको आवस्यकता रहेको उल्लेख छ ।

नेपालको सर्न्दभमा एउटा असल र प्रभावकारी स्कूलका लागि  उपयुक्त कुरा वाहेक नियमित विद्यालय र कक्षा संचालन एउटा आधारभुत शर्त हो । पाठ्यक्रमले निर्दिष्ट गरेको आवश्यक शिक्षण पिरियड नपुग्ने हो भने यी सवै कुराको चर्चा गर्न व्यर्थ हुन्छ । यसैले यी सम्पूर्ण कुराहरुको कार्यन्वयन पक्ष भनेको स्कूललाई दुषित राजनैतिक प्रभाववाट मुक्त राख्ने पहिलो शर्त हो भनिएको छ । निचोडमा भन्नु पर्दा चुस्त र असल व्यवस्थापन प्रभावकारी स्कूलको लागि आधारभुत कुरा हो । विद्यालयको वातावरणमा प्रभाव पर्ने विभिन्न सवाल जस्तै भौतिक संरचना शिक्षकको सहि व्यावस्थापन तथा परिचालन , विद्यालय, शिक्षक र विद्यार्थीको आपसि सहयोग प्रणालीको सफल कार्यान्वयन, विद्यालय परित्यागलाई नियन्त्रण गर्न तथा पिछडिएका समुदायका वालवालिकाको विद्यालयमा पहुँच वढाउन विद्यालय व्यावस्थापन समिति र समुदायको महत्वपूर्ण भूमिका हुन्छ अर्थात एउटा असल स्कूलमा उपयुक्त गुणहरु अनिवार्य हुन्छन् भनी लेखमा प्रष्ट पारिएको छ (कुशियैत, २०६७) ।

## २.२ सैद्धान्तिक खाका

फोलेट (१८६८-१९३०) का अनुसार उत्पादन वढाउन व्याक्तिहरुका चाहना र भावना वुझेर कामदार र प्रशासक वीचको मानवीय सम्वन्ध विकाश, मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाचाँवाट विभिन्न मनमुटाव, झगडा, कलुषित भावनाको समाप्ति गर्नु पर्दछ भनेर भनेकी छन् । जति धेरै सम्वन्ध स्थापना गर्न सक्यो त्यति काममा स्तरियता एवम् प्रभावकारिता हासिल हुने , कामदारसँग सम्वन्धित अधिकारीले प्रत्यक्ष सम्पर्क गरी उनीहरुका विचार र काम गर्ने तरिका वारे वोध गर्ने । नजानेका नवुझेका, शंका लागेका र अस्पष्ट भएका कुरामा तेश्रो सञ्चार प्रक्रिया अपनाई मानवीय सम्वन्ध स्थापना गर्नुपर्ने, संस्थामा योजना, नीति निर्माण  र संगठन निर्माण संग समन्वय गरेमा व्यक्तिमा उत्प्रेरणा, उत्साह र मनोवृती विकास हुने र समग्रमा समन्वय सिद्धान्तलाई प्रभावकारी वनाउन निरीक्षण तथा सुपरिवेक्षण कार्य व्यवस्थित गर्नुपर्ने कुरा उल्लेख गरेकी छन्  (शर्मा, २०६३वाट उद्धृत) ।

*Cogan* (१९५०)  ले उपचारात्मक सुपरिवेक्षण पद्धतिले शिक्षकमा उत्पन्न हुने समस्या र आवस्यकता पुरा गर्न, अनुपयोगी व्यवहार त्याग्न, नयाँ नयाँ चुनौतीको सामना

गर्न, नयाँ नयाँ शिक्षण विधि अपनाउने जस्ता कार्यमा सहयोग पुऱ्याउने कार्य गर्छ । यसले कक्षा कोठामा घट्ने प्रत्येक घटनाहरुको सुक्ष्म रुपले अवलोकन, विश्लेषण र सुधार जस्ता पक्षमा जोड दिन्छ । साधारण निरीक्षणको तुलनामा उपचारात्मक सुपरिवेक्षणको कार्य वढी चुनौतीपूर्ण, जटिल र व्यवस्थित छ भनि *Cogan* ले व्यक्त गरेका छन् । उनले यसका आठ वटा प्रकृया तथा चरणहरुलाई निम्नानुसार उल्लेख गरेका छन् ।

शिक्षक निरीक्षक सम्वन्ध स्थापनामा, शिक्षक र निरीक्षक वीचको सुमधुर सम्वन्ध स्थायी, सरल, प्रभावकारी एवम् सहज पूर्ण वनाउनु उपचारात्मक सुपरिवेक्षणको प्रथम अवस्था हो । निरिक्षकले शिक्षकलाई आफु सहयोगि मित्र हुँ भन्ने विश्वास दिलाउनु पर्छ । शिक्षक सँगको शिक्षण योजनामा, पाठ योजना, एकाई योजना, वार्षिक योजना निमार्ण गर्दा शिक्षक र निरक्षक वसी वनाउनु पर्दछ । अवलोकन रणनीति योजनामा, योजना तयार गर्दा अवलोकन कहाँ, कसले, कुन समयमा, कसरी, किन गर्ने भनि सहमतिको आधारमा तय गरिन्छ । यसको लागि निरिक्षकले अवलोकनको प्रकृया तथा उद्देश्यहरु किटान गर्नुका अतिरिक्त तथ्याङ्क संकलनका लागि भौतिक तथा प्राविधिक तयारीहरु गर्दछ । शिक्षण कार्यको अवलोकनमा, शिक्षक र निरीक्षक वसी तयार गरेको अवलोकन रणनीति अनुरुप शिक्षण कार्यको अवलोकन गरी मुख्य विषयमा धेरै तथ्याङ्क संकलन गर्नु पर्दछ । शिक्षण सिकाई कार्यको विश्लेषणमा कक्षा अवलोकन पश्चात कक्षा कोठाको वास्तविक घटना, शिक्षक र अवलोकनकर्ता एकैठाउँमा वसेर उक्त कार्यको निष्कर्ष निकाल्नु पर्दछ । सम्मेलनको योजना निमार्णमा, शिक्षण कार्यको अवलोकन र कार्यको विश्लेषण पछि सम्मेलन योजनाको निमार्ण गर्नु पर्छ । जसवाट समस्या समाधानार्थ मतभिन्नता हटाउन असल सम्वन्ध स्थापना गर्न पनि सम्मेलनले सहयोग गरोस । सम्मेलनको आयोजनामा, अवलोकन पछिको सम्मेलन र छलफलवाट आएका समस्याहरु माथि समाधानका उपायहरु पत्ता लगाउन वा उपचार गर्नको लागि महत्वपूर्ण हुन्छ । यस्तो सम्मेलनवाट कार्यशाला, तालिम, गोष्ठी, भेला, नमुना पाठ प्रदर्शनको आवश्यकता पूर्ती गर्न सहयोग मिल्दछ । पूनर्योजनामा, उपरोक्त प्रकृयावाट निरिक्षण अवलोकन पछि पूर्व योजनावाट पाठ सिक्दै त्यसमा भएका त्रुटिहरुलाई क्रमस सच्याउदै पूनर्योजना गर्ने कार्य हुन्छ । यसलाई उहाँले *Cycle of clinical supervision* पनि भन्नु भएको छ ।

सुपरिवेक्षण एक निरन्तर प्रकृया भएकोले उपरोक्त माथिका चरणहरुमा आधारित हुनु पर्दछ । सुपरिवेक्षण शिक्षकको लागि पेशागत दक्षता हो । सुपरिवेक्षण सामुहिक निर्णय

प्रकृयाको आधारमा हुनु पर्दछ । शिक्षक र सुपरिवेक्षण सम्वन्ध प्याभलभ र स्कीनरको सिद्धान्त अनुरुप हुनु पर्दछ । उत्प्रेरणा वढाउने, आत्मावल वढाउने व्यक्तिगत समस्या समाधान गर्न सघाउने, सम्वन्ध वढाउने र सुपरिवेक्षण समकक्षीको रुपमा विकसित हुनु पर्दछ । पाठ योजना बनाउँदा सुपरिवेक्षकको भूमिका महत्वपूर्ण हुनुपर्दछ । जसको लागि एक पिरियड वा एक दिनको पाठ योजना स्पष्ट आधारभुत तयार गर्ने, सुपरिवेक्षक र शिक्षक विच छलफलद्वारा समस्याहरुको समाधान गर्नको लागि व्यापक छलफल हुनु पर्दछ । यस वाट शिक्षाको योग्यता तथा दक्षतामा वृद्धि हुन्छ । शिक्षकको आनि वानि पहिचान गर्छ । यसको विश्लेषणवाट राम्रो शिक्षक निमार्ण गर्न सहयोग गर्दछ (पौड्याल, २०६३ बाट उध्दृत) ।

## २.३.शैक्षिक उपादेयता

फोलेटका अनुसार उत्पादन वढाउन कामदारको चाहना र भावना वुझेर प्रशासकले कामदारसँग मानवीय सम्वन्ध स्थापना गर्नुपर्छ र कामदारलाई प्रोत्साहित गर्न दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ । जसले काम गर्ने व्यक्तिमा उत्साह र जाँगर वढाउँछ भन्ने सिद्धान्तलाई पुष्टि गर्दै यस सोध कार्यमा प्रभावकारी सुपरिवेक्षण हुनका लागि सुपरिवेक्षकलाई सक्रिय वनाउन चालिने कदमको खोजी गर्न सहयोग पुर्‍याउने आशा गरिएको छ । त्यसरिनै *Cogan* (१९५०) ले उपचारात्मक निरीक्षणका आठ वटा चरणहरुको उल्लेख गरिए वाट यस सोध कार्यलाई सुपरिवेक्षण गर्ने आधुनिक चरणहरु कस्ता हुनुपर्छ भनि खोज गर्न सहयोग मिल्ने देखिन्छ ।

शाही (२०६३) ले विद्यालयहरुको विद्यमान सुपरिवेक्षण स्थिति कस्तो रहेको छ भन्ने कुराको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालेको हुनाले २०६७ सालमा गरिएको यो शोध कार्यको निष्कर्ष सँग तुलनात्मक अध्ययन गर्न सहयोग पुर्‍याएको छ । यसैगरी पौड्याल (२०६३) को सोध पत्र ले माध्यमिक विद्यालयको शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता वारे अनुसन्धान गरी निष्कर्ष निकालेको हुनाले यस सोध कार्यलाई विद्यालयमा गरिने प्रभावकारी सुपरिवेक्षण कार्यले शिक्षण सिकाइ क्रियाकलापमा कस्तो प्रभाव पारेको हुन्छ र त्यो प्रभावले सिकाइ उपलव्धिमा वृद्धि भएको छ कि छैन, अहिले निकालिने निष्कर्ष सँग पहिलेको निष्कर्षले मेल खान्छ की खादैन सो हेर्नलाई सहयोग प्रदान गरेको छ ।

अधिकारी (२०६५)ले विद्यालय निरीक्षण कार्य गर्दा के कस्ता समस्याहरु देखा पर्दछन् र ति समस्यालाई कसरी चिर्दै निरीक्षण कार्य अगाडि वढाई शिक्षण सिकाइ क्रियाकलापलाई

सुपरिवेक्षणको माध्यमवाट प्रभावकारी वनाई शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ भन्ने भनाईले यस सोध कार्यलाई तत् सम्वन्धि थप खोज र अनुसन्धान गर्न सहयोग प्रदान गरेको छ । रा.सि.प.यो को प्रतिवेदनमा उल्लेख भएका कुरा लागु भएका तर कार्यन्वयन हुन नसकेकाले शिक्षा प्रणलीमा सुधार नआएको अवस्थामा हाल आएर ती कार्यक्रमहरु कति कार्यन्वयन हुन सके र कुन कुन कार्यक्रमहरु सुधारात्मक हुँदहुँदै पनि परिवर्तित वातावरणमा कार्यान्वयन भएनन् सोको लेखाजोखा गर्न यो प्रतिवेदन सहयोगी वनेको छ । शिक्षा ले उल्लेख गरेको निरीक्षकको काम, कर्तव्य र अधिकार अनुरुप व्यवहारमा लागु भए नभएको कुराको अनुसन्धान गर्न यसले सहयोग पुऱ्याएको छ । यसरिनै कुशियैत ले राम्रो विद्यालयका पुर्वाधारहरुको उल्लेख गरेको छ । यसले सुपरिवेक्षण व्यवस्था राम्रो हुन सके कुन कुन पुर्वाधार पूर्ण हुन सक्छन् सोको खोज गर्न यसले जमर्को गरेको छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

अध्ययनको महत्वपूर्ण पक्ष अध्ययन विधिलाई मानिन्छ । अध्ययन कर्ताले आफ्नो अध्ययनलाई उचित निष्कर्षमा पुऱ्याउन वनाउने योजना अध्ययन विधि हो । ठीक सँग योजना वनाउन सके मात्र तार्किक निष्कर्षमा पुग्न सकिन्छ । त्यसैले यस अध्ययनलाई व्यवस्थित गर्न निम्न ढाँचा, नमुना छनौट प्रक्रिया, सुचनाको श्रोत र सामग्रीहरुको प्रयोग गरी सम्पन्न गरिएको छ ।

## ३.१ अनुसन्धान ढाचा

यस अध्ययनमा परिमाणात्मक तथा गुणात्मक दुवै किसिमका विधिको प्रयोग गरिएको छ । विद्यालय सुपरिवेक्षणको विद्यमान स्थिति अध्ययनको लागि परिमाणात्मक विधि अपनाइएको छ भने विद्यालय सुपरिवेक्षणको प्रभावकारिता अध्ययनको लागि भने गुणात्मक विधी अपनाइएको छ । अध्ययन विश्लेषणको माध्यम तालिका, स्तभ चित्र, चार्ट, व्याख्यात्मक, वर्णनात्मक, तथा अन्य आवश्यक प्रक्रिया समेत समेट्ने प्रयास गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रकृया

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलनको लागि सम्वन्धित क्षेत्रमा गई प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरु, श्रोतव्यक्ति, वि.नि. र जि.शि.अ. सँग प्रत्यक्ष भेटघाट, सामुहिक छलफल तथा प्रश्नावली भराई विद्यालयका विभिन्न पक्षको जानकारी लिइएको छ । विद्यालयहरुको शैक्षिक प्रगती तथा सिकाइ उपलव्धिहरुको जानकारी श्रोतकेन्द्र तथा विद्यालयहरुको रेकर्डवाट लिइएको छ । विद्यालयहरुको रेकर्ड लिइँदा छलफल अर्न्तवार्ता तथा अवलोकन विधि अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

### ३.२.१ जनसंख्याको छनोट

झापा जिल्ला काकरभिट्टा श्रोतकेन्द्र अन्तर्गत रहेका २२ वटा सामुदायिक विद्यालय मध्ये १२ वटा विद्यालयका १२ जना प्र.अ., २४ जना शिक्षक, १२ जना वि.व्य.स. का अध्यक्ष, श्रोतव्यक्ति, यस श्रोतकेन्द्रको निरीक्षण गर्न खटिएका वि.नि. र झापा जिल्लाका जि.शि.अ.लाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

झापा जिल्ला काकरभिट्टा स्रोतकेन्द्रका २२ वटा विद्यालय मध्ये १२ वटा विद्यालय लाई नमुनाको रुपमा छनोट गरिएकाले नमुनाको आकार ५४.५४% निर्धारण गरिएको छ। जसले सो स्रोतकेन्द्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको प्रतिनिधित्व गरेको छ।

### ३.२.३ नमुना छनौटको विधि

विद्यालय र शिक्षकको संख्या वढि भएकोले अध्ययनको लागि नमूना छनौट गर्दा सरल संयोगमा आधारित नमुना छनौट विधी अपनाई २२ वटा विद्यालय मध्ये ४ वटा मा.वि., ३ वटा नि.मा.वि., र ५ वटा प्रा.वि. गरी जम्मा १२ वटा विद्यालय र प्रत्येक विद्यालय वाट २/२ जनाको दरले २४ जना शिक्षक नमुनाको लागि छानिएका छन्। त्यसैगरी १२ वटै विद्यालयका प्र.अ. र वि.व्य.स. अध्यक्षहरु गरी १२/१२ जना छनौट गरिएका छन् भने श्रोतव्याक्ति, वि.नि. र जि.शि.अ. भने एक एक जना मात्र लिइएको छ। नमुना छनौट गरिएका विद्यालयको विवरण अनुसूची-३ (क) मा उल्लेख गरिएको छ।

### ३.२.४ नमूना छनोटको आधार

नमुना छनोट गर्दा विभिन्न पक्षलाई आधार मानिएको छ। विद्यालय छनोटको आधार शहरीक्षेत्र र ग्रामीण क्षेत्रका विद्यालयहरु वरावर संख्यामा पर्ने गरी छनौट गरिएको छ। त्यसैगरी शिक्षक छनौट गर्दा तहगत, लैङ्गिक र समावेसी आधारमा छनौट हुनेगरी प्रत्येक विद्यालयवाट दुई दुई जनाको दरले छनौट गरिएको छ।

### ३.३ अनुसन्धानका साधनहरु

अध्ययनको क्रममा विषेश गरी निम्नानुसारका साधनहरु अपनाइएको थियो ।

१) **प्रश्नावली :** अध्ययनको प्रारम्भिक तथ्याङ्क संकलनको मुख्य आधार प्रश्नावली रहेकाले अध्ययन क्षेत्रका सम्वन्धित व्यक्तिद्वारा भराई प्राप्त उत्तरवाट तथ्याङ्क संकलन गरिएको थियो ।

२) **अन्तरवार्ता :** छनोट गरिएको अध्ययन क्षेत्रमा गएर सम्वन्धित व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी अन्तरवार्ताको माध्यमवाट तथ्याङ्कहरु संकलन गरिएको थियो ।

३) **अवलोकन :** अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गर्न छनौट गरिएका प्रत्येक विद्यालयमा स्थलगत भ्रमण गरी सर्वे फाराम भरिएको थियो।

४) **तुलनात्मक अध्ययन** : विद्यार्थीको समग्र शिक्षण सिकाइ उपलव्धिलाई वार्षिक परीक्षाको नतीजा, शैक्षणिक, भौतिक तथा अन्य सुविधाहरु सँग तुलना गर्दै अध्ययन

क्षेत्रको शैक्षिक सुपरिवेक्षणको अवस्था र त्यसको प्रभावकारितालाई विभिन्न सिद्धान्त एवं प्रचलित ऐन नियम, लेख, रचना सँग तुलना गर्दै अध्ययन अगाडि वढाइएको थियो ।

### ३.४ तथ्याङ्कका श्रोतहरु

प्राथमिक श्रोत अर्न्तगत अध्ययन कर्ता स्वयम् विद्यालयमा गएर प्र.अ., शिक्षक र वि.व्य.स. का पदाधिकारीहरु, विद्यार्थी र अविभावकहरु सँग प्रत्यक्ष रुपमा छलफल, अवलोकन तथा अन्तरवार्ता गरी तथ्याङ्क संकलन गरियो भने द्वितीय श्रोत अनुसार विद्यालयमा भएका अभिलेख, विद्यार्थी प्रगति विवरण, मार्क लेजर तथा अन्य लिखित विषय वस्तुलाई तथ्याङ्कको रुपमा लिइयो ।

### ३.५ तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या

अनुसूची वमोजिमका विभिन्न नमुना फारमहरुवाट प्राप्त जानकारी तथा सुचनाहरुलाई आवश्यकता अनुसार तालिकिकरण, स्तम्भचित्र वनाई प्रतिशत, औशत गणना गरी विस्तृत रुपमा व्याख्या विश्लेषण गरिएको थियो । तथ्याङ्क विश्लेषणमा तथ्याङ्क शास्त्रका अन्य विधिहरुको समेत आश्यकता अनुसार प्रयोग गरिएको थियो ।

# परिच्छेदः चार
# तथ्याङकको विश्लेषण र व्याख्या

यो अध्ययनमा गुणात्मक र संख्यात्मक परिमाणहरुको मिश्रित विधि अपनाइएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि अनुसूची १,२,३,४ र ५ अनुसारका बन्द तथा खुल्ला प्रश्नावलीहरु, अनुसूची ६ अनुसारको स्थलगत अध्ययन फारम र प्रत्यक्ष अन्तरवार्ताको लागि प्रश्नावली जस्तै साधनहरुको प्रयोग गरी प्राप्त हुन आएका तथ्य तथ्याङ्कहरुलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरी प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय सुपरिवेक्षणको विद्यमान अवस्था

यस उप-शीर्षक अन्तरगत कुनै पनि विद्यालयको कुनै पनि तहमा विद्यमान भौतिक अवस्था कस्तो छ ? विद्यालयको व्यवस्थापन पक्ष कस्तो अवस्थामा छ ? शिक्षक विद्यार्थी अनुपात कति छ ? शिक्षकले कसरी पढाउँदै छन ? त्यसको गहन अध्ययन अवलोकन गर्नु , त्यसमा आएका समस्या समाधान कसरी गर्ने भन्ने कुरा सुपरिवेक्षण भित्र पर्ने हुनाले झापा जिल्ला काकरभिट्टा श्रोतकेन्द्रको विद्यालय सुपरीवेक्षण स्थितिको अध्ययन गर्नु , सुपरिवेक्षणको जिम्मेवारी तोकिएका जि.शि.अ., बि.नि., श्रोतव्यक्ति, प्र.अ.र बि.व्य.स. ले जिम्मेवारी कसरी पुरा गरिरहेका छन ? त्यसको प्रत्यक्ष प्रभाव वर्तमान अवस्थामा के कस्तो परिवेसमा छ सो को यथार्थता प्रष्ट्याएको छ । साथै प्रस्तुत गरिएका तथ्याङ्कलाई समावेश गरिएका पूर्वलेख साहित्य सोधपत्र तथा सैद्धान्तिक, बैचारिक खाका संग तुलना गर्दै विद्यालय सुपरिवेक्षणको अवस्थाको विश्लेषणात्मक अध्ययन अगाडि बढाइएको छ ।

### ४.१.१ विद्यालयको भौतिक पक्ष

विद्यालयको भौतिक सुविधाको पर्याप्तताले त्यहाँको शिक्षण सिकाइमा सकारात्मक भूमिका खेलेको हुन्छ । विद्यालयमा भौतिक साधान श्रोतको यथोचित प्रवन्ध गरिनुको साथै उचित संरक्षण पनि आवश्यक हुन्छ । विद्यालय भवन, खेल मैदान, कक्षाकोठाको पर्याप्तता र उपयुक्तता, पिउने पानी, शौचालय, छात्रावास, प्रयोगशाला, कक्षाकोठा भित्र पर्याप्त फर्निचर आदिको व्यवस्थापन नै विद्यालयको भौतिक व्यवस्थापन हो । जवसम्म विद्यालयको भौतिक व्यवस्थापनमा सुधार हुन सक्दैन तव सम्म शिक्षण शिकाईमा पनि सकारात्मक प्रभाव तथा

अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । यसक्षेत्रमा विद्यालयको भौतिक अवस्थालाई स्थलगत अध्ययन फारमको आधारमा निम्न तालिका बाट देखाउन खोजिएको छ

**तालिका नं.-१**

**विद्यालयको भौतिक अवस्था**

| क.सं. | विवरण | अवस्था | प्रतिशत | अवस्था | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठा | प्रयाप्त-९ | ७५ | अपर्याप्त-३ | २५ |
| २ | फनिर्चर | प्रयाप्त-८ | ६७ | अपर्याप्त-४ | ३३ |
| ३ | कक्षा कोठाको वातावरण | मध्यम-८ | ६७ | निम्नस्तर-४ | ३३ |
| ४ | पुयोगशाला | भएको -७ | ५८ | नभएको-५ | ४२ |
| ५ | खेल्ने चौर | प्रयाप्त-१० | ८३ | अप्रयाप्त-२ | १७ |
| ६ | पिउने पानी | सामान्य-८ | ६७ | निम्नस्तर-४ | ३३ |
| ७ | शौचालय | भएको -१२ | १०० | नभएको-० | ०० |
| ८ | कम्पाउण्ड वाल | लगाएको -१० | ८३ | नलगाएको-२ | १७ |

श्रोत : स्थलगत अध्ययन, २०६७

प्रस्तुत विवरणलाई विश्लेषण गर्दा ७५%विद्यालयमा कक्षाकोठा प्रयाप्त भएको पाइन्छ भने ६७% विद्यालयमा फर्निचर समेत प्रयाप्त भएको पाइन्छ । ६७% विद्यालयमा कक्षाकोठाको वातावरण मध्यम खालको छ भने ५८% विद्यालयले प्रयोगशाला समेत छुट्टै व्यवस्था गरेको पाइन्छ । तर ४२ % मा भने प्रयोगशाला नै नभएको पाइन्छ । ८३% विद्यालयका खेल्ने चौर राम्रो अवस्थामा छन् भने १७ %मा भने न्यूनस्तरको खेल मैदान भएको पाइन्छ । ६७% विद्यालयले पिउने पानीको सामान्य व्यवस्था गरेको छ तर ३३% ले भने न्यूनस्तरको पिउने पानीको व्यवस्था मिलाएको छ । सबै विद्यालयमा शौचालयको व्यवस्था भने गरिएको पाइन्छ तर सबै व्यवस्थित नभएको पाइन्छ । ८३% विद्यालयमा कम्पाउण्ड बाल लगाईएको छ भने १७% मा भने घेरावारा छैन ।

समग्रमा यस क्षेत्रका विद्यालयहरुको वर्तमान भौतिक अवस्था राम्रै रहेको पाइन्छ । यस सम्बन्धमा विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुसंग छलफल गर्दा भवन निर्माण र मर्मत कार्यमा जि.शि.का.ले आवश्यकता अनुसार माग गरेमा सहयोग प्रदान गर्दै आएको छ । सोही अनुसार श्रमदान पनि जुट्दै गरेको छ । यी कार्यहरुमा वि.नि.ले. भन्दा श्रोतव्यक्तिले बढी सहजकर्ताको रुपमा भूमिका निभाइदिनु भएको कुरा वताउनु हुन्छ ।


विद्यालयको भौतिक व्यवस्थापनले शिक्षाको गुणस्तर विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयले भौतिक श्रोत साधानको यथोचित प्रबन्ध गर्नुको साथै तिनीहरुको संरक्षण गर्नु पर्दछ । भौतिक श्रोत र साधनको व्यवस्थापनले विद्यालयको पठन-पाठनमा सघाउ पुऱ्याउनुको साथै शिक्षण सिकाइमा सुगमता प्रदान गर्दछ भनि शाही (२०६१) को अध्ययनले उल्लेख गरे झै यस क्षेत्रका विद्यालयमा अझै स्वच्छ पिउने पानी, बिजुली बत्ती, पुस्तकालय, यातायात सेवा, चमेना गृह, वाचनालय, छात्राबास, प्रयोगशाला, औषधालय, शैक्षिक सूचना तथा संञ्चार सामग्री, प्रयाप्त प्रकास आउने उचित कक्षा कोठाको प्रबन्ध जस्ता भौतिक व्यवस्थापनको आवश्यकता पर्दछ । भौतिक सुविधा जहाँ पर्याप्त मात्रामा उपलव्ध हुनसक्दैन त्यहाँ पक्कै पनि गुणस्तरीय शिक्षा प्राप्त गर्न गराउन बाधा नै पर्दछ । यसकारण कुन विद्यालयमा कस्ता भौतिक श्रोत साधनको समुचित व्यवस्था हुन सकेको छैन फिल्ड अध्ययन गरी त्यहाँ कसरी व्यवस्था गर्ने गराउने भन्ने सम्बन्धमा वि.नि. को.महत्वपूर्ण भूमिका रहन्छ ।

### ४.१.२ विद्यार्थी चाप

शैक्षिक सुपरिवेक्षणको उपलब्धि के कस्तो रहेको छ , सो कुरा विद्यार्थी विवरण र तिनको शैक्षिक उपलब्धि हुन आउँछ । शिक्षक विद्यार्थीको शिक्षण शिकाइमा प्रभावकारी सुधार ल्याउनु नै सुपरिवेक्षणको प्रमुख उद्देश्य रहेको हुन्छ भने अर्को तर्फ शिक्षक अनुसार विद्यार्थी र विद्यार्थी अनुसार शिक्षक अनुपात मिलान गर्नु रहेको हुन्छ । यस अध्ययनमा विगत तीन वर्षमा विद्यालयमा अध्ययनरत विद्यार्थी संख्यालाई अनुसूची-७ अनुसाार तालिकामा देखाइएको छ ।

**चित्र नं. १**

**औसत विद्यार्थी संख्याको स्तम्भ चित्र**




**तह**

अनुसूची ७ अनुसार श्रोतकेन्द्र रहेको आदर्श उ.मा.वि.मा. विद्यार्थी चाप उच्च रहेको देखिन्छ । उक्त विद्यालयको मा.वि. तहमा २०६४ र २०६६ को विद्यार्थी संख्या क्रमस बढ्नुमा श्रोतकेन्द्रको विद्यालय भई सुपरिवेक्षण प्रभावकारी रहनुले त्यसको प्रभाव परेको हुनुपर्छ । यसरी नै ज्यामिरगढी मा. वि. मा पनि मा.वि तहमा विद्यार्थी संख्या बढ्दो क्रममा रहेको छ । यसको कारण भने आसपासमा संस्थागत विद्यालय नहुनु हो । सबै प्रा. वि.हरुमा भने २०६४ ,२०६५ र २०६६ मा विद्यार्थी संख्या क्रमस घट्दै आइरहेको छ । यसो हुनुमा अभिभावकहरुको सामुदायिक विद्यालयहरुमा भन्दा संस्थागत  विद्यालय प्रति आर्कषण बढ्नु रहेको छ । नि.मा.वि. र मा.वि. तहमा भने २०६४ र २०६६ को दाँजोमा २०६५ को औसत

विद्यार्थी संख्या घटेको देखिन्छ तर विद्यार्थीको चाप भने नि.मा.वि मा नै वढी रहेको पाइन्छ ।

*ADAMS & DICKEY ( 1966 )* ले विद्यार्थी संख्या वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक, अभिभावक, व्यवस्थापक, निरीक्षक तथा सुपरिवेक्षकको अन्तरक्रिया हुनु पर्ने उल्लेख गरेका छन् तर यहाँ सो सम्बन्धी अन्तरक्रिया भएको पाइएन । विद्यार्थी भर्ना वृद्धि गर्न सुपरिवेक्षकले विद्यालयमा नियमित निरीक्षण गर्नु पर्ने कुरा श्रेष्ठ (२०५८) ले भने जस्तै यस क्षेत्रमा नियमित सुपरिवेक्षण भएको छैन । शाही (२०६१) ले शिक्षण शिकाइ क्रियाकलाप कम्जोर भएका कारण विद्यार्थी संख्या घटदै जाने कुरा उल्लेख गरे झैं यस क्षेत्रमा पनि शिक्षण सिकाइ कमजोर नै भएको पाइयो ।

### ४.१.३ शिक्षक दरवन्दी

विद्यालयको शैक्षणिक क्रियकलापमा कक्षाकोठा भित्र प्रत्यक्ष रुपमा विद्यार्थी संग क्रियाशिल रहने शिक्षकहरुले शिक्षण सिकाइलाई उपलव्धिमूलक बनाउन प्रमुख जिम्मेवारी लिएका हुन्छन । कुशल, दक्ष, तालिम प्राप्त, योग्य विषयगत शिक्षकहरुको सक्रियता विना कक्षाकोठा भित्रको सिकाइ प्रभावकारी हुन सक्दैन । अतः यस अध्ययन क्षेत्रमा गत तीन वर्षका दरवन्दीमा रहेका शिक्षकहरुको के कस्तो अवस्था छ, त्यसको यथार्थ विवरण अनुसूची-८ अनुसार देखाईएको छ ।

प्रस्तुत अनुसूची-८ को तालिकामा तीन वर्षको अवधि भर विद्यालयको दरवन्दी यथावत रहेको पाइन्छ । अप-ग्रेडिङ हुँदै गरेका बाल कल्याण नि.मा.वि. र मेची नि.मा.वि.मा भने प्रत्येक वर्ष एक एक जनाको दरले राहत दरवन्दी थपिएको देखिन्छ । शिक्षा नियमावलीको निमय ४ अनुसार प्रा.वि. तहमा कम्तीमा ५ जनाको दरवन्दी हुनुपर्नेमा यस क्षेत्रमा औसत दरबन्दी ६.३३ रहेकाले प्रा.वि.दरवन्दी पूर्ण रहेको पाइन्छ भने नि.मा.वि.तहमा कम्तीमा ४ वटा दरवन्दी हुनुपर्नेमा यहाँ ३.४३ मात्र रहेकाले नि.मा.वि. तहमा शिक्षक दरबन्दी न्यून रहेको छ । यसै गरी मा.वि.तहमा कम्तीमा ५ वटा दरबन्दी हुनुपर्नेमा यहाँ ४.२५ मात्र रहेको हुनाले मा.वि. तहमा पनि अझै दरवन्दी अपुग नै भएको पाइन्छ । तहगत दरबन्दी मिलान हुन नसक्दा नि.मा.वि.हरुमा सवै तहका शिक्षकहरुले तीनवटै तहका कक्षाहरुमा मिश्रित अध्यापन गरेको पाइन्छ ।

काफ्ले (२०६१) ले अधिकांश सामुदायिक विद्यालयमा सरकारी दखन्दी कम रहेकोले गर्दा शिक्षकलाई धेरै कक्षा भार पर्न गै शिक्षकहरुमा थकानको महसुस भई शिक्षण गर्न

नैराश्यता भएको  कारण सामुदायिक विद्यालयमा दरवन्दी थप र मिलान गर्नु पर्ने भने झै यस क्षेत्रमा सो कार्य नभई लामो समय देखि विद्यालयमा  दरबन्दी थप नभएको र अर्कोतिर सुपरिवेक्षण नभएकै कारण दरबन्दी पनि मिलान हुन नसकेको देखिन्छ ।

**४.१.४ शिक्षक विद्यार्थी अनुपात**

विद्यालयको शैक्षिक उद्देश्य परिपूर्ति गर्न त्यस विद्यालयमा विद्यार्थी संख्या र भौतिक पूर्वाधार पूर्ण भएर मात्र सम्भव हुदैन जवसम्म विद्यालयमा विद्यार्थी संख्याको आधारमा शिक्षक हुदैनन्, साथै  नि.मा.वि. र मा.वि. मा. सोही अनुपातमा विषयगत शिक्षक दरबन्दी अनुसारका शिक्षक हुदैनन् तव सम्म शिक्षण सिकाइ प्रभावकारी र उद्देश्योन्मुख हुन सक्दैन । अतः यस अध्ययन क्षेत्रमा अनुसूची ७ र ८ को तालिकाका आधारमा शिक्षक विद्यार्थी अनुपात निकाली सो को यथार्थ विवरण निम्नानुसार देखाइएको छ ।

**तालिका नं. २**

**शिक्षक विद्यार्थी अनुपात**

| क्र. सं. | विद्यालयको नाम | प्रा.वि. | | | नि.मा. वि. | | | मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | १ :२८ | १ :३३ | १:१२६ | १:१६४ | १:१५२ | १:१५५ | १:५८ | १:६२ | १:६६ |
| २ | ज्यामिरगढी मा.वि. | १:४४ | १:४३ | १:४५ | १:५३ | १:६३ | १:६२ | १:३० | १:३९ | १:५१ |
| ३ | कविशिरोमणी.मा.वि. | १:३७ | १:३७ | १:३४ | १:११७ | १:११४ | १:१२२ | १:९९ | १:१०२ | १:८२ |
| ४ | श.द.च. उ.मा.वि. | १:४२ | १:३६ | १:२८ | १:९३ | १:१०३ | १:१०३ | १:१२३ | १:८५ | १:८८ |
| ५ | बा.सु.नि.मा.वि. | १:३३ | १:३२ | १:३० | १:५२ | १:४४ | १:४४ | | | |
| ६ | बा.क.नि.मा.वि. | १:३० | १:२७ | १:२५ | १:२२५ | १:१०१ | १:९८ | | | |
| ७ | मेची नि.मा.वि. | १:३० | १:३१ | १:२६ | १:१४७ | १:७२ | १:४५ | | | |
| ८ | महानन्द प्रा.वि. | १:३३ | १:२९ | १:२९ | | | | | | |
| ९ | ज्ञानदीप प्रा.वि. | १:६२ | १:३३ | १:३२ | | | | | | |
| १० | डिगेन प्रा.वि. | १:४४ | १:४२ | १:३९ | | | | | | |
| ११ | शान्ति प्रा.वि. | १:४१ | १:३७ | १:३९ | | | | | | |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मेची विद्योदय प्रा.वि | १:४२ | १:३४ | १:२६ | | | | | | |
| | औसत अनुपात | १:३९ | १:३५ | १:३१ | १:१२२ | १:९३ | १:९० | १:७६ | १:७२ | १ :७२ |
| | कुल औसत अनुपात | १:३५ | | | १:१०२ | | | १ :७३ | | |

श्रोत : अनुसूची ७ र ८ वाट

प्रस्तुत तालिकालाई स्तम्भ चित्रका समेत देखाइएको छ ।

**चित्र नं. २**

**प्रति शिक्षक विद्यार्थी संख्याको स्तम्भ चित्र**




शिक्षक विद्यार्थी अनुपात तालिकाको अध्ययन गर्दा प्रा.वि.मा. १:२५ देखि १:६२ सम्म अनुपात विस्तार भएको पाइन्छ। तर औसत अनुपात भने १:३५ मात्र रहेको छ। जुन

अनुपात प्रभावकारी शिक्षण शिकाइको लागि अति उत्तम मानिन्छ  तर नि.मा.वि मा. भने सो अनुपात बढेर १:४४ देखि १:२२५ सम्म विस्तार हुनु र औसत अनुपात १:१०२ रहनुले नि.मा.वि. तहमा भने शिक्षक दरबन्दी ज्यादै न्यून रहेको देखिन्छ । जसको कारणले शिक्षकलाई पठन पाठन कार्यमा कठीनाई श्रृजना भइरहेको पाइन्छ । यसै गरी मा.वि. तहमा शिक्षक विद्यार्थी अनुपात १:३० देखि १:१२३ सम्म विस्तार हुनु र औसत अनुपात १:७३ हुनुले मा.वि. तहमा पनि शिक्षक दरबन्दी अपुग नै देखिन्छ किनकि शिक्षा नियमाबलीले तराई क्षेत्रको लागि शिक्षक विद्यार्थी अनुपात १:५० तोकेको छ । स्तम्भ चित्रले पनि प्रा.वि. र मा. वि.को भन्दा नि.मा.वि. को शिक्षक विद्यार्थी  अनुपात अधिक रहेको स्पष्ट गरेको छ भने २०६५ र २०६६ सालको शिक्षक विद्यार्थी अनुपात क्रमस घट्दै जानुको कारण अभिभवकाहरु निजी विद्यालयहरु तर्फ आकर्षित भई विद्यार्थीहरु निजी विद्यालय तर्फ स्थानान्तरण गरी विद्यार्थी संख्या भने घटनु तर शिक्षक संख्या भने यथावत रहेको छ ।

पोखेल (२०६१ ) का अनुसार विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा  दरबन्दी र मा.वि. नि.मा.वि.मा विषयगत शिक्षक दरबन्दी पूरा गरिनु पर्दछ । जसको लागि विद्यालयमा सुपरीवेक्षण आवश्यक छ भने झै यस क्षेत्रमा उक्त कार्य नभई सुपरिवेक्षण सम्बन्धित  निकायबाट भएको छैन । वर्तमान अवस्थामा शिक्षा नियमावली बमोजिम पनि दरबन्दी मिलान जिल्ला शिक्षा कार्यालय झापाबाट भएको देखिँदैन । *Adams& Dickey* (१९६६) ले  विद्यार्थीको पठन पाठन सुधारका लागि योजनाबद्ध रुपमा होसियारी पूर्वक प्रदान गरिने प्राविधिक सेवाको ढाचाको रुपमा लिएका छन् ।  योजना बिना समय र शक्ति खेर जाने भएकाले विद्यार्थी , अभिभावक, शिक्षक, नागरिक, प्रशासन र सुपरिवेक्षकहरुले समन्वयात्मक रुपमा सक्रिय सहभागिता देखाउनु पर्ने र योजनाबद्ध  कार्यक्रममा संलग्न रहनु पर्ने कुरा उल्लेख गरेका छन् । जुन कुरामा यस क्षेत्रका सरोकारवाला व्यक्तिबाट राम्रो पहल हुन सकेको छैन ।

### ४.१.५ विद्यालय निरीक्षण/सुपरिवेक्षण सम्बन्धी विवरण

विद्यालयको निरीक्षण सुपरिवेक्षण गर्ने पदीय दायित्व बोकेको विद्यालय निरीक्षक मात्र नभई गाउँ शिक्षा समिति, वि.व्य.सं., श्रोतव्यक्ति, जि.शि.अ. लगाायतका अन्य निरीक्षेणमा खटिने कर्मचारीहरुको टोलीले पनि विद्यालय सुपरीवेक्षणमा  प्रभावकारी भूमिका खेल्नु पर्ने हुन्छ । विद्यामान शिक्षा ऐन (आठौं संशोधन) र शिक्षा नियमाबली २०५९ संशोधन सहितको नियम १६ मा जि.शि.अ. को काम, कर्तब्य र अधिकारमा विद्यालयको स्तर बढाउनु, सुधार

गर्नु, विद्यालयको निरीक्षण गर्ने गराउने, निरीक्षकले निरीक्षण गरे नगरेको एकिन गर्न स्थलगत निरीक्षण गर्नु, श्रोतब्यक्तिबाट विद्यालय निरीक्षण गरे नगरेको अनुगमन गर्ने, निरीक्षकको प्रतिवेदन उपर कारवाही गर्ने जस्ता निरीक्षण सम्बन्धी काम तोकिएको र सोही नियमावलीको निमय १७ मा विद्यालय निरीक्षकले प्रत्येक महिनाको कम्तिमा एक पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने र निरीक्षण तथा सुपरिवेक्षणको क्रममा प्र.अ. र वि.व्य स ंसंग छलफल गरी छलफल भएको कुरा निरीक्षण पुस्तिकामा जनाउने लगायतका काम तोकिएका छन् । यस सम्बधमा विद्यालयको निरीक्षण पुस्तिकाको आधारमा गरिएको स्थलगत अध्ययनको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३**

**यथार्थ निरीक्षण पटक प्रतिवर्ष**


| क्र. सं. | विद्यालयकको नाम | श्रोतव्यक्ति | | | वि.नि. | | | जि.शि.अ. | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | ३ | ९ | ३ | १ | ३ | १ | - | - | - | - | १ | १ |
| २ | ज्यामिरगढी मा.वि. | २ | ३ | ४ | - | - | - | १ | - | - | - | | - |
| ३ | कवि शिरोमणी.मा.वि. | २ | ३ | २ | - | १ | - | - | - | - | १ | - | १ |
| ४ | श.द.च. उ.मा.वि. | ८ | ११ | ५ | - | ४ | १ | १ | १ | २ | ६ | २ | ४ |
| ५ | बा.सु.नि.मा.वि. | ३ | ३ | २ | - | - | - | - | - | - | - | - | - |
| ६ | बा.क.नि.मा.वि. | ४ | २ | २ | - | - | - | - | - | - | १ | - | १ |
| ७ | मेची नि.मा.वि. | २ | १ | ३ | - | १ | - | - | - | - | १ | - | २ |
| ८ | महानन्द प्रा.वि. | ५ | ४ | २ | - | १ | - | - | - | - | २ | - | २ |
| ९ | ज्ञानदीप प्रा.वि. | १ | १ | २ | - | १ | २ | - | - | - | १ | - | - |
| १० | डिगेन प्रा.वि. | ३ | ३ | २ | - | - | १ | - | - | - | - | - | - |
| ११ | शान्ति प्रा.वि. | ३ | १ | २ | - | १ | १ | - | - | - | १ | २ | २ |
| १२ | मेची विद्योदय प्रा.वि | २ | ४ | २ | - | १ | - | - | - | - | १ | - | १ |
| | औसत पटक | ३.१७ | ३.७५ | २.५८ | ०.०८ | १.०८ | ०.५० | ०.१७ | ०.०८ | ०.२५ | १.१७ | १.४२ | १.०८ |
| | कुल औसत पटक | ३.१७ | | | ०.५५ | | | ०.१७ | | | ०.८९ | | |
| | प्रतिशत मान | ६६.३१ | | | ११.५१ | | | ३.५६ | | | १८.६२ | | |

स्रोत: विद्यालय निरीक्षण पुस्तिका, २०६७

तालिकाको निष्कर्षलाई वृत्त चित्रमा प्रस्तुत गर्दा

**चित्र नं. ३**

**निरीक्षणको तुलनात्मक वृत्त चित्र**




यस अध्ययन क्षेत्रमा श्रोतव्यक्ति संग गरिएको प्रश्नावलीका आधारमा श्रोतव्यक्तिले आवश्यकता अनुसार महिनाको एक पटक सम्म विद्यालयको निरीक्षण गर्ने गरिएको कुरा उल्लेख भए अनुसार क्षेत्र सर्वेक्षण गर्दा वार्षिक ३.१७ पटक निरिक्षण गरेको पाइयो तर सबै विद्यालयमा समानुपातिक निरिक्षण गरेको भने पाइएन । वि.नि.को भनाई अनुसार ६ महिनामा एक पटक निरीक्षण गरिने तर शिक्षा नियमावली अनुसार महिनाको एक पटक निरीक्षण गरिनु पर्छ भनिएकोमा क्षेत्र सर्वेक्षणमा भने वार्षिक ०.५५ पटक मात्र निरीक्षण गरेको पाइयो । त्यसै गरी जि.शि.अ को भनाईमा ३ महिनामा एक पटक निरीक्षण गरिन्छ भनिएकोमा वास्तविकता वार्षिक ०.१७ पटक मात्र निरीक्षण गरेको पाइयो । अन्य वाह्य निरीक्षण गर्ने व्यक्ति तथा समूहले भने वार्षिक ०.८९ पटक,मात्र निरीक्षण गरेको पाइयो । वि.व्य.स. र प्र.अ. ले कहिलेकाहिँ मात्र निरीक्षण गर्ने गरेको पाइयो । गाउँ शिक्षा समितिले भने कुनै विद्यालयमा पनि निरीक्षण गर्न आएको पाइएन । निरीक्षण गरेको जम्मा पटकलाई १००% मान्दा श्रोतव्यक्तिले ६६.३१%, वि.नि.ले ११.५१%, जि.शि.अ. ले ३.५६%र अन्य व्यक्ति तथा समूहले १८.६२% विद्यालय निरीक्षण गरेको पाइयो । यस बाट सिद्ध हुन्छ की निरीक्षण

कार्यमा उत्तिकै जिम्मेवारी वहन गर्ने सरोकारवालाहरुबाट समानुपातिक र तोकिए बमोजिम निरीक्षण तथा सुपरिवेक्षण नगरेको पाइयो ।

सुपरिवेक्षणले शिक्षण सिकाइ क्रियाकलाप सित प्रत्यक्ष सम्बन्ध राख्दछ र सुपरिवेक्षणका सम्पूर्ण कार्यक्रमहरु स्वीकृत गरिएका उद्देश्यहरु निर्देशित हुन्छन् । *MCKEN & MILLS(1965)* ले सुपरीवेक्षण सम्बन्धि सरोकारवाला  व्यक्तिहरुसंग सहयोगात्मक र सहभागितामूलक सम्बन्ध राख्दछ, यसले शिक्षण सिकाइको सुधारोन्मुख तिर निर्देशित गर्दछ भनि उल्लेख छ , तर यस क्षेत्रमा सम्बन्धित सुपरिवेक्षकहरुले यो सिद्धान्त अनुसरण गरी व्यवहारमा प्रयोग गरेको पाइएन । पोखेल (२०६२) ले बि.नि.हरुलाई आफ्नो निरीक्षण क्षेत्रमा अनिवार्य  रुपमा बस्नुपर्ने कडा कानूनी व्यवस्था मिलाइनु पर्दछ । वि.नि.हरुलाई प्रशासनिक कार्यमा लगाईनु हुदैन । श्रोतव्यक्तिहरुबाट श्रोतकेन्द्र स्तरीय कार्यक्रमहरु श्रोतकेन्द्रमा नै सञ्चालन गरिनु पर्दछ । तथ्याङ्क भर्ने भराउने देखि विद्यालयको कक्षा अवलोकन संबन्धि सबै कार्यहरु श्रोतव्यक्तिहरुबाट नियमित रुपमा भै रहनु पर्दछ भने भ्रै कार्यहरु यस क्षेत्रमा नभै वि.नि.हरुलाई जिल्ला शिक्षा  कार्यालयमा नै उप-सचिवले गर्ने कामको जिमेवारी दिई कार्यालयमा नै व्यस्त गराइएको र श्रोतव्यक्तिहरु श्रोतकेन्द्र वा जिल्लामा नै बसी तथ्याङ्क संकलन गर्ने कार्यमा बढी व्यस्त रहेको पाइयो । उल्लेखित नियमावली बमोजिम यसक्षेत्रमा सम्बन्धित सरोकारवाला व्यक्तिबाट व्यवहारमा कार्यान्वयन नभै यस क्षेत्रको सुपरिवेक्षण स्थिति नाजुक अवस्थामा छ ।

गुरागाई (२०५९) ले विद्यालय निरीक्षण कार्यलाई विशिष्टिकृत गराएर यसलाई निश्चित प्रणालीको रुपमा विकसित गर्ने प्रयास नभएको, हाल सम्म विद्यालय निरीक्षण उपर टिका टिप्पणी र गुनासाहरु सुन्ने गरिएको र आलोचना मुक्त हुन नसकेको विद्यालय निरीक्षणलाई सामूहिक जिम्मेवारीको रुपमा लिई कसले के कति निरीक्षण गर्नुपर्ने त्यसको कार्यान्वयन गराउने बारे स्पष्ट नभएको, विद्यालय निरीक्षण कार्यका लागि बार्षिक र मासिक योजना त बनाइन्छ नै तर योजना कार्यान्वयन नभएको कुरा उल्लेख गर्नु भएको छ । उल्लेखित सिद्धान्त, ऐन नियम वमोजिमको क्रियाकलाप यस जिल्लाका विद्यालयहरुमा सम्वन्धित सरोकारवाला व्यक्तिबाट व्यवहारमा कार्यान्वयन हुन नसकि सुपरिवेक्षणको अवस्था एकदमै कमजोर पाइएको छ ।

*Cogan* (सन् १९५०) ले भने जस्तो समुहद्धारा उपचारात्मक निरीक्षणको मान्यता पटक्कै देखिएन । यस शिर्षकका बारेमा जानकारी हुँदा हुँदै पनि  निरीक्षकहरुले  हल्का

रुपमा काम गरेको पाइयो । ज्ञान, शीप र तालिम अनुरुपको मार्गदर्शन, सल्लाह र सुझाव दिएको देखिएन । यसरी नै फोलेट (१८६८-१९३०) को मानव सम्बन्ध सिद्धान्तलाई व्यवहारमा उतार्न खोजिएको भएता पनि पूर्ण रुपले सफल हुन नसकेको देखिन्छ ।

### ४.१.६ विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया

अध्ययनको उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका अनुसूची १,२,३,४ र ५ बमोजिमका प्रश्नावलीबाट प्राप्त उत्तरहरुको आधारमा विद्यालय सुपरिवेक्षण सन्बन्धी जि.शि.अ., वि.नि., श्रोतव्यक्ति, वि.व्य.स. पदाधिकारी, प्र.अ.र शिक्षकहरुको प्रतिक्रिया निम्नानुसार रहेको छ ।

#### ४.१.६.१ सुपरिवेक्षण सम्बन्धी जि.शि.अ. को प्रतिक्रिया

विद्यालय निरीक्षण गर्ने क्रममा वि.नि.हरुलाई निरीक्षण क्षेत्र तोकि आफ्नो निरीक्षण क्षेत्रका प्रत्येक विद्यालयमा कम्तिमा महिनाको एक पटक निरीक्षण गर्न खटाइएको हुन्छ । जि.शि.अ. आफैले भने तीन महिनामा एक पटक मात्र विद्यालय निरीक्षणगर्न सकिएको छ । विद्यालय निरीक्षण गर्ने कार्य जि.शि.अ., वि.नि.,श्रोतव्यक्ति, प्र.अ., वि व्य स.तथा अन्य व्यक्ति वा संस्था सबैको उत्तिकै जिम्मेवारी रहेको हुन्छ । विद्यालय निरीक्षण गर्न खटाइएका सरोकारवालाहरुले तोकिए बमोजिम विद्यालय निरीक्षण नगरे उहाँहरुलाई निर्देशन बमोजिम आफ्नो क्षेत्रमा कार्यसम्पन्न गर्ने सल्लाह-सुझाब दिने गरिन्छ । प्रभावकारी सुपरिवेक्षणको प्रमुख बाधक तत्व वर्तमान द्वन्द्वलाई भन्दा लापरवाहीपनलाई नै मानिएको छ । विद्यालयका समस्याहरु हलगर्न बि.नि.तथा श्रोतव्यक्तिले शिक्षक, प्र.अ., अभिभावक र बि.व्य.स.को संयुक्त भेलागरी छलफल गरेर हलगर्ने प्रयत्न गर्नुहुन्छ । प्रयत्न असफल भएमा उहाँहरुले जि.शि.का. मा बुझाएको प्रतिवेदनको कार्यान्वयन गर्ने क्रममा जि.शि.का द्वारा समस्या समाधान गर्ने गरिएको छ । सुपरिवेक्षण नियमित हुँदैन भन्ने गुनासो निराधार हुन किनकी झापा जिल्लामा तोकिएको समयमा सुपरिवेक्षकहरु सुपरिवेक्षणमा जाने गर्नुहुन्छ । त्यति मात्र नभएर झापा जिल्लाले *Team Monitoring* समेत गराउँदै आएको छ ।

विद्यालयको सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउन नसक्नुका कारणहरुमा विद्यालयको संख्या वृद्धि हुँदैजानु, सुपरिवेक्षणलाई साधन र सहुलियतको सुबिधा कम हुनु, राजनैतिक प्रभावका कारण स्वच्छ शैक्षिक वातावरण सृजना गराउन कठिन बन्दै जानु रहेका छन । त्यसैगरी जिल्लाको शैक्षिक गुणस्तर वृद्धि गर्न चालिएका कदमहरुमा गुणस्तर

वृद्धिका लागि सामाजिक सम्बाद समितिमा छलफल गर्ने, गोष्ठि र अन्तरक्रिया गर्ने, टिम अनुगमन गर्ने, प्राप्ति तथा निष्कर्षहरु प्रकाशित गर्ने रहेका छन । सुपरिवेक्षण सम्बन्धि समस्याहरु निराकण गर्न सामाजिक सम्बाद समिति, जिल्ला शिक्षा समिति, निरीक्षक एवं अन्य अधिकृतहरु संग सम्बाद गर्ने गरिन्छ । अन्त्यमा आ-आफुले आ-आफ्नो ठाउँबाट जिमेवारी पूर्णहरुमा बहन गर्नु पर्दछ । मैले कति गर्नु पर्ने हो र कति गर्दैछु , भनेर स्व मूल्याङ्कन गर्नु सवै भन्दा उचित हुन्छ र मात्र उद्देश्य बमोजिमका कार्यहरु सम्पन्न हुन सक्छन् ।

**४.१.६.२ सुपरिवेक्षण सम्बन्धी वि.नि.को प्रतिक्रिया**

आफ्नो निरीक्षण क्षेत्र अन्तरगत पर्ने विद्यालयहरुको निरीक्षण गर्दा प्रत्येक विद्यालयमा ६ महिनामा एक पटक गरिन्छ । विद्यालय सुपरिवेक्षण गर्दा प्रशासनिक, भौतिक, र आर्थिक पक्षमा भन्दा शिक्षण शिकाइमा प्राथमिकता दिने गरिएको छ । विद्यालय सुपरिवेक्षणको प्रमुख बाधक तत्व वर्तमान द्वन्द्वलाई भन्दा कार्यब्यस्ततालाई मानिएको छ । किनकी कार्यालयमा उप-सचिव भएर वस्नुपर्दा विद्यालय सुपरिवेक्षणलाई बाधा पुऱ्याएको छ । सुपरिवेक्षणमा गएका बेला कक्षा अवलोकन गरेर शिक्षक तथा प्र.अ. लाई सल्लाह तथा सुझाव दिने गरिन्छ । विद्यालयमा नयाँ शिक्षक प्रवेश गरेको भए त्यस्ता शिक्षकसँग अनुभव आदान प्रदान गरेर शिक्षणमा सहयोग पुऱ्याइन्छ । शिक्षकहरुले शैक्षिक गुणस्तर वृद्धिकालागि शिक्षण सुधार योजना *(T.I.P.)* बनाई सो को कार्यान्वयन गर्दै आएको पाइन्छ । तर विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन भने ०%-२५% सम्म मात्र पूर्णरुपले कार्यान्वयन भएको पाइन्छ । विद्यालय सुपरिवेक्षणमा गएको वेला प्र.अ., शिक्षक र वि.व्य.स.सँग अन्तरक्रिया गरी शैक्षिक गुणस्तर वृद्धिका लागि ल्याइएका कार्यक्रमहरु हुबहु कार्यन्वयन गर्न सल्लाह तथा सुझाव दिइन्छ ।

शिक्षण शिकाइलाई प्रभावकारी बनाउन शिक्षण सिकाइका समस्या र सो समाधानका उपायहरुको बारेमा सरोकारवालाहरु सँग छलफल र अन्तरक्रिया गरिन्छ । विद्यालय सुपरिवेक्षण गर्दा देखा परेका समस्याहरु शिक्षकहरुले शिक्षण शिकाइमा ध्यान दिनुभन्दा घरपायक सुविधा प्राप्त गर्नुमा बढी आकर्षित हुनु, बढुवाका विषयमा वढी केन्द्रित हुनु र पेशागत भावनाको कमि हुनु आदि रहेका छन् । प्रभावकारी सुपरिवेक्षणका लागि भने निरीक्षणका लागि सुपरिवेक्षकहरुलाई आवश्यक पर्ने साधन सम्पन्न बनाउनु पर्छ । शिक्षक अभिभावक संघ, वि.व्य.स. र प्र.अ. बाट अनुगमन गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

### ४.१.६.३ सुपरिवेक्षण सम्बन्धी श्रोतव्यक्तिको प्रतिक्रिया

विद्यालयको सुपरिवेक्षण गर्दा आवश्यकता अनुसार महिनामा एक पटक देखि ६ महिनामा एक पटक सम्म गर्ने  गरिएको छ । विद्यालयमा सुपरिवेक्षण गर्न गएको वेला प्रशासनिक भौतिक र आर्थिक पक्षलाई भन्दा शिक्षण शिकाईलाई बढी प्राथमिकता दिने गरिन्छ । निरीक्षणको क्रममा कक्षा अवलोकन गरी शिक्षकहरुलाई कक्षा शिक्षण सम्बन्धी सल्लाह तथा सुझाव दिइन्छ भने वि.व्य.स., प्र.अ. र शिक्षक संग शैक्षिक गुणस्तर वृद्धिका लागि अन्तरक्रिया गरी कार्यक्रम तय गरी कार्यान्वयन गरिन्छ । नयाँ शिक्षक नियुक्ति भई विद्यालय प्रवेश गरेको खण्डमा उहाँहरुको कक्षा अवलोकन गरी शिक्षण कार्यमा सुधार ल्याउन नमुना कक्षा शिक्षण गरी सहयोग गरिन्छ  र सुझाब दिइन्छ । विद्यालयले शैक्षिक गुणस्तर वृदिका लागि श्रोतकेन्द्रको  निर्देशनमा शिक्षण सुधार योजना निर्माण गरेको तर पूर्णरुपमा कार्यान्वयन नगरेको पाइन्छ भने विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने कार्य पनि २५%देखि ५०% सम्म मात्र कार्यन्वयन भएको पाइन्छ ।

वर्तमान सुपरिवेक्षणको प्रमुख वाधक तत्व द्वन्द्वलाई भन्दा कार्य व्यवस्थालाई मानिएको छ । किनकि निरन्तर नयाँ कार्यक्रम थप हुने र विद्यालयको संख्या वृद्धि हुने कुराले यस्को पुष्टी गर्दछ । शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउन सुपरिवेक्षकलाई का.स.मु.को.नम्बर दिने जस्ता केही अधिकार प्रदान गरिनुपर्छ । सुपरिवेक्षकले नै शिक्षकलाई तालिम दिने व्यवस्था मिलाउनु पर्छ । किनकि तालिम दिने छुट्टै निकाय हुँदा शिक्षकले जे गरेका हुन्छन, तालिममा त्यही शिकाएको थियो भन्ने गरेको पाइन्छ,जसले सुपरिवेक्षकको मनोबल घटाउने काम गर्छ र सुपरिवेक्षण प्रभावकारी हुनक्दैन । शिक्षण सिकाइलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि उकास्न शिक्षकलाई पूनर्ताजगी तालिम दिने, अनुगमन गर्ने, समितिको बैठकमा भाग लिई सुझाब दिने, अभिभावक भेलामा सुझाब दिने, नमूना पाठ शिक्षण गर्ने जस्ता कार्यहरु गर्ने गरिएको छ । सुपरिवेक्षण गर्दा देखापरेका समस्याहरुमा शिक्षकले तालिममा सिकेको सीप कक्षामा लागू नगर्नु, शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग नगरिनु, दरबन्दी धेरै भएको विद्यालयमा पनि विद्यार्थी संख्याको आधारमा सेक्सन नखोली शिक्षण गर्नु, सानो कक्षालाई छाडि कक्षामा राखिनु , सानो कक्षामा भन्दा ठुलो कक्षामा बढी ध्यान दिनु आदि रहेका छन । अन्त्यमा सुपरिवेक्षण क-कसले गर्ने भन्ने कुरा एकीन हुनु पर्‍यो । कसले कति अवधीमा कति पटक सुपरिवेक्षण गरिनु पर्ने किटान गरिनु पर्‍यो । सुपरिवेक्षकले सुपरिवेक्षण धरै पटक गर्दा के हुने र गर्दै नगर्दा के हुने सो समेत किटान

गरिनुपर्‍यो । स्थानीय विकास मन्त्रलाय अन्तरगतका स्थानीय निकायवाट शिक्षालाई राम्रो र सकारात्मक सहयोग गर्नुपर्‍यो भन्ने सुझावहरु दिन चाहन्छु ।

### ४.१.६.४ सुपरिवेक्षण सम्वन्धी वि.व्य.स पदाधिकारीहरुको प्रतिक्रिया

शिक्षालाई प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ । शिक्षाको राष्ट्रिय ,तहगत ,कक्षागत, र बिषयगत लक्ष्य तथा उद्देश्य प्राप्त गरी शिक्षाको लगानी अनुरुप प्रतिफल प्राप्त गर्ने र विद्यार्थीको आशातित अपेक्षालाई सहयोग पुर्‍याउने व्यवस्थापकीय जिम्मेवारीका साथै सुपरिवेक्षणको जिम्मेवारी वि.व्य.स को रहन्छ । यस सम्वन्धमा १२ जना वि.व्य.स का पदाधिकारीहरु संग अनुसूची - ४ बमोजिमका प्रश्नावलीको माध्यमबाट प्राप्त प्रतिक्रियाहरु यस प्रकार छन ।

**तालिका नं. ४**

**वि.व्य.स पदाधिकारीहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या (१२) | प्रतिशत |
|---|---|---|---|---|
| १ | निरीक्षक तथा श्रोत व्यक्ति संगको अन्तरक्रिया | क) कहिले काहीँ हुन्छ । | ६ | ५० |
| | | ख) नियमित हुन्छ । | ४ | ३३ |
| | | ग) हुदैन । | २ | १७ |
| २ | विद्यालय निरीक्षणको लागि छुट्याइएको समय | क) पूरै समय दिन्छु । | ९ | ७५ |
| | | ख) हप्तामा एक पटक । | ३ | २५ |
| ३ | विद्यालय प्रतिको जिम्मेवारी | समग्र पक्षको सुधार गर्नु । | १२ | १०० |
| ४ | वैठकमा सदस्यहरुको सक्रियता | क) सवै सक्रिय रहन्छन । | १० | ८३ |
| | | ख) केही सक्रिय हुन्छन । | २ | १७ |
| ५ | विद्यालय निरीक्षण गर्ने जिम्मेवारी | क) सरोकारवाला सवैको । | ९ | ७५ |
| | | ख) वि.नि.तथा श्रोतव्यक्तिको | ३ | २५ |

स्रोत: स्थलगत अध्ययन २०६७

वि.व्य.स. का पदाधिकारीहरुले विद्यालय सुपरीवेक्षणमा पूरै समय दिन्छु भन्ने ७५% पाइयो भने हप्तामा एकपटक मात्र समय दिन सकिन्छ भन्ने २५% पाइयो । निरीक्षक ,श्रोतव्यक्ति सग कहिलेकाहीँ प्रतिक्रिया हुन्छ भन्ने ५०%,नियमित हुन्छ भन्ने ३३%र

प्रतिक्रियानै हुदैन भन्ने १७% पाइयो भने हाम्रो विद्यालय प्रतिको जिम्मेवारी समग्र पक्षको सुधार गर्नु हो भन्ने पदाधिकारीहरु १००% रहेको पाइयो । वि.व्य.सको बैठकमा सवै सदस्यहरु सक्रिय हुन्छन् भन्ने पक्षमा ८३% र केही सदस्यहरु मात्र सक्रिय हुन्छन् भन्नेमा १७%रहनु भएको पाइयो । सुपरिवेक्षणको वाधक तत्व कार्यव्यस्तता र लापरवाहीपनलाई ठान्नुहुने ४१.६७% रहेको पाइयो । विद्यालय निरीक्षण गर्ने जिम्मेवारी सरोकारवाला सवैको भन्ने ७५% र वि.नि. तथा श्रोव्यक्ति को मात्र जिम्मेवारी हो भन्नेमा २५% रहनु भएको छ ।

पोखेल (२०६२) ले विद्यालय व्यवस्थापन समिति छनौट गर्दा विशेष गरी साक्षर र वि.व्य.स को काम, कर्तव्य र अधिकार बुझेका योग्य व्यक्ति छनौट गर्नुपर्दछ भने झै यस क्षेत्रमा सो अनुसार नभै विद्यालय व्यवस्थापन समितिमा जुन तहको हो सोही तहको योग्यता भएको व्यक्ति छनोट नगरी राजनीतिक कारणले समिति छनौट हुने परिपाटी विद्यमान छ । साथै नीति नियम र कर्तव्य बुझेका व्यक्तिलाई अवसरवाट वञ्चित गराइएको छ । जसको कारण विद्यालय सुपिरीवेक्षण हुन सकिरहेको छैन । शैक्षिक अवस्था अध्ययन (२०६२) ले विद्यालय व्यवस्थापन समितिका सदस्यहरु छनौट गर्दा सकभर शिक्षाप्रेमी, शिक्षित तथा विद्यालयको सम्पूर्ण पक्षको विकास गर्न चासो राख्ने अभिभावकलाई छनोट गर्ने भने झै यस क्षेत्रमा नहुँदा सुपरिवेक्षण सक्रिय रहने अवस्था छैन ।

पौड्याल (२०६२) ले विद्यालय व्यवस्थापन समितिका सबै पदाधिकारीहरुलाई श्रोत केन्द्रमा वर्षको १/२ पटक अभिमुखिकरण गोष्ठी सञ्चालन गरी उनीहरुलाई काम, कर्तब्य र अधिकार बोध गराई कार्यान्वयन सम्वन्धी जानकारी दिने र विद्यालय सुधारमा उनीहरुले खेल्नु पर्ने भूमिका बारे पनि जानकारी गराउनु पर्दछ भने झै यस क्षेत्रमा हालसम्म श्रोतकेन्द्र स्तरमा र जिल्ला स्तरमा कुनै पनि गोष्ठी सञ्चालन गरी वि.व्य.स का पदाधिकारीहरुलाई थप उर्जा दिने काम नै भएको छैन । त्यसैले वि.व्य.स. को बैठकमा सबै सदस्यहरुले सकृय रुपले भाग लिन्छन् र वि.व्य.स.ले विद्यालय सुपरिवेक्षणमा पुरै समय दिएको छ भनिए पनि व्यवहारमा त्यस्तो पाइँदैन ।

### ४.१.६.५ सुपरिवेक्षण सम्बन्धी प्र.अ. को प्रतिक्रिया

विद्यालयको प्रशासकीय प्रमुख को रुपमा प्र. अ. को .नियुक्ति भएको हुन्छ । शिक्षण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने स्थानीय र इकाईगत प्रमुख वा नेता प्र.अ. हो । शैक्षिक गुणस्तर सुधारका लागि नयाँ तथा पुराना शिक्षकहरु सँग शैक्षिक सुपरिवेक्षणको रुपमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने हुन्छ । कक्षा अवलोकन कार्यदेखि नमूना पाठ प्रदर्शन

समेत गरी नयाँ एवं कमजोर शिक्षकलाई पूर्णरुपमा सहयोग गरी शिक्षण सिकाईलाई प्रभावकारी बनाउने काम प्र.अ. को हो । प्र.अ. एउटा नेता मात्र होइन उ एउटा प्रशासक, सूचना संबाहक , समन्वय कर्ता पनि हो तसर्थ यस क्षेत्रको प्र.अ. का सुपरिवेक्षण सम्बन्धी के कस्ता धारणा रहेछन अनुसूची ३ अनुसारका प्रश्नवलीको उत्तरका आधारमा प्राप्त हुन आएका कुराहरु यस प्रकार छन् ।

**तालिका नं. ५**

**प्र. अ. हरुको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | सुपरिवेक्षण औपचारीकतामा मात्र सिमित छ । | क) आंशिक सत्य हो ?<br>ख) कतै कतै यस्तो होला ? | ९<br>३ | ७५.००<br>२५.०० |
| २ | श्रोतव्यक्तिघद्वारा प्राप्त सहयोग | क) हुलाक वा पूलको जस्तो<br>ख) उपयुक्त किसिमको | ५<br>७ | ४१.६७<br>५८.३३ |
| ३ | कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग | क) निर्माण गरी पूरै प्रयोग हुन्छ ।<br>ख) कहिले काहीँ मात्र हुन्छ । | ४<br>८ | ३३.३३<br>६६.६७ |
| ४ | श्रोतब्यक्ति वा वि.नि. ले विद्यालयमा गर्ने गरेको सुपरिवेक्षण | क) महिनामा एक पटक<br>ख) वर्षको एक पटक | ८<br>४ | ६७.६७<br>३३.३३ |
| ५ | सुपरिवेक्षणको रुपमा प्र.अ.को भूमिका | क) महत्वपूर्ण<br>ख) सहयोगी | ६<br>६ | ५०.००<br>५०.०० |
| ६ | सुपरिवेक्षणको मूख्य वाधक तत्व | क) कार्य व्यस्तता<br>ख) चासो नराख्नु<br>ग) राजनैतिक अस्थिरता | ५<br>५<br>२ | ४१.६७<br>४१.६७<br>१६.६६ |

श्रोत : प्रश्नावली २०६७

सुपरिवेक्षण औपचारीकतामा मात्र सिमित छ भन्ने कुरा आंशिक सत्य हो भन्ने प्रा.अ.हरु ७५% रहेको ले विद्यालय सुपरीवेक्षण प्रभावकारी नभएको भन्ने सिद्धहुन्छ । श्रोतव्यक्तिबाट उपयूक्त किसिमको सहयोग प्राप्त भएको स्वीकार गर्ने ५८.३३ % र हुलाक

वा पुलको जस्तो  मात्र कार्य भएको छ भन्ने ४१.६७% पाइएको छ। श्रोतव्यक्ति र वि.नि.ले विद्यालय सुपरिवेक्षण महिनामा  एक पटक गरेको ६७.६७% र वर्षमा १ पटक गरेको ३३.३३% ले उल्लेख गर्नुभएको छ । यसै गरी कक्षाकोठामा शिक्षकहरुले शैक्षिक सामग्री पूर्णरुपमा प्रयोग गर्नुहुन्छ  भन्ने ३३.३३% र कहीलेकाहीं मात्र प्रयोग गर्नुहुन्छ , भन्नेमा ६६.६७% रहनु भएको छ । सुपरिवेक्षणको रुपमा प्र.अ.को भूमिका महत्व पूर्ण र सहयोगी रहेको कुरा सबैले उल्लेख गर्नुभएको छ  भने सुपरीवेक्षणको बाधक तत्वको रुपमा कार्यव्यस्तामा ४१.६७%, चासो नराख्नुमा ४१.६७% र राजनैतिक अस्थिरतामा १६.६६% भएको उल्लेख गर्नुभएको छ।

शिक्षा नियमावली २०५९ को परिच्छेद १७ को नियम ९४ मा प्र.अ.को काम, कर्तव्य र अधिकार उल्लेख गरे बमोजिम विद्यालयको सुपरीवेक्षणको रुपमा प्र.अ. नै रहेको तर यस अध्ययन क्षेत्रमा कतिपय विद्यालयमा भर्खरै नियूक्ति भएका शिक्षकलाई प्र.अ.पदको जिम्मेवारी दिइनु ,कतै राजनैतिक दबावको कारणले योग्यता नै नपुगेको २०/३० वर्ष लामो सेवा गरेका वृद्ध शिक्षकलाई जिम्मेवारी तोकिनुले उक्त नियमावली बमोजिम सुपरिवेक्षण कार्य प्रभावकारी नभई यस क्षेत्रमा कतिपय प्र.अ. हरुलाई सुपरिवेक्षण बारे थाहा नै नहुनु त कतिपय ले जिम्मेवारी पूरा नगर्दा सुपरिवेक्षण स्थिति नाजुक अवस्थामा छ।

खनाल (१९९९) ले शैक्षणिक सुपरिवेक्षणलाई प्राथमिकता दिनुपर्दछ । विद्यालयको शैक्षिक सुधारको लागि प्र.अ. शिक्षणमा भन्दा शैक्षिणक सुपरीवेक्षमा ब्यस्त रहनुपर्छ भनेझै यस क्षेत्रका प्र.अ.हरुमा सो अनुसार नभएको, न्यून दरवन्दीका कारण प्र. अ. हरु सुपरिवेक्षण भन्दा शिक्षाणमा बढी व्यस्त रहेका र विद्यालय को अन्य कामले धेरै पटक लामो दिन काजमा जाने प्रचलन विद्यमान रहेको देखिन्छ।

### ४.१.६.६  सुपरिवेक्षण सम्बन्धी शिक्षकहरुको प्रतिक्रिया

विद्यालय सुपरिवेक्षण एक सामूहिक कार्य हो । यसले शिक्षण सिकाई क्रियाकलाप सुधारका निमित्त शिक्षकलाई नेतृत्व प्रदान गर्ने, शिक्षकको ब्यबसायिक वृद्धि विकासलाई प्रोत्साहित गर्ने, शैक्षिणक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि छनौट, संसोधन, परिस्कार र प्रयोग गर्ने कार्य गर्दछ। शिक्षकको विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क हुने भएकोले शैक्षिक गुणस्तर वृद्धिमा शिक्षकको नै महत्वपुर्ण भूमिका रहेको हुन्छ ।  शिक्षक सक्रिय रहेमात्र शैक्षिक गुणस्तर वृद्धि सम्भव हुन्छ। यसको लागि शिक्षक, प्र.अ. र सुपरिवेक्षकको राम्रो सह-सम्वन्ध हुनुपर्छ । त्यसैले यस अध्ययन क्षेत्रका शिक्षकहरुको सुपरिवेक्षक प्रतिको धारण के छ,

विद्यालयमा शिक्षकहरुले कसरी शिक्षण गर्दैछन्  र सुपरिवेक्षण सम्वन्धी प्र.अ, श्रोतव्यक्ति र वि. नि. को कस्तो सम्बन्ध छ भन्ने बारे नमूना छनौटमा परेका १२ वटा विद्यालयका २४ जना  शिक्षकहरु संग गरिएको अनुसूची-५ अनुसारको प्रश्नावलीको उत्तर बमोजिम प्रतिक्रया निम्नानुसार रहेको  छ ।

**तालिका नं ६**

**शिक्षकहरुको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्राप्त उत्तरहरु | संख्या (२४) | प्रतिशत |
|---|---|---|---|---|
| १ | कक्षा शिक्षण गर्दा पाठयोजना बनाउने कार्य | क) नियमित बनाइन्छ । | ८ | ३३.३३ |
| | | ख) कहिलेकाँहि बनाइन्छ । | १२ | ५०.०० |
| | | ग) बनाउने गरेको छैन । | ४ | १६.६७ |
| २ | शिक्षणकार्यमा शैक्षिक सामग्रीको प्रयोग | क) आवश्यकता अनुसार  हुन्छ । | २४ | १००.०० |
| | | ख)प्रयोग गरिदैन । | ० | ०.०० |
| ३ | वि.नि. तथा श्रोतव्यक्तिले निरीक्षण गर्दा नमूना पाठ शिक्षण | क) सधै गर्नुहुन्छ । | १ | ४.१६ |
| | | ख) कहिलेकाहीँ गर्नुहुन्छ । | १३ | ५४.१७ |
| | | ग) गर्नुहुन्न । | १० | ४१.६७ |
| ४ | निरीक्षकहरुमा देखिएका अभावहरु | क) सामुहिक चिन्तनको | ६ | २५.०० |
| | | ख) केही कमि देखिन्न । | ३ | १२.५० |
| | | ग) विषय ज्ञानको  अभाव | ११ | ४५.८३ |
| | | घ) प्रजातान्त्रिक व्यवहारको | ४ | १६.६७ |
| ५ | निरीक्षकहरुले दिएका सल्लाह र सुझावहरुको कार्यन्वयन | क) कमिकमजोरी सच्याएर | २१ | ८७.५० |
| | | ख) कक्षा अवलोकन नै हुँदैन । | ३ | १२.५० |
| ६ | प्र.अ. तथा वि.व्य.स. बाट कक्षा अवलोकन गर्ने कार्य | क) महिनामा एक पटक । | १० | ४१.६७ |
| | | ख) वर्षमा एक पटक । | २ | ८.३३ |
| | | ग) हप्तामा एक पटक । | १० | ४१.६७ |
| | | घ) गर्नुहुन्न । | २ | ८.३३ |

स्रोतः  प्रश्नावली २०६७

प्रस्तुत तालिका अनुसार शिक्षकहरुले शिक्षण गर्दा ३३.३३% शिक्षकहरुले नियमित पाठयोजना बनाई शिक्षण गर्नुहुन्छ भने ५०% ले कहिलेकाहीँ र १६.६७% ले पाठ योजना नै नबनाई शिक्षण गर्नु हुन्छ । कक्षाकोठामा शैक्षिक सामग्रीको भने आवश्यकता अनुसार १००% शिक्षकहरुले प्रयोग गरेको पाइन्छ । वि. नि.तथा श्रोतव्यक्तिले नमूना पाठ शिक्षण गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा भने ५४.१७% ले कहिलेकाहीँ गर्नुहुन्छ भनी उत्तर दिनु भएको छ । निरीक्षकहरुमा विषयगत ज्ञानको अभाब छ भन्नेमा ४५.८३% प्रजातन्त्रिक ब्यबहारको कमि छ भन्नेमा १६.६७% र केही कमि देखिन्न भन्नेमा १२.५०% शिक्षकहरुले आफ्नो धारणा व्यक्त गर्नु भएको छ । निरीक्षकहरुले दिएको सल्लाह र सुझाबलाई कमिकम्जोरी सुधार गर्नेमा ८७.५० % र कक्षा अवलोकन नै हुदैन भन्नेमा १२.५०% शिक्षकहरु रहनु भएकोछ । अन्त्यमा प्र.अ. तथा वि.व्य.स बाट कक्षा अवलोकन गर्ने काम हुन्छ या हुदैन भन्ने प्रश्नको उत्तरमा हप्ताको एक पटक र महिनाको एक पटक हुन्छ भन्नेमा ४१.६७% ,वर्षमा एक पटक भन्नेमा ८.३३ % र कहिले पनि हुदैन भन्नेमा पनि ८.३३ %रहनु भएको छ ।

शिक्षणलाई प्रभावकारी बनाउन सबै विद्यालयका सवै शिक्षकले पाठयोजना वनाई शिक्षण गर्नुपर्नेमा केही विद्यालयका केही शिक्षकले मात्र सो कार्य सम्पन्न गरेको पाइन्छ । कक्षा शिक्षणमा शैक्षिक सामग्री भने सवैले प्रयोग गरेको पाईन्छ । वि.नि तथा श्रोतव्यक्तिद्वारा विद्यालय निरीक्षणमा आउँदा कक्षा अवलोकन गरि नमुना पाठ शिक्षण गर्नु पर्नेमा कुनै वेला गरेको तर कुनै वेला भने कक्षा अवलोकन समेत नगरेको पाइन्छ । प्र.अ. तथा वि.व्य.स. द्वारा कक्षा अवलोकन गर्ने कार्यमा सवै विद्यालयमा एकरुपता नआएको पाइयो । निरीक्षकहरुमा सामुहिक चिन्तनको अभाव भन्दा विषयगत ज्ञानको अभाव रहेको पाइन्छ । निरीक्षकहरुले दिइएका सल्लाह र सुझाव शिक्षकहरुले सकारात्मक रुपमा कार्यान्वयन गरेको पाइन्छ तर कतिपय विद्यालयमा निरीक्षकहरु नै नपुग्ने गुनासाहरु राखेको पाइन्छ ।

*ADAMS & DICKEY (1966)* ले प्रभावकारी सुपरिवेक्षणले नियमितता प्रदान गर्ने हो भने त्यो पनि प्रभावकारी नै हुन्छ । सुपरीवेक्षण सेवाले शिक्षकको आत्मविश्वास, योग्यता, दक्षता, बढाउन र समस्या सामाधानमा विशेष सहयोग प्रदान गर्दछ भनेर उल्लेख गरेका छन् । तर यस क्षेत्रमा सुपरिवेक्षक निरीक्षकहरुवाट यस सिद्धान्तलाई व्यवहारमा उतार्न

सकेको स्थिति पाउन सकिएन । अमात्य (२०६१) ले प्र.अ. ले शिक्षकहरुसँग उचित समन्वय तथा पारस्पारिक सम्वन्ध कायम गर्नुपर्दछ, कक्षा भार विभाजन, तालिम तथा गोष्ठीका लागि छनौट , विदा तथा अन्य सहुलियत उपभोग जस्ता कुराहरुमा निर्णय गर्दा निष्पक्ष हुनु पर्दछ भने झै यस क्षेत्रमा शिक्षक हकहितका सवालमा उक्त कार्य कहिँ कतै नभएको देखिन्छ । *Prof. George Elton Mayo (Human Relation Theory )* ले कर्मचारीको योग्यता अनुसार नेतृत्व विकाश गर्नु पर्दछ ,कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ भने झै यस क्षेत्रमा कार्यरत शिक्षकको लागि सम्वन्धित सुपरिवेक्षकवाट कुनै कार्य नभएको देखिन्छ ।

## ४.२ विद्यालय सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभाव

विद्यालय सुपरिवेक्षण सम्बन्धी सरोकारवालहरुले आ-आफ्नो जिम्मेवारी बहनगरी सुपरिवेक्षण कार्यलाई प्रभाकारी बनाउन सके शिक्षण सिकाइ प्रभावित भई शैक्षिक उपलब्धि वृद्धि हुने निर्विवाद छ । यस अध्ययनमा सुपरिवेक्षणले शिक्षण सिकाइमा पारेको प्रभावको विश्लेषण गर्न प्रश्नवलीको मद्दतबाट शिक्षक र प्र.अ.को सह-संम्बन्ध स्थापित गरिएको छ भने सिकाइ उपलब्धिमा सुपरिवेक्षणले पारेको प्रभावको विश्लेषण गर्न कक्षा ५, ८ र १०को परीक्षाको नतीजालाई विद्यालयको सुपरिवेक्षणको स्थितिसँग तुलना गरिएको छ ।

### ४.२.१ शिक्षक र प्र.अहरुको प्रतिक्रियाको विश्लेक्षण

अध्ययन क्षेत्रमा सुपरिवेक्षणको प्रभावकारिता पत्ता लगाउन सोधार्थी स्वयमले छलफल, अन्तर्वाता तथा प्रश्नावलीको माध्यमबाट त्यस क्षेत्रका छनौटमा परेका शिक्षक र प्र.अ. मार्फत गरेको तथ्य संकलनलाई यस उप-खण्डमा निम्नानुसार तालिकामा देखाउने र त्यसलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । यस सवालमा २४ जना शिक्षकहरु र १२ जना प्र.अ. हरुको रायलाई तलको तालिकामा यसरी देखाइएको छ

**तालिका नं. ७**

**सुपरिवेक्षणको प्रभावकारिता प्रति शिक्षक तथा प्र.अ. हरुको प्रतिक्रिया :**

| क्र स | प्राप्त भएका उत्तरहरु | उत्तरदाताहरु | | | |
|---|---|---|---|---|---|
| | | शिक्षक | | प्र.अ. | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सकारात्मक प्रभाव पारेको छ । | २० | ८३.३३ | ८ | ६६.६६ |
| २ | खासै प्रभाव पारेको छैन । | २ | ८.३३ | २ | १६.६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | यो औपचारीक प्रक्रिया मात्रहो | १ | ४.१७ | ० | ००.०० |
| ४ | सुपरिवेक्षण नभएकोले यसबारे थाहा छैन । | १ | ४.१७ | २ | १६.६७ |
| | जम्मा | २४ | १०० | १२ | १०० |

श्रोत :प्रश्नावली २०६७

माथिको तालिका बाट प्राप्त तथ्यहरुका आधारमा शिक्षक तथा प्र.अ.हरुको वीच के कस्तो सह-सम्बन्ध छ भनी *Karl Pearson's* ले प्रतिपादन गरेको *Product moment method* को सूत्र अनुसार निम्न बमोजिमको तरीकाले सह- सम्बन्ध पत्ता लगाइएको छ ।

यहाँ x = पहिलो संख्या (शिक्षकको राय)

y = दोस्रो संख्या (प्र.अ.हरुको राय )

n = ४( बिकल्पहरुको संख्या )

सूत्र

$$r_{xy} = \frac{n\sum xy - \sum X.\sum Y}{\sqrt{\{n\sum x^2 - (\sum x)^2\}\{n\sum y^2 - (\sum y)^2\}}}$$

**तालिका नं.८**

**सह सम्बन्ध निकाल्न चाँहिने तालिका**

| x | y | xy | $x^2$ | $y^2$ |
|---|---|---|---|---|
| २० | ८ | १६० | ४०० | ६४ |
| २ | २ | ४ | ४ | ४ |
| १ | ० | ० | १ | ० |
| १ | २ | २ | १ | ४ |
| $\sum$ x=२४ | $\sum$ y=१२ | $\sum$ xy=१६६ | $\sum$ $x^2$=४०६ | $\sum$ $y^2$=७२ |

$$r_{xy} = \frac{n\sum xy - \sum X.\sum Y}{\sqrt{\quad}}$$

$$\{n\sum x^2 - (\sum x)^2\}\{n\sum y^2 - (\sum y)^2\}$$

$$= \frac{\text{४ X १६६ - २४ X १२}}{\sqrt{(\text{४ X ४०६ - २४}^{\text{२}})(\text{४ X ७२-१२}^{\text{२}})}}$$

$$\text{४५}$$

$$= \frac{\text{६६४ - २८८}}{\sqrt{(\text{१६२४-५७६})(\text{२८८-१४४})}}$$

$$= \frac{\text{३७६}}{\sqrt{\text{१०४८ X १४४}}}$$

$$= \frac{\text{३७६}}{\sqrt{\text{१५०९१}}}$$

$$= \frac{\text{३७६}}{\text{३८८.४७}} = \text{०.९६}$$

Macintosh (1967) का अनुसार शिक्षक र प्र.अ. हरुको धारणा बीच सह-सम्बन्ध अतिउच्च रहेको छ। उनका अनुसार सह -सम्बन्धको व्यख्या निम्न अनुसार हुन्छ।

| सदस्यहरुको गुणङ्क (r×y) | सह-सम्बन्धको तह |
|---|---|
| ±0.00--------------------±0.20 सम्म | अत्यन्तै कम |
| ±0.21--------------------± 0.39 सम्म | कम |
| ±0.40--------------------± 0.59 सम्म | मध्यम |

| | |
|---|---|
| ±0.60--------------------±0.79 सम्म | उत्तम |
| ±0.80--------------------± 1.00 सम्म | उच्च |

*Macintosh* को सह-सम्बन्ध परीक्षण गर्ने तालिका तथा सुत्र अनुसार शिक्षक तथा प्र.अ. हरुका प्रतिक्रियाहरु वीच स [४६] न्ध पत्ता लगाउँदा उहाँहरुलाई संयुक्त रुपमा सोधिएको सुपरिवेक्षणले शिक्षण सिकाईमा के कस्तो प्रभाव पार्छ ? भन्ने प्रश्नको प्रतिक्रिया बीच ०.९६ अर्थात उच्च सह-सम्बन्ध रहेको पाइयो । यसबाट सुपरिवेक्षणले शिक्षण सिकाइमा प्रत्यक्ष एवम् सकारात्मक प्रभाव पार्दछ भने कुरा स्पष्ट हुन्छ ।

### ४.२.२ शैक्षिक उपलब्धिमा सुपरिवेक्षणको प्रभाव

कुनै पनि शैक्षिक क्षेत्रको आन्तिम उपलब्धि भनेको नै नतीजा हो । शिक्षा क्षेत्र एउटा प्रकृया पद्धतिमा चलेको हुन्छ । यसमा लगानी प्रक्रिया र उत्पादन हुन्छ । प्रतिफल समेत शिक्षामा हुने भएकाले परीक्षाको नतीजालाई उत्पादनको रुपमा लिइने र परीक्षालाई प्रक्रियाका रुपमा लिइने गरिन्छ । अध्ययन क्षेत्रका प्रा. वि., नि.मा.वि. र मा.वि.हरुमा शिक्षाबाट प्राप्त अपेक्षित उपलब्धी के-के हुन् भनेर ती उपलब्धि मापनका साधनको रुपमा परीक्षालाई लिन खोजिएको छ । सुपरिवेक्षणले पारेको सकारात्मक प्रभाव तथा सुपरिवेक्षण विनाको शैक्षिक उपलब्धिको अन्तर छुट्याउन पनि परीक्षाको नतीजाले केही सरल र प्रष्ट पार्न सक्छ । यस अध्ययनमा कक्षा ५ को श्रोतकेन्द्र स्तरीय उपलब्धि परीक्षा, कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र कक्षा १० को *S.L.C* परीक्षाको के कस्तो नतीजा प्राप्त भएको छ भनी अनुसूची-९ अनुसार विगत तीन वर्षको तुलनात्मक अध्ययन गरिएको छ ।

अनुसूची-९ को तालिकालाई विश्लेषण गर्दा कक्षा ८ को तीन वर्षको औसत नतीजा ८४.७७% देखिनु समग्रमा राम्रो देखिएता पनि जिल्ला स्तरीय परीक्षा लिँदा जिल्लाले प्रश्न पत्र मात्र निर्माण गरी पठाउने र परीक्षा विद्यालयद्वारा लिन लगाई उत्तर पुस्तिका समेत जाँच गराई नतीजा मात्र जि.शि.का.मा मगाउने चलनले उक्त जिल्ला स्तरीय परीक्षा पनि विश्वासनीय हुन सकेको देखिदैन । कक्षा ५ को उपलब्धि परीक्षाको प्रश्न पत्र श्रोतकेन्द्रले तयार गरी परीक्षामा एउटा विद्यालयको निरीक्षक अर्को विद्यालयमा पठाई परीक्षा सञ्चालन गरी उत्तर पुस्तिका समेत साटा साट गरी परीक्षण गरीने हुनाले यो परीक्षाको विश्वासनियता बढी भएकोले औसत प्राप्ताङक ५६.०८% मात्र रहेको छ भने कक्षा १०को *S.L.C.* परीक्षामा सम्बन्धित विद्यालय सामेल नहुने र परीक्षाको अनुगमन समेत हुने भएकोले यो परीक्षा विश्वासनीय मानिन्छ । फलस्वरुप तीन वर्षको S.L.C. परीक्षाको औसत

नतीजा ४३.८८%मात्र रहेको छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने शैक्षणिक क्रियाकलापमा सुपरीवेक्षण तथा अनुगमन नगर्ने तर परीक्षामा मात्र निरीक्षण तथा अनुगमन गर्ने गर्दा शैक्षिक गुणस्तर वृद्धि हुन नसकेको देखिन्छ ।


अनुसूची-९ बाट २०६४ ,२०६५ र २०६६ को नतीजाको औसत प्रतिशत निम्न अनुसार तालिकामा देखाइएको छ ।

| | साल | | |
|---|---|---|---|
| कक्षा | २०६४ | २०६५ | २०६७ |
| ५ | ४६.९९ | ६२.४२ | ५८.८२ |
| ८ | ९१.०५ | ८५.७९ | ७७.५२ |
| १० | ४७.९२ | ४७.८५ | ३५.८८ |
| औसत मान | ६१.९९ | ६५.३५ | ५७.४१ |

**उक्त तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा**

**चित्र नं.४**

**नतीजाको स्तम्भ चित्र**



साल

अध्ययन क्षेत्रका विद्यालयको  औसत नतीजा प्रतिशतलाई अध्ययन गर्दा २०६४ सालको नतीजा ६१.९९% र २०६६ सालको न ४८ ५७.४१% को दाँजोमा २०६५ सालको नतीजा ६५.३५% रहेको छ जसबाट २०६४ र २०६६ को नतीजा प्रतिसत भन्दा २०६५ सालको नतीजा प्रतिशत उच्च रहेको पाईन्छ। यो नतीजालाई तालिका नं.३ मा रहेको श्रोतव्यक्ति र वि.नि.ले विद्यालय निरीक्षण गरेको यर्थाथ स्थिति सँग तुलना  गर्दा २०६४ र २०६६ सालमा भन्दा २०६५ सालमा वढी पटक निरीक्षण गरेको पाइन्छ। त्यसैले प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षणले विद्यालयको नतीजा पनि बढेको पाइन्छ भने कम पटक निरीक्षण तथा सुपरिवेक्षण हुँदा नतीजामा पनि ह्रास आएको पाइन्छ। तर्सथ सुपरिवेक्षण तथा निरीक्षणले शैक्षिक उपलव्धिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ।

यसरी नै एस.एल.सी. परीक्षाको श्रोतकेन्द्र स्तरीय, जिल्ला स्तरीय र केन्द्रीय स्तरीय नजीतालाई तुलनात्मक अध्ययन गर्न निम्न अनुसारको तालिका प्रस्तुत गरिएको छ।

**तालिका नं.९**


**विगत तीन वर्षको एस.एल.सी. परीक्षाको नतीजा प्रतिसत**

| विवरण | २०६४ | २०६५ | २०६६ | औसत |
|---|---|---|---|---|
| श्रोतकेन्द्र | ४७.९२ | ४७.८५ | ३५.८८ | ४३.८८ |
| जिल्ला | ४९.७५ | ६६.५१ | ५२.३९ | ५६.२२ |
| केन्द्र | ६३.७३ | ६८.७४ | ६४.३१ | ६५.५९ |
| औसत | ५३.८० | ६१.०३ | ५०.८६ | ५५.२३ |

स्रोत अभिलेख २०६७

**तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा**

**चित्र नं. ५**




एस.एल.सी. परीक्षाको श्रोतकेन्द्र, जिल्ला र केन्द्रीय स्तरीय नतीजाको औसत प्रतिशत २०६४ सालमा ५३.८०%बाट बढेर २०६५ सालमा ६१.०३% पुगेको र २०६६ सालमा फेरि नतीजामा गिरावट आई ५०.८६%रहेको छ । गत तीन वर्षको श्रोतकेन्द्र स्तरीय नतीजाको औसत ४३.८८ %रहेको छ भने सोही अवधीको जिल्ला स्तरीय नतीजा ५६.२२% र केन्द्रीय स्तरीय नतीजा ६५.५९%रहेको छ । स्तम्भ चित्रबाट पनि यो प्रष्ट हुन्छ की श्रोतकेन्द्र स्तरीय *S.L.C.* परीक्षाको परिणाम भन्दा जिल्ला स्तरीय *S.L.C.* परीक्षाको परिणाम बढेको र जिल्ला स्तरीय *S.L.C.* परीक्षाको परिणाम भन्दा केन्द्रीय स्तरीय *S.L.C.* परीक्षाको परिणाम अझै बढेको छ । यस अध्ययनमा सामूदायिक विद्यालयको मात्र श्रोतकेन्द्र स्तरीय परिणाम उल्लेख गरिएको तर जिल्ला स्तरीय र केन्द्रीय स्तिरीय परिणाम भने संस्थागत विद्यालय सहितको उल्लेख गरिएकोले संस्थागत विद्यालयको प्रभावले परिणाम बढ्दै गएको देखिन्छ । यस तथ्यबाट यो निष्कर्षमा पुग्न सकिन्छ की शैक्षिक उपलब्धि वृद्धि गर्न सुपरिवेक्षणका साथै अन्य तत्वहरु पनि जिम्मेवार रहेका हुन्छन ।

*Adams & Dickey (1966)* ले शिक्षण शिकाईलाई प्रभावकारी बनाई अपेक्षित उद्देश्य प्राप्त गर्ने र शिक्षणमा सुधार ल्याउने योजनावद्ध कार्यक्रम नै शैक्षिक सुपरिवेक्षण हो भनेका

छन् । सुपरिवेक्षकले *Status Leader* तथा समूह नेता *Group Leader* को भूमिका निभाउनु पर्ने, बैठक गोष्ठि सेमिनारका माध्यमबाट विद्यालयमा शिक्षण सिकाई प्रक्रिया देखि मूल्याङ्कन पद्धति सम्म सुधार गर्दै परीक्षाको विश्लेषण गरी अभिभावकलाई समेत सचेत गर्नु गराउनु पर्छ  तर यो सिद्धान्त अनुसारको क्रियाकलाप यो क्षेत्रमा भएको पाइएन । विद्यालयमा नियमित पढाई लेखाई छैन तल्लो कक्षाबाट एक वा दुई विषयमा उत्तीर्ण हुने विद्यार्थीलाई दशौ कक्षा सम्म उत्तीर्ण गरी कक्षा  चढाउने परिपाटी छ । कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन र उदार  कक्षोन्नतीको अवधारणलाई शिक्षकहरुले बुझ्न नसकि जान्ने नजान्ने सबै विद्यार्थीलाई कक्षोन्नती गराउने परिपाटी विकास भएको छ । विद्यालयमा शैक्षिक सामग्रीको अभाव, विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको कमि र अभिभावकको चेतना स्तर कमिका कारण छोरा छोरीलाई परीक्षामा नक्कल गराएर भए पनि पास गराउनु पर्ने धारणा छ । विद्यालयमा विद्यार्थीलाई पठन पाठनमा नियमित नपठाई घरायसी काम काजमा संलग्न गराउनु जस्ता कार्य अभिभावकबाट भएको पाइन्छ भने विषय शिक्षकको व्यवस्था हुन नसक्नु, तालिम प्राप्त शिक्षकको अभाव रहनु जस्ता कुराले शिक्षण सिकाइमा राम्रो प्रभाव पार्न सकेको छैन । यस क्षेत्रमा अन्य विद्यालयको  तुलनामा  मेचीनगर-५ स्थित कवि शिरोमणी मा.वि. को तीनै वर्षको नतीजा भने सन्तोषजक नै देखा पर्नुमा अरु विद्यालयको तुलनामा यो विद्यालयका विद्यालय संग सरोकारवालाहरु प्र.अ., शिक्षक, वि.व्य.स. र अभिभावकको *Team Work* कराम्रो हुनुका साथै  प्र.अ. र वि.व्य.स. द्वारा हुने सुपरिवेक्षण कार्य प्रभावकारी रहनु रहेको छ । यस क्षेत्रमा विद्यार्थीको राम्रो नतीजा ल्याउन उनीहरुलाई सिकाई प्रति मेहनत गर्न लगाउनु पर्ने, कक्षा शिक्षणमा बढी भन्दा बढी शैक्षिक सामग्री प्रयोगमा जोड दिने परिपाटी सृजना गर्नु गराउनु आवस्यक छ । शाही (२०६१ ) ले भने झै यस क्षेत्रमा पनि नियमित सुपरिवेक्षणको माध्यमबाट विद्यालयमा लिईने परीक्षालाई स्वाच्छ र मर्यादित गराई नतीजा प्रकाशित गर्ने परिपाटीको विकाश गरिनुपर्छ ।

### ४.३. विद्यालय सुपरिवेक्षणका समस्याहरु

वर्तमान विश्व कुनैपनि क्षेत्रमा समस्यामुक्त छैन । शैक्षिक क्षेत्र पनि धेरै समस्याले जेलिएको छ । शिक्षाको गुणस्तर विकाशगर्न  र व्यवस्थापनमा सुधारगर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ देखि हालसम्म निरीक्षण सुपरिवेक्षण सम्बन्धी धेरै प्रयासहरु गरिदै आएका छन् । पोखेल (२०६१) ले आफ्नो लेखमा प्रसतुत गरे झै करोडौं, अरवौंका योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुन सकिरहेका छैनन् । वि.सं. १९९८ देखि शुरुवात भएको

विद्यालय निरीक्षण कार्य एउटा निश्चित प्रणालीको रुपमा विकशित एवं व्यवहारमा कार्यान्वयन भई आलोचना मुक्त हुन सकिरहेको छैन । सुपरिवेक्षण गर्नु एउटा कठीन र चुनौतिपूर्ण कार्य हो । नयाँ शिक्षक, तालिम अप्राप्त शिक्षकहरुलाई सहीमार्ग निर्देशन गर्नुपर्ने हुन्छ । यसको लागि विषयगत दक्षता, वैयक्तिक र सामाजिक गुण भएका सुपरिवेक्षक हुनु अत्यन्त आवस्यक छ । अध्ययन क्षेत्रको स्थलगत अध्ययन र जि.शि.अ., वि.नि., श्रोतव्यक्ति, प्र.अ., वि.व्य.स.पदाधिकारी तथा शिक्षकहरु सँग गरिएको प्रश्नवलीको आधारमा यस क्षेत्रका विद्यालयमा देखिएका सुपरिवेक्षण सम्बन्धी समस्याहरु निम्न बमोजिम उल्लेख गरिएको छ ?

### ४.३.१ नीतिगत समस्याहरु

शैक्षिक सुपरिवेक्षणको बोझ थामिरहेको स्रोतकेन्द्रको परिभाषा, श्रोतव्यक्तिको काम कर्तव्य र अधिकार शिक्षा नियमावलीमा स्पष्ट रुपमा उल्लेख नहुनु, केवल शिक्षा बिभागले परिपत्र गरी पठाइएको चिठीमा मात्र स्रोतव्यक्तिको काम कर्तव्य तोक्ने परिपाटीले श्रोतव्यक्तिद्वारा गरिने सुपरिवेक्षण प्रभावकारी हुन सकेको छैन । श्रोतव्यक्ति र वि.नि. को काम कर्तव्यको प्रकृति एउटै हुदाहुँदै दुई अलग अलग पदको व्यवस्था हुनुले एक अर्काको प्रतिक्षा गर्नाले पनि सुपरिवेक्षणमा समस्या देखिएको छ । वि.नि.र श्रोतव्याक्ति बीच स्पष्ट रुपमा काम, कर्तव्य र अधिकारको वाँड फाँड हुन नसक्नु पनि एउटा समस्याको रुपमा देखिएको छ । श्रोत केन्द्रमा स्रोतव्यक्तिहरुलाई आवस्यक पर्ने सहायक स्तरको कर्मचारीको व्यवस्था नगरिनु, सुपरिवेक्षकहरुलाई पुरस्कार र दण्ड दिने अधिकार प्रत्यायोजन नगरिनु, विषयगत रुपमा वि.नि. तथा श्रोतव्यक्तिको व्यवस्था हुन नसक्नु, विद्यालयमा गरिएको निरीक्षण र अन्य कार्यक्रम सरोकारवाला अभिभावकलाई जानकारी दिने परिपाटी नहुनु, लक्ष्य अनुरुप सुपरिवेक्षण कार्यमा प्रगति भए नभएको अनुगमन नगरिनु,वि.नि. श्रोतव्यक्ति, प्र.अ., वि.व्य स. तथा अभिवाभवको अनिवार्य समन्वय र सहकार्यको वारेमा कहिँ कतै स्पष्ट नपारिनु, केन्द्रमा रहेको जस्तै निरीक्षणालयको व्यवस्था जिल्ला स्तरमा पनि हुनुपर्नेमा त्यसो नभएको, जि.शि.का.तथा श्रोतकेन्द्र दुवैले केवल प्रशसनिक काममा मात्र व्यस्त हुनुपर्ने स्थिति कायमै रहेको जस्ता समस्याहरु सुपरिवेक्षण क्षेत्रमा रहेको पाइयो ।

### ४.३.२ व्यवहारिक समस्याहरु

देशमा लामो समयदेखि स्थायी र दिगो सरकार गठन हुन नसक्दा हरेक संयन्त्रहरु अस्तव्यस्त भइरहँदा शिक्षा क्षेत्रको सुपरिवेक्षण कार्य पनि अस्तव्यस्त रहेको देखिन्छ ।

श्रोतकेन्द्रको संख्या घटाइनुले श्रोतव्यक्ति तथा वि.नि.को कार्यक्षेत्र बढी भएकाले पनि सवै तिर समान रुपले सुपरिवेक्षण कार्य भइरहेको पाइँदैन । सुपरिवेक्षकमा विषयगत ज्ञानको अभावले गर्दा शिक्षण सिकाइ सम्बन्धी सुझाब दिन तथा परेका समस्याहरु समाधान गर्न कठिनाई परेको पाइन्छ । सामान्यतया शिक्षाशास्त्रमा स्नातकहरु सुपरिवेक्षक भईरहेको स्थितिमा विद्यालयमा लामो अनुभव संगालेका डिग्री हासिल गरेका शिक्षकहरु सामु निरीक्षकहरु यदाकदा फिका सावित भएको स्थिति समेत पाईन्छ । निरिक्षकहरु स्थानीय आवश्यकता र वस्तुस्थिति प्रति अनभिज्ञ हुदा उहाँहरुले गरेका कार्यहरुमा कृत्रिमता झल्किएको देखिन्छ । नियमावलीमा व्यवस्था गरिए जस्तो सुपरिवेक्षकहरुबाट नमुना पाठ प्रदर्शन भएको कमै पाइन्छ । निरीक्षणको क्रममा खालि प्रशासनिक प्रकृतिको निरीक्षण मात्र हुनु, समस्याहरु मात्र औंल्याइनु तर रचानात्मक सल्लाहहरु भने नदिएको पाइन्छ । प्र.अ. तथा वि.व्य.स.बाट सुपरिवेक्षण गरिनुपर्छ भनिएता पनि व्यवहारमा कमै पाइएको छ । राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको परिपाटी नरहेकोले राम्रो काम गर्नेहरु पनि क्रमस निरुत्साहित वन्दै गईरहेको पाइन्छ । त्यसैले "सरकारी काम कहिले जाला घाम" ले व्यापकता पाईरहेको अवस्था कायम छ ।

### ४.३.३. स्थानीय समस्याहरु

अध्ययन क्षेत्रका विद्यालयहरु यातायातको दृष्टिकोणले कुनै नजिक र कुनै टाढा रहेकाले पनि सवै विद्यालयमा समान रुपले सुपरिवेक्षण कार्य हुन सकेको छैन । श्रोतकेन्द्रको संख्या घट्नाले श्रोतकेन्द्रको आकार वढ्न गई थप समस्या थोपरीएका छन् । तालिम, गोष्ठी र सेमीनारहरु औपचारिक मात्र हुन पुगेकाले लक्षित वर्गले आवश्यक फाईदा लिन नसकि रहेको अवस्था छ । शैक्षिक गतिविधिमा प्रा.वि.को. परीक्षा मात्र श्रोतकेन्द्र स्तरीय गरीएको र नि.मा.वि र मा.वि.को परीक्षा भने विद्यालयलाई नै सञ्चालन गर्न दिइएकोले यस श्रोतकेन्द्रका विद्यालयको परीक्षामा एकरुपता नदेखिनुको साथै विद्यालयले आफु खुशी पठन पाठन गरी कोर्स नै पुरा नगरी परीक्षा लिएको पाइन्छ । स्थानीय पदाधिकारी तथा विद्यालय परिवार वीच उचित सम्वन्ध र समन्वयको अभाव देखिएको छ । स्थानीय स्तरमा उपलब्ध मानव श्रोतको उचित परिचालन गरी लाभ लिन सकिएको छैन । शिक्षक ,प्र.अ. तथा अभिभावक वर्गलाई सुपरिवेक्षणको मुल मर्म वारे जानकारी नहुँनु र आबस्यक मात्रामा तालिम ,अनुगमन तथा सञ्चारको व्यवस्था प्रभावकारी नहुनु जस्ता स्थानीय समस्या रहेका छन् ।

सापकोटा (२०५६) ले शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरिनुपर्छ भने झै यस अध्ययन क्षेत्रमा त्यसो नभएको तर सुपरिवेक्षणलाई सरोकारवालाको कार्य व्यवस्तताको कारणले नराम्रो सँग प्रभावित पारिएको पाइयो । यस उप शिषर्क अन्तरगत वर्तमान सुपरिवेक्षणका वाधक तत्वहरु केलाउने क्रममा जि.शि.अ. श्रोतव्यक्ति, वि.नि, १२ जना प्र.अ.र १२ जना वि.व्य.स. पदाधिकारी गरी जम्मा २७ जना सग गरीएको प्रश्नवालीको आधारमा ५१.८५%ले कार्य व्यस्ततालाई, ३७.०४%ले लापरबाहीलाई र ११.११% ले राजनैतिक अस्थिरतालाई प्रमुख बाधक तत्वको रुपमा स्वीकारेको पाइयो । तसर्थ हालै देशमा भएको राजनैतिक परिवर्तनले यस क्षेत्रको शैक्षिक सुपरिवेक्षणमा पनि क्रमस  अनुकुल प्रभाव पार्दै जाने संकेत मिलेको भान भएता पनि वर्तमान संक्रमण-कालिन अवस्थामा सुपरिवेक्षण सम्बन्धी उल्लेखनीय काम भएको पाईएको छैन ।

## ४.४ समस्या सामाधानका सम्भावित उपायहरु

अध्ययन क्षेत्रको स्थलगत अध्ययनको क्रममा जि.शि.अ., श्रोतव्यक्ति, वि.नि., प्र.अ., वि.व्य.स. पदाधिकारी र शिक्षकहरु सँग गरिएको छलफल तथा प्रश्नावलीको आधारमा निम्न बमोजिमका समस्या सामाधानका उपायहरु भएको ठहर  गरिएको छ ।

### ४.४.१ सम्भावित नीतिगत उपायहरु

शिक्षा ऐन र नियामावलीमा श्रोतकेन्द्र र श्रोतव्यक्तिको बारेमा स्पष्ट रुपमा उल्लेख गरी यस कार्यलाई बैधानिकता दिनुपर्छ । श्रोतव्यक्तिको नियुक्त योग्य र अनुभवी शिक्षकहरु मध्येबाट लोकसेवा आयोग वा सोही स्तरको आयोगबाट निष्पक्ष रुपमा गर्ने व्यवस्था मिलाउनु पर्छ । श्रोतव्यक्ति तथा बि.नि.को पदलाई समान स्तरको र समान उत्तरदायित्वको बनाइनु पर्छ । मन्त्रलाय स्तरमा रहेको विद्यालय निरीक्षणालय जस्तो निकाय जिल्ला स्तरमा पनि स्थापना गरिनु पर्छ । श्रोतकेन्द्रलाई इलाका स्तिरीय शैक्षिक सेवा केन्द्रको रुपमा बैधानिकता दिई अनिवार्य रुपमा वि.नि. वा श्रोतव्यक्ति कार्यालय मै बस्ने व्यवस्था मिलाउनु पर्ने साथै नियमित कार्यालय संचालनको लागि एक सहायक स्तरको कर्मचारी तथा पिउन समेतको व्यवस्था गरीनु पर्छ । शिक्षा नियामावली मै राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई दण्डित  गनु पर्ने  स्पष्ट उल्लेख गरिनु पर्छ ।  वि.नि. तथा श्रोतव्यक्ति नियुक्ति गर्दा शिक्षाशास्त्रमा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर डिग्री हासिल गरेका व्यक्तिहरुलाई ग्राहयता दिइनु पर्छ । सुपरिवेक्षकहरु तथा स्थानीय अभिभावकहरु र वि.व्य.स. पदाधिकारीहरु वीच अनिवार्य समन्वय  गर्न एक संयन्त्रको

निर्माण गरिनु पर्छ । काफ्ले (२०५९) ले भने झै शक्तिनिहित निरीक्षण पद्धतिको सट्टामा शक्तिरहित निरीक्षण पद्धति लागू गरिनुपर्छ । जसले सुपरिवेक्षणमा निरंकुश शैली र तौरतरीकालाई निरुत्साहित गर्दै प्रजातान्त्रिक परीपाटीको विकास हुदै जान्छ ।

**४.४.२ व्यवाहारीक तथा स्थानीय स्तरमा समाधान गर्न सकिने सम्भावित उपायहरु**

सुपरिवेक्षकहरुलाई परम्परागत प्रशासनिक निरीक्षण गर्नुको साटो क्रमस उपचारात्मक निरीक्षण तर्फ लाग्न प्रशिक्षित गरिनुपर्छ । शिक्षा क्षेत्रमा देखिएको राजनैतिक हस्तक्षेपलाई क्रमस निरुत्साहित गरिदै लगिनु पर्छ । जसको कारणले वि.व्य.स. को गठनमा कुनै हस्तक्षेप नहोस् । प्र.अ. तथा योग्य र तालिम प्राप्त शिक्षकहरुबाट समेत सुपरिवेक्षणमा अनिवार्य सहयोग लिइनु पर्छ । सकेसम्म दुर निरीक्षणलाई भन्दा निकट निरीक्षणलाई प्राथमिकता दिई सुपरिवेक्षकहरु हरेक विद्यालयमा तोकिएको समयमा पुग्नै पर्ने व्यवस्थालाई कडाइका साथ पालना गरिनु पर्छ । पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजानुपर्छ । जिल्लाको वार्षिक क्यालेण्डरमा सुपरिवेक्षणलाई समेत स्थान दिइनुपर्छ । विद्यालयलले पाउने प्रशासनिक खर्चबाट केही प्रतिशत रकम अनिवार्यरुपमा श्रोतकेन्द्रको कोषमा जम्मा गर्ने व्यवस्था मिलाउँदै श्रोतकेन्द्रलाई आर्थिक रुप ले पनि सक्षम र सवल बनाउनु पर्छ । श्रोतकेन्द्र मार्फत हुने प्रशासनिक कार्यहरुलाई क्रमस घटाउदै शिक्षण सिकाई तर्फ जोड दिइनु पर्छ ।

सापकोटा (२०५६) ले आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गरेझै शिक्षा क्षेत्रमा राजनैतिक हस्तक्षेप हुन नहुने नीति नियमलाई व्यबहारमा लागू गर्नु पर्ने, शैक्षिक प्रशासनिक र सुपरिवेक्षणलाई प्रभावकारी रुपमा लागू गरिनु पर्ने, स्थानीय निकायहरुलाई समेत ऐन नियममा नै स्पष्ट व्यवस्था गरी सुपरिवेक्षणमा लगाउनु पर्ने जस्ता सुझाबहरु कमै मात्रमा लागू भएका छन् । यी सुझाबहरुलाई क्रमश लागु गर्दै जाने हो भने शैक्षिक सुपरिवेक्षणको प्रभावकारीता बढ्ने देखिन्छ । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ, भने यस क्षेत्रको सुपरिवेक्षको प्रमुख बाधक तत्व भनेको कार्य व्यवस्तता, लापरबाहि पन र राजनतिक अस्थिरता रहेका छन । यी कुराको अन्त्य पछि सुपरिवेक्षण बिस्तारै प्रभाकारी बन्दै जाने देखिन्छ र देशको वर्तमान संक्रमणकालीन अवस्था मै सुभलक्षण मिल्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाब

यस खण्डमा तथ्याङ्क संकलन, व्याख्या  र विश्लेषण पश्चात अध्ययनबाट पत्ता लागेका कुराहरु, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएका छन् । जसबाट अध्ययन क्षेत्रको सुपरिवेक्षणको जानकारीका साथै भविष्यमा सम्बन्धित विषयमा थप अध्ययन अनुसन्धान गर्न सम्बन्धित पक्षलाई सहयोग मिल्ने समेत अपेक्षा गरिएको छ ।

## ५.१ प्राप्ति

सुपरिवेक्षणको विद्यमान अवस्थाको व्याख्या र विश्लेषणबाट अध्ययन क्षेत्रका विद्यालयहरुको भौतिक अवस्थाका विभिन्न पक्षहरुको  अध्ययन गर्दा सवै पक्ष सन्तोशजनक रहेको पाइयो  । यस क्षेत्रका प्राथामिक विद्यालयका विद्यार्थीहरुको संख्या क्रमस घट्दो क्रममा रहेको पाइयो तर नि.मा.वि. र मा.वि. को विद्यार्थी संख्या भने २०६५ सालमा केही कमि भई पून : २०६६ सालमा वृद्धि भएको पाइए पनि अघिल्लो सालको दाँजोमा घट्दो क्रममा नै रहेको पाइयो । गत तिन वर्षको शिक्षक दरबन्दी विश्लेषणमा अधिकांस विद्यालयमा दरबन्दी यथावत रहेको पाइयो भने प्रा.वि.लाई आधारभूत तह बनाउने क्रममा कक्षा थपिँदै गरेका विद्यालयहरुमा वार्षिक एउटा राहत दरबन्दी थप हुने गरेको पाइयो । दरबन्दी रहेका शिक्षकको आधारमा शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्दा प्रा.वि.मा १:३५, नि.वा.वि.मा १:१०२ र मा.वि.मा. १:७३ रहेको पाइयो । विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा श्रोतव्यक्ति द्वारा वार्षिक ३.१७ पटक, वि.नि. द्वारा ०.५५ पटक, जि.शि.अ. द्वारा ०.१७ पटक र अन्य व्यक्ति वा समूह द्वारा०.८९ पटक मात्र गर्ने गरेको पाइयो । तर प्रा.अ.ले. सुपरिवेक्षण कार्यमा आफ्नो भूमिकालाई महत्वपूर्ण ठाने पनि व्यवहारमा प्र.अ.द्वारा सुपरिवेक्षण तथा निरीक्षण गरेको कुरा कमैमात्र पाइयो । यसरी नै वि.व्य.स. पदाधिकारीहरुले पनि विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्यमा नियमित समय दिने कुरा उल्लेख गरेता पनि  व्यवहारमा त्यस्तो नगरेको पाइयो । कक्षा शिक्षण गर्दा एक तिहाई शिक्षकहरुले मात्र पाठ योजना बनाउने गरेको पाइयो भने शैक्षिक सामग्रीको उपयोग आवश्यकता अनुसार सवै शिक्षकहरुले गर्ने गरेको पाइयो । वि.नि. तथा श्रोतव्यक्तिहरुले कहिलेकाहिँ मात्र नमुना पाठ शिक्षण गर्नु हुन्छ भन्ने शिक्षकहरु ५४.१७% थिए भने उहाँहरु कक्षा अवलोकन नै गर्नु हुन्न भन्ने शिक्षकहरु ४१.६७% रहेको पाइयो ।

सुपरिवेक्षणको प्रभावकारिता अध्ययनको क्रममा शिक्षक र प्र.अ. को सह-सम्वन्धको विश्लेषण गर्दा सह-सम्वन्धको गुणाङ्ग ०.९६ रहेकोले सह-सम्वन्धको तह उच्च रहेको पाइयो । प्रभावकारी सुपरिवेक्षणले शैक्षिक उपलव्धी वृद्धि हुने भएकोले वि.नि. तथा श्रोतव्यक्ति द्वारा गरिएको सुपरिवेक्षण अन्य सालको भन्दा २०६५ सालको प्रभावकारी रहेकोले यस अध्ययन क्षेत्रको सो सालको कक्षा-५ ,८ र १० को औसत शैक्षिक उपलव्धी दर पनि उच्च नै रहेको पाइयो । यसरी नै कक्षा १० को श्रोतकेन्द्र ,जिल्ला र केन्द्रको तीन वर्षको *S.L.C* परीक्षाको औसत उत्तीर्ण प्रतिशतलाई हेर्दा पनि २०६५ सालको उत्तीर्ण दर नै बढी रहेको पाइयो ।

यस क्षेत्रमा वि.नि.हरुले विद्यालय निरीक्षणमा कम समय दिने गरेको र बढी समय जि.शि.का.मा उप-सचिवको कार्य भार समालेर बसेको पाइयो । श्रोतव्यक्तिले भने आफ्नो श्रोतकेन्द्रका विद्यालयहरुमा आवश्यकता अनुसार निरीक्षणमा जाने गरेको भएतापनि कुनै विद्यालयमा ज्यादै बढी पटक र कुनै विद्यालयमा ज्यादै कम पटक निरीक्षण गर्ने गरेको पाइयो । निरीक्षकहरुमा विषयगत ज्ञानको कमी हुनुले प्रा.वि. तहका कक्षामा बढी कक्षा अवलोकन गरिएको तर नि.मा.वि. र मा.वि.का. कक्षामा कम अवलोकन भएको पाइयो । यो क्षेत्रका ५० प्रतिशत प्र.अ. हरुमा सुपरिवेक्षण सम्बन्धी कुनै तालिम नभएकोले पनि विद्यालय सुपरिवेक्षणमा कठिनाई उत्पन्न भएको पाइयो भने ७५% वि.व्य.स. पदाधिकारीमा पनि सुपरिवेक्षण सम्बन्धी ज्ञान नहुनाले अधिकार प्राप्त भएपनि व्यबहारमा समस्या परेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनमा अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्ग र त्यसको विश्लेषण तथा व्याख्या गरी प्राप्त हुन आएका समस्या तथा आफ्नो अन्तरदृष्टिबाट ठम्याइएका निष्कर्षलाइ यहाँ प्रस्तुत गरिएको छ ।

पुराना विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षण तथा सिकाइको लागि कक्षाकोठा र फनिर्चरको अवस्था उपयुक्त अवस्थामा रहेका छन तर नयाँ कक्षा थप हुँदै गरेका विद्यालयहरुमा भने हाललाई भौतिक अवस्था अपर्याप्त रहेको छ । अन्य भौतिक अवस्थामा स्वच्छ पिउने पानी, प्रयोगशाला र शौचालयको व्यवस्थाले भने पूर्णता पाउन सकेको छैन । आसपासमा निजी विद्यालय भएका शहरी क्षेत्रका सामुदायिक विद्यालयहरुमा प्रति वर्ष विद्यार्थी भर्ना हुने दर घट्दो अवस्थामा रहेको छ । तर निजी विद्यालयहरु टाढा

रहेका ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयमा भने विद्यार्थी भर्ना दर बढ्दो अवस्थामा नै रहेको छ । यसबाट यो निष्कर्षमा पुग्न सकिन्छ की अभिभावकहरु सामुदायिक विद्यालयमा भन्दा निजी विद्यालय तर्फ आकर्षित भईरहेका छन । यसरी विद्यार्थी संख्यामा ह्रास आउने क्रममा प्रा.वि. तहमा प्रष्ट देखिएता पनि यो क्रमस नि.मा.वि. र मा.वि. तहमा पनि जारी रहनेछ । विद्यार्थी संख्यामा घटबढको क्रम देखिएता पनि गत ३ वर्षको अवधी भरी शिक्षक दरबन्दी भने यथावत रहेको र केही राहत दरबन्दी थप गरीएको भएता पनि समानुपातिक ढङ्गले थप गरिएको छैन किनकि विद्यालयमा विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान गरेको पाइँदैन । जसको कारणले शैक्षिक गुणस्तर समानुपातिक रुपमा वृद्धि हुन सकिरहेको छैन । यसै गरी शिक्षक विद्यार्थी अनुपातलाई हेर्ने हो भने प्रा.वि. हरुमा दरवन्दी वढी रहेको तर मा.वि.मा भन्दा पनि नि.मा.वि.मा भने दरवन्दी ज्यादै न्यून रहेकोले प्रा.वि. को दरवन्दीका भरमा नि.मा.वि र मा.वि. पनि संचालन गर्नुपर्ने वाध्यताले शैक्षिक गुणस्तर क्रमस गिर्दो अवस्थामा रहेको छ । उल्लेखित समग्र पक्षलाई सुपरिवेक्षणले प्रभाव पार्ने हुनाले सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउनु परेमा सुपरिवेक्षण संग सरोकारवालाहरु मध्ये श्रोतव्यक्तिले मात्र आफ्नो भूमिकालाई प्रभावकारी बनाएको पाइन्छ भने वि.नि. जि.शि.अ. प्र.अ. र वि.व्य.स. हरुले विद्यालय सुपरिवेक्षण कार्य सम्वन्धी आफ्नो जिम्मेवारी पुरा गर्न नसकेको कारणले सुपरिवेक्षण कार्य सामुहिक कार्य भएकाले प्रभावकारी बन्न नसक्दा सामुदायिक विद्यालयहरुको पठन पाठन कार्यमा समेत प्रभावकारिता आउन नसक्दा शैक्षिक गुणस्तर उकास्न सकिएको छैन ।

यस अध्ययनले प्रभावकारी सुपरिवेक्षण हुँदा विद्यालयको प्रशासनिक आर्थिक, भौतिक र शैक्षिक सवै पक्षमा सुधार हुने हुँदा शैक्षिक गुणस्तर वृद्धिमा पनि सुधार हुन्छ भन्ने कुरा पुष्टी गरेको छ । किनकि तथ्याङ्कले २०६४ साल र २०६६ सालको सुपरिवेक्षण कार्य भन्दा २०६५ सालको सुपरिवेक्षण कार्य हरेक दृष्टिकोणले प्रभावकारी देखिएकोले २०६५ सालको शैक्षिक उपलव्धी तथा कक्षा उत्तीर्ण दर अन्य उल्लेखित दुवै सालको भन्दा वढि रहेको छ । प्रभाकारी सुपरिवेक्षणको अभावले कक्षा १ देखि ५ सम्म लागू गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली, उदार कक्षोन्नती नीति र शिक्षण सुधार योजना प्रक्रियागत रुपमा कार्यान्वयन नभई हचुवाका भरमा कार्यान्वयन हुनाले पनि विद्यार्थीको मूल्याङ्कन लचिलो हुनुका साथै शैक्षिक उपलब्धी न्यून रहेको छ । कक्षा ६ देखि १० सम्मका परीक्षाहरुमा पनि कुनै श्रोतकेन्द्रले श्रोतकेन्द्र स्तरीय परीक्षा लिने गरेको र कुनैले विद्यालय स्तरीय परीक्षा

लिनुले पनि निर्धारित पाठ्यक्रम पूरा नगरी परीक्षा लिने परिपाटीको विकास भएको छ भने विषय अनुत्तीर्ण हुनेलाई समेत कक्षा चढाउनुले विद्यार्थीमा पढाइ प्रतिको मोह कम भई शैक्षिक गुणस्तरमा ह्रास आउन थालेको महसुस गरिएको छ ।

## ५.३. सुझावहरु

यस अध्ययनका लागि विभिन्न पक्षबाट संकलित तथ्याङ्क र जानकारीका आधारमा विद्यायल सुपरिवेक्षणमा विविध समस्याहरु रहेका र ती समस्या समाधानका लागि उपायको रुपमा निम्न सुझबहरु प्रस्तुत गरिका छन ।

विद्यालय सुपरिवेक्षणलाई प्रभाकारी बनाई अपेक्षित उद्देश्य परिपूर्ति गर्न जि.शि.का., वि.नि., श्रोतव्यक्ति, वि.व्य.सं. र प्र.अ.ले कार्य, अधिकार र जिम्मेवारी वहन गर्न नियम संगत रुपमा क्रियाशिल रहनुपर्ने । सुपरिवेक्षकहरु स्थलगत रुपमा प्रत्येक विद्यालयमा पुगी त्यहाँको भौतिक अवस्था जाँचबुझ गरी सुधारको लागि विद्यालयका सरोकारवाला पक्षलाई प्रेरणा दिनु पर्ने र संघ संस्था सँग समन्वयको लागि जि.शि.का. लाई सिफारीस गर्नु पर्ने । सुपरिवेक्षकबाट कार्य क्षेत्रका सबै शिक्षकलाई नियमित अध्यापनमा संलग्न गराउनु पर्ने र सट्टा शिक्षक राखी तलव खाने प्रथा पूर्णरुपले हराइनु पर्ने । विद्यार्थीको चौतर्फि विकास हुनेखालका सह क्रियाकलाप विद्यालयले संचालन गरे नगरेको अनुगमन हुनु पर्ने र अभिभावकहरुलाई आफ्ना नानीहरु सामूदायिक विद्यालयमा भर्ना गरी विद्यार्थी भर्ना दर वृद्धि गर्न प्रोसाहान गरिनुपर्ने । विद्यालयलाई जि.शि.का बाट दिईने अनुदान रकम तोकिएको शीर्षकमा खर्च भए नभएको नियमित रुपमा अनुगमन गरिनु पर्ने । असमान शिक्षक विद्यार्थी अनुपात दरवन्दी मिलान गरी समानुपातिक वनाइनु पर्ने । देशमा पुर्ण शान्ति वहालि हुनुपर्ने । श्रोतव्यक्ति र वि.नि हरुलाई विद्यालयमा गई विद्यालय सुपरिवेक्षण गर्न कुनै पक्षले अवरोध खडा गर्न नहुने । प्रत्येक विद्यालयमा एक जना पियन र एक जना लेखा सम्बन्धि काम गर्ने कर्मचारीको व्यवस्था गरीनुपर्ने । विद्यालयका जिल्ला स्थरीय र केन्द्रीय स्तरीय परीक्षा बाहेक सबै परीक्षाहरु श्रोतकेन्द्र स्तरीय हुनु पर्ने । निर्णयात्मक परीक्षाको परीक्षाफल प्रकाशन गर्दा सबै विषयमा उत्तीर्णाङ्क प्राप्त गर्ने विद्यार्थीलाई मात्र उत्तीर्ण गरिनुपर्छ ।

कुशल व्यवस्थापन, सुपरीवेक्षण सम्बन्धी ज्ञान, सिप, दक्षता भएको व्यक्तिलाई शिक्षा नियमावली २०५९ बमोजिम प्रत्येक विद्यालयमा प्र.अ.नियुक्ति गर्दा प्रा.वि.का. लागि आई. एड., नि.मा.वि. को लागि बि. एड्. र मा.वि.को लागि शैक्षिक योजना तथा व्यवस्थापन

विषयमा स्नातकोत्तर गरेको व्यक्ति हुनु पर्ने । विद्यालय व्यवस्थापन समिति गठन गर्दा पूर्ण रुपमा शिक्षा नियमावलीमा आधारित रही शिक्षा प्रति चासो भएको शिक्षित व्यक्तिलाई छनौट गर्ने वातावरण सृजना गरिनुका साथै राजनीतिक दवावलाई परास्त गरी भागवण्डा लगाउने गलत नियतलाई हटाउनु पर्ने । वि.व्य.स.को कार्य दक्षता वृद्धिगर्न अधिकार बोध गराउन जिम्मेवारी वहन गर्ने खालको तालिम, गोष्ठी, सेमिनार, कार्यशाला व्यवस्थापन तालिम, नेतृत्व क्षमता विकास जस्ता तालिम पटक पटक जि.शि.का बाट दिइनु पर्ने । जि.शि.का.मा रहेको उप-सचिवको पदमा अन्य अधिकृतको व्यवस्था गरी वि.नि.हरुलाई कार्यक्षेत्रमा खटाई कम्तिमा महिनाको १ पटक स्थलगत विद्यालय निरीक्षण/ सुपरिवेक्षण गराउनु पर्ने । श्रोतव्यक्तिमा मा.वि. स्थायी शिक्षकलाई लगिने परिपाटीको अन्त्य गरी शिक्षा विषयमा स्नातकोत्तर गरेको व्यक्तिबाट खुल्ला प्रतिस्पर्धात्मक तवरले नियुक्ति गरिनु पर्ने परिपार्टीको थालनी गरिनु पर्छ । प्रत्येक श्रोतकेन्द्रका श्रोतव्यक्तिहरुलाई नियमित रुपमा श्रोतकेन्द्रमा नै बस्न लगाई सो श्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुको नियमित निरीक्षण तथा सुपरिवेक्षण गरिनुपर्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, नारायण प्रसाद (२०६५), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौः न्यूहीरा बुक्स इन्टरप्राइजेज ।

कुशियैत, विनय कुमार (२०६७),*राम्रो स्कुलका पूर्वाधारहरु,* विर्तामोडः प्रतिदिन दैनिक ।

काफ्ले, वासुदेव (२०६०), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौः विद्यार्थी पुस्तकभण्डार ।

खनाल,श्री प्रसाद र भण्डारी, नवराज(२०६३),काठमाण्डौंः जुपिटर पव्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

गुरागाई, पुण्यमाया (२०५९),*प्राथमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व शैली* ( काठमाण्डौं) ।

पोखेल, लाल प्रसाद (२०६२), *माध्यमिक विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिकता,* सुर्खेत ।

पौड्याल, लोक प्रसाद (२०६३), *माध्यमिक विद्यालयमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारिता,* सुर्खेत ।

पौड्याल, हेमराज हिमकर (२०६२), समिक्षक, शिक्षा ऐन २०२८ (आठौं संसोधन २०६१ सहित) तथा शिक्षा नियमावली २०५९ (तेश्रो संसोधन २०६२ सहित), काठमाण्डौंःमकालु बुक्स एण्ड स्टेसनर्स ।

शर्मा, चिरञ्जीवि (२०५७), *शैक्षिक सुपरिवेक्षण,* काठमाण्डौंः एम.के. पव्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, हर्षनाथ (२०३२), *वृहत नेपाली शब्द कोष,* विराटनगरः नेपाली साहित्य भण्डार ।

*ADAMS, HAROLD P. & DICKEY FRANK G. (1966), Basic principle ofsupervision, Eurasia Publisning House (P.V.T.) Ltd, New Delhi.*

## विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

## अनुसूची -१

### जि.शि.अ.का लागि प्रश्नावली

नाम :- ठेगना :-

१) विद्यालय निरीक्षकलाई महिनामा कति पटक विद्यालय निरीक्षण/सुपरिवेक्षणमा खटाउनुभएको छ ?

क) प्रत्येक महिनामा १ पटक । ख) ३ महिनामा १ पटक ।

ग) ६ महिनामा १ पटक । घ) वर्षमा १ पटक ।

२) तपाईले विद्यालय निरीक्षण गर्ने गर्नुभएको छ कि छैन ? यदि गर्नु भएको छ भने कति पटक गर्नुहुन्छ ?

क) ६ महिनामा १ पटक ख) वर्षमा १ पटक ग) ३ महिनामा १ पटक घ) गर्ने गरेको छैन

३) विद्यालय सुपरिवेक्षण गर्ने मुख्य जिम्मेवारी कस्को होला ?

क) प्र.अ. ख) वि.नि. तथा श्रोतव्यक्ति ग) तपाईको घ) सरोकारवाला सवैको

४) विद्यालय निरीक्षण नगर्ने सरोकारवाला उपर कस्तो कार्वाही गर्ने गर्नु भएको छ ?

(क) सुझाव सल्लाह र निर्देशन दिने गरिन्छ ।

ख) कडा कानूनी कारवाही गरिन्छ ।

ग) कारवाही गर्ने अधिकार छैन ।

घ) कुनै कारवाही गरिदैन ।

५) प्रभावकारी सुपरिवेक्षणको प्रमुख वाधक तत्व केलाई ठान्नुहुन्छ ?

क) वर्तमान द्वन्द्वलाई ख) भौगोलिक अवस्थालाई

ग) लापरवाहीपनालाई घ) नीति नियमको अभाबलाई

६) विद्यालयका समस्याहरु हल गर्न वि.नि/श्रोतव्यक्तिले के कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ?

क) विद्यालयमा शिक्षक सँग मात्र छलफल गरेर ।

ख) विद्यालय प्र.अ. सँग मात्र छलफल गरेर ।

ग) शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स.को संयुक्त भेला गरी छलफल गरेर ।

घ) विद्यालयमा केवल पत्रचार गरेर ।

७. विद्यालय निरीक्षण पश्चात कार्यालयमा पेश भएको प्रतिवेदन माथि तपाईले कसरी कारवाही गर्ने गर्नु भएको छ ?

क) पूर्णरुपमा कारवाही हुन्छ ।   ख) आंशिक रुपमा कारवाही हुन्छ ।

ग) कारवाही नै हुदैन ।   घ) निरीक्षकबाट प्रतिवेदन नै कार्यालयमा प्राप्त हुदैन ।

८) वर्तमान अवस्थामा झापा जिल्लाको विद्यालय सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउन के कस्ता जटिल समस्याहरु अनुभव गर्दै आउनु भएको छ ?

........................................................................

........................................................................

९) सुपरिवेक्षकहरु विद्यालयमा पुग्दैनन्, सुपरिवेक्षण नियमित हुँदैन भन्ने गुनासा सुनिन्छन, यस बारेमा तपाईको के धारण छ ?

........................................................................................

........................................................................................

१०) तपाईले जिल्लाको शैक्षिक गुणस्तर बृद्धि गर्न के कस्तो पहल गर्नु भएको छ ?

..................................................................................................

..................................................................................................

११) शैक्षिक सुपरिवेक्षणमा देखापरेका समस्याहरु निराकाणका लागि जिल्ला स्तरवाट के कस्ता पहल गर्दै आउनुभएको छ ?

.....................................................................................................................

.....................................................................................................................

१२) तपाँइका केही सुझाव, सल्लाह भए उल्लेख गर्नुहोस् ?

# विद्यालय सुपरिवेक्षणको प्रभावकारीता
# अनुसूची -२
## वि.नि/श्रोतव्यक्तिका लागि प्रश्नावली

नाम :

पद :

योग्यता :

१) तपाईको क्षेत्र अर्न्तगत पर्ने विद्यालयको सुपरिवेक्षण कति पटक गर्नुहुन्छ ?

क) महिनाको १ पटक ख) महिनाको २ पटक

ग) ६ महिनामा १ पटक घ) वर्षमा १ पटक

२) विद्यालय सुपरिवेक्षणमा गएका वखत विद्यालयको कुन पक्षमा जोड दिनुहुन्छ ?

क) प्रशासनिक ख) भौतिक ग) आर्थिक घ) शिक्षण सिकाइ

३) वर्तमान सुपरिवेक्षणको प्रमुख वाधक तत्व के लाई ठान्नुहुन्छ ?

क) कार्य व्यस्तता ख) लापरवाहिपन ग) वर्तमान द्वन्द्व घ) अन्य

४) विद्यालय सुपरिवेक्षणमा गएका वेला कक्षा अवलोकन पश्चात के गर्नुहुन्छ ?

क) केही गर्दिन । ख) शिक्षक/प्र.अ. लाई सल्लाह दिन्छु ।

ग) विद्यार्थीलाई प्रश्न सोध्छु । घ) नमुना पाठ शिक्षण गरी शिक्षकलाई सुझाव दिन्छु ।

५) नयाँ शिक्षकलाई कसरी सहयोग गर्नुहुन्छ ?

क) कक्षा अवलोकन गरी नमूना कक्षा शिक्षण गरी सुझाव दिएर ।

ख) शिक्षकलाई गाईड र पुस्तक उपलव्ध गराएर ।

ग) शिक्षक सँग अनुभव आदान प्रदान गरेर ।

घ) शिक्षकलाई प्रधानध्यापक मार्फत सुझाव दिन लगाएर ।

६) विद्यालयले शैक्षिक गुणस्तर वृद्धिका लागि के कस्ता प्रयास गरेको पाउनुभएको छ ?

क) केही प्रयास भएको छैन ।

ख) शिक्षण सुधार योजना *(TIP)* वनाई सोको कार्यान्वयन गर्दै आएका छन् ।

ग) शिक्षण सुधार योजना *(TIP)* निमार्ण मात्र गर्दैछन् ।

घ) विद्यालय मर्मत तथा सुधार गर्दैछन् ।

७) विद्यालय सुपरिवेक्षणमा गएको वखत को को सँग सम्वन्ध राख्नुहुन्छ ?

क) प्र.अ. र शिक्षक सँग ख) प्र.अ. र वि.व्य. स सँग

ग) शिक्षक र विद्यार्थी सँग  घ) प्र.अ., शिक्षक र वि.व्य.स सँग

८) निरन्तर विद्यार्थी मुल्याङ्कनको कार्यन्वयन कति % विद्यालयमा पूर्णरुपले लागु भएको पाउनु हुन्छ ?

क) ०%-२५%  ख) २५%-५०%  ग) ५०% -७५%

घ)७५%- १००%

९) शिक्षण शिकाईलाई प्रभावकारी वनाई शैक्षिक उपलब्धि स्तर उकास्न तपाँईको भुमिका के के हुन सक्छ ?

..........................................................................................................

..........................................................................................................

....

१०) विद्यालय सुपरिवेक्षण गर्दा देखा परेका समस्याहरु के के हुन सक्छन् ?

..........................................................................................................

..........................................................................................................

११) प्रभावकारी शैक्षिक सुपरिवेक्षणका लागि के कस्ता कदमहरु चल्न आवश्यक ठान्नु भएको छ ?

..........................................................................................................

..........................................................................................................

१२) अन्त्यमा तपाईका केही सुझावहरु भए उल्लेख गर्नुहोस् ?

..........................................................................................................

..........................................................................................................

# विद्यालय सुपरिवेक्षणको प्रभावकारिता
## अनुसूची -३
### प्रधानाध्यापकका लागि प्रश्नावली

नाम :-

योग्यता :-

विद्यालयको नाम :-

१) विद्यालय सुपरिवेक्षण खाली औपचारिकतामा सिमित छ, वास्तविक सुपरिवेक्षण हुने गरेको छैन, भनिन्छ नि ?

क) यो सत्य कुरा हो ।    ख) यो आंशिक सत्य हो ।

ग) कपोलकल्पित कुरा हो ।    घ) कतै कतै यस्तो भएको होला ।

२) श्रोत केन्द्र, श्रोत विद्यालय तथा श्रोतव्यक्तिवाट के कस्तो सहयोग पाउनुभएको छ ?

क) प्रशासनिक कार्यमा मात्र सहयोग हुने गरेको छ ।

ख) सहयोग प्रायः सून्य छ ।

ग) एउटा हुलाक वा पुलको जस्तो काम मात्र हुन्छ ।

घ) उपयुक्त किसिमको सहयोग पाईएको छ ।

३) कक्षामा पढाउँदा शिक्षकले शैक्षिक सामग्री कतिको प्रयोग गर्ने गर्नु भएको छ ?

क) शैक्षिक सामग्री छैन र निमार्ण गरी प्रयोग गर्नुहुन्न ।

ख) शैक्षिक सामग्री प्रयोग गर्न झन्झट मान्ने गर्नुहुन्छ ।

ग) आवश्यक शैक्षिक सामाग्रीको निमार्ण गरी कक्षामा नियमित प्रयोग गर्नुहुन्छ ।

घ) शैक्षिक सामग्रीको कहिले काहीँ मात्र प्रयोग गर्नुहुन्छ ।,

४) गुणस्तर वृद्धिका लागि शिक्षक स्टाप बैठक कति पटक वस्ने गरेको छ ?

क) महिनामा १ पटक    ख) महिनामा २ पटक

ग) वर्षको १ पटक    घ) आवश्यकता अनुसार जुनसुकै समयमा

५) तर्पाइको विद्यालयमा आर..पी. तथा वि.नि ले सुपरिवेक्षण कति पटक गर्ने गर्नुभएको छ ?

क) महिनाको १ पटक    ख) ३ महिनाको १ पटक

ग) वर्षको १ पटक    घ) कोही आउदैन

६) यस विद्यालयमा शैक्षिक योजना निर्माण र कार्यन्वयनको अवस्था कस्तो छ ?

क) योजना विना कार्यान्वयन हुन्छ ।

ख) योजना निर्माण हुन्छ तर पूर्णरुपमा कार्यान्वयन हुदैन ।

ग) योजना निर्माण र कार्यान्वयन प्रजातान्त्रिक तवरले हुदैनन् ।

घ) योजना निर्माण प्रजातान्त्रिक निर्णय र कार्यान्वयन हुने गरेको छ ।

७) निरन्तर विद्यार्थी मूल्याङ्कन कुन कुन लिखित परीक्षामा समावेस गर्ने गरिएको छ ?

क) त्रैमासिक परीक्षामा मात्र । ख) त्रैमासिक र अर्धवार्षिक परीक्षामा ।

ग) त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सवैमा । घ) कुनैमा पनि समावेस गरिएको छैन ।

८) विद्यालय सुपरिवेक्षणमा प्र.अ. को भुमिका कस्तो हुनुपर्छ ?

.....................................................................................................................

.....................................................................................................................

९) सुपरिवेक्षणका वाधक तत्वहरु के के हुन् ?

.....................................................................................................................

.....................................................................................................................

१०) प्रभावकारी सुपरिवेक्षणवाट शिक्षण शिकाईमा कस्तो प्रभाव पर्छ ?

.....................................................................................................................

.....................................................................................................................

११) भविष्यमा सुपरिवेक्षणलाई प्रभावकारी र सशक्त वनाउने उपायहरु के के हुन सक्छन् ?

.....................................................................................................................

.....................................................................................................................

१२) अन्त्यमा तपाईको थप सल्लाह र सुझव भए उल्लेख गर्नुहोस् ?

# विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

## अनुसूची ३ (क)

### जि.शि.अ, वि.नि, श्रोतव्याक्ति र नमुना छनोटमा परेका प्र.अ. हरुको विवरण

| क्र.सं. | नाम | पद | योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | उद्धव विष्ट | नि.जि.शि.अ. | एम् ए/एम् एड् | जि.शि.का. झापा |
| २ | खुलानाथ रेग्मी | वि.नि | एम् एड् | जि.शि.का. झापा |
| ३ | डम्वर वहादुर वस्नेत | श्रोतव्याक्ति | एम् ए /वि.एड् | काँकरभिट्टा श्रोतकेन्द्र |
| ४ | पूर्ण वहादुर खड्का | प्राचार्य | एम् ए /वि.एड् | आदर्श उ.मा.वि. |
| ५ | रमेश कुमार सापकोटा | प्राचार्य | एम् ए /वि.एड | श.द.च.उ.मा.वि. |
| ६ | डिल्ली खतिवडा | प्र.अ. | वि.एड | ज्यामिरगढी मा.वि |
| ७ | कृष्ण प्रसाद अधिकारी | प्र.अ. | एम् ए /वि.एड्. | कवि शिरोमणी मा.वि. |
| ८ | विश्व थापा | प्र.अ. | वि.कम. /वि.एड्. | वालसुवोधिनी नि.मा.वि. |
| ९ | बिष्णु नारायण श्रेष्ठ | प्र.अ. | आई.ए | वालकल्याण नि.मा.वि. |
| १० | राम वहादुर तामाङ्ग | प्र.अ. | एस.एल.सी | मेची नि.मा.वि. |
| ११ | योगेन्द्र खनाल | प्र.अ. | एस.एल.सी. | माहानन्द प्रा.वि. |
| १२ | धनराज कटुवाल | प्र.अ. | आई.ए. | ज्ञानदीप प्रा.वि. |
| १३ | कृष्ण कुमारी वानियाँ | प्र.अ. | एस.एल.सी. | डिगेन जनज्योती प्रा.वि. |
| १४ | कमला पौड्याल | प्र.अ. | आई.ए. | शान्ति प्रा.वि. |
| १५ | शेर वहादुर वुढाथोकी | नि.प्र.अ. | एस.एल.सी. | मेची विद्योदय प्रा.वि. |

श्रोत : स्थलगत अध्ययन २०६७

## विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

## अनुसूची-४

### वि.व्य.स.पदाधिकारीहरुका लागि प्रश्नावली

नाम :-

विद्यालय :-

योग्यता :-

१) तपाई विद्यालयको निरीक्षण/सुपरिवेक्षणमा कतिको समय दिनुहुन्छ ?

क) हरेक दिन विद्यालय निरीक्षणमा आउँछु ।

ख) हप्तामा एक पटक विद्यालय निरीक्षणमा आउँछु ।

ग) जुनसुकै समयमा पनि विद्यालय निरीक्षणमा आउँछु ।

घ) विद्यालय निरीक्षणमा आएकै छुईन ।

२) निरीक्षक तथा श्रोतव्यक्तिसँग तपाँइको के कस्तो अन्तरक्रिया र सहकार्य हुन्छ ?

क) केही हुदैन । ख) कहिलेकाहीँ हुने गर्छ ।

ग) उहाँहरु आउँदा नियमित रुपले अन्तरक्रिया हुने गर्छ । घ) उहाँहरु वास्तै गर्नुहुन्न ।

३) तपाईको विद्यालय प्रतिको जिम्मेवारी के हो ?

क) भौतिक पक्षको सुधार गर्ने । ख) विद्यालयको सुपरिवेक्षण गर्ने ।

ग) शिक्षकको छनोट र नियुक्ति गर्ने । घ) विद्यालयको समग्र पक्षको सुधार गर्ने ।

४) वि.व्य.स. को वैठकमा प्रस्ताव पारित गर्दा सवै सदस्यहरुको सहभागिता र सक्रियता कस्तो रहन्छ ?

क) सवै सदस्य छलफलमा सक्रिय हुन्छन् । ख) खासै सहभागितामुलक निर्णय हुदैनन् ।

ग) केही सदस्यहरुमात्र सक्रिय हुन्छन् । घ) प्रजातान्त्रिक निर्णय हुन्छ ।

५) वि.व्य.स. को वैठकमा कस्ता कस्ता विषयमा छलफल र निर्णय गर्नुहुन्छ ?

क) प्रशासनिक विषयमा । ख) शिक्षण सिकाइ प्रभावकारी वनाउने विषयमा ।

ग) आर्थिक तथा भौतिक पक्षमा । घ) माथिका सवै विषयमा ।

६) वर्तमान सुपरिवेक्षणको प्रमुख वाधक तत्व के लाई मान्नुहुन्छ ?

क) वर्तमान द्वन्द्व ख) कार्यव्यस्ततालाई

ग) सरोकारवालाको लार्पवाहीलाई । घ) अन्य

७) विद्यालय निरिक्षण गर्ने जिम्मेवारी क-कसको होला ?

क) वि.व्य.स .तथा अभिभावक को ।

ख) वि.नि. तथा श्रोतव्यक्तिको ।

ग) प्रधानाध्यापकको ।

घ) सरोकारवाला सवैको ।

८) सुपरिवेक्षण प्रक्रियाले शिक्षण शिकाईमा के कस्तो प्रभाव पारेको छ ?

..................................................................................................................

..................................................................................................................

९) विद्यालय नियमित उपस्थित नहुने कर्मचारी तथा शिक्षकहरुलाई के कारवाही गर्नु हुन्छ ?

..................................................................................................................

..................................................................................................................

१०) विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु के के हुन ?

..................................................................................................................

..................................................................................................................

११) भविष्यमा विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि के कस्तो योजना वनाउनु भएको छ ?

..................................................................................................................

..................................................................................................................

१२)अन्त्यमा तपाईको केही थप सल्लाह र सुझाव भए उल्लेख गर्नुहोस् ।

..................................................................................................................

..................................................................................................................

## अनुसूची ४(क)

### नमूना छनौटमा पर्नु भएका वि.व्य.स. अध्यक्षहरुको विवरण

| क.सं. | अध्यक्षको नाम | योग्यता | विद्यालयको नाम |
|---|---|---|---|
| १ | केशव राज पाण्डे | वि.ए. | आदर्श उ.मा.वि. |
| २ | श्री प्रसाद रिजाल | आइ.ए. | श.द.च.उ.मा.वि.. (पि.टि.ए.) |
| ३ | उमाकान्त आचार्य | एस.एल.सी. | ज्यामिरगढी मा.वि. |
| ४ | चन्द्र मणी पौडेल | वि.ए. | कवि शिरोमणी मा.वि. |
| ५ | बाबुलाल सुब्बा | एस.एल.सी. | बाल सुबोधीनी नि.मा.वि. |
| ६ | अनन्त कुमार दाहाल | एस.एल.सी. | बाल कल्याण नि.मा.वि.. ( |
| ७ | परशुराम निरौला | वि.एड. | पि.टि.ए.) |
| ८ | बाबुलाल राजवंशी | एस.एल.सी. | मेची नि.मा.वि. |
| ९ | धनवीर राजवंशी | ६ कक्षा सम्म | महानन्द प्रा.वि. |
| १० | कर्म राजवंशी | सेन्ड.अप टेस्ट पास | ज्ञानदीप प्रा.वि. |
| ११ | खगेन्द्र सिग्देल | आई.ए. | डिगेन जनज्योती प्रा.वि. |
| १२ | गिरिराज धमला | एस.एल.सी | शान्ति प्रा.वि. |
| | | | मेची विद्योदय प्रा.वि. (पि.टि.ए.) |

श्रोत: स्थलगत अध्ययन २०६७

## विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

## अनुसूची -५

## शिक्षकहरुका लागि प्रश्नावली

नाम :-

विद्यालय :-

योग्यता :-

तह :-

१) शिक्षण कार्य गर्दा पाठ योजना वनाउने गर्नु भएको छ छैन ?

क) पाठ योजना नियमित तयार गर्ने र प्रयोग गर्ने गरेको छु ।

ख) पाठ योजना कहिलेकाँही तयार गर्ने गरेको छु ।

ग) पाठ योजना वनाउने गरेको छैन ।

घ) पाठ योजनाको आवश्यकता नभएको ।

२) शिक्षण कार्यमा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नु भएको छ ?

क) कहिले काहीँ मात्र गरिन्छ । ख) आवश्यकता अनुसार गरिन्छ ।

ग) शैक्षिक सामग्री उपलव्ध छैन । घ) प्रयोग गर्ने गरिएको छैन ।

३) वि.नि तथा श्रोतव्यक्ति सुपरिवेक्षणमा आएका वेला नुना पाठ शिक्षण गर्ने गर्नुभएको छ ?

क) नमुना पाठ शिक्षण गर्नुहुन्न । ख) कहिले काहीँ नमुना शिक्षण गर्नुहुन्छ ।

ग) प्रत्येक पटक नमुना शिक्षण गर्नुहुन्छ । घ) कक्षा कोठामा प्रवेश नै गर्नुहुन्न ।

४) प्र.अ. तथा वि.व्य.स. वाट कक्षा अवलोकन हुने गरेको छ, छैन ?

क) हप्तामा एक पटक गर्नुहुन्छ । ख) महिनामा एक पटक गर्नुहुन्छ ।

ग) वर्षमा एक पटक गर्नुहुन्छ । घ) कहिल्यै पनि गर्नु हुन्न ।

५) वर्तमान शैक्षिक उपलव्धि स्तर न्यून हुनुमा कसलाई जिम्मेवार ठान्नुहुन्छ ?

क) सुपरिवेक्षण प्रभावकारी नहुनु । ख) शिक्षक विद्यार्थीको उदासिनता ।

ग) सरोकारवालाको लापर्वाही । घ) अन्य

६) निरीक्षकहरुमा कुन कुराको अभाव देख्नु हुन्छ ?

क) प्रजातान्त्रिक व्यावहारको । ख) सामुहिक चिन्तनको ।

ग) केही कमी देख्दिन । घं) हरेक विषयको विषयगत ज्ञानको अभाव ।

७) विद्यार्थीमा अनुशासन कायम गरी शिक्षण सिकाईमा सुधार ल्याउन कक्षामा के कस्तो व्यावस्था गर्नु भएको छ?

क) कक्षा मनिटरको व्यावस्था गरिएको छ ।  ख) कडा निदेर्शन दिने  गरिएको छ ।

ग) कक्षा शिक्षकले जिम्मा लिने गरिएको छ ।  घ) केही व्यावस्था गरिएको छैन ।

८) कक्षा शिक्षण पश्चात विद्यार्थी मुल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

..............................................................................................................

..............................................................................................................

९) कक्षा अवलोकन पछि सुपरिवेक्षकले दिएको सल्लाह र सुझाव कसरी कार्यन्वयन गर्नु हुन्छ ?

..............................................................................................................

..............................................................................................................

१०) सुपरिवेक्षण प्रक्रियाले शिक्षण सिकाइ प्रक्रियालाई के कस्तो प्रभाव पार्दछ ?

..............................................................................................................

..............................................................................................................

११) सिकाइ उपलब्धि स्तर वृद्धि गर्न प्रभावकारी सुपरिवेक्षण कत्तिको जिम्मेवार छ ?

..............................................................................................................

..............................................................................................................

१२) अन्त्यमा तपाईका थप सल्लाह र सुझाव भए उल्लेख गर्नुहोस् ।

..............................................................................................................

..............................................................................................................

# अनुसूची ५ (क)

## नमूना छनौटमा पर्नुहुने शिक्षकको विवरण

| क्र.स. | शिक्षकको नाम | योग्यता | विद्यालयको नाम |
|---|---|---|---|
| १ | लम्वोदर पौड्याल | एम्.ए./वि.एड्. | आदर्श उ.मा.वि., मेचीनगर-१३ |
| २ | हेम खड्का | एम्.ए./वि.एड्. | आदर्श उ.मा.वि., मेचीनगर-१३ |
| ३ | तेज प्रसाद खनाल | वि.एड | शहिद दशरथ च.उ.मा.वि.,दुहागढी-४ |
| ४ | गोपाल प्याकुरेल | एम.एड्./ वि.एड्. | शहिद दशरथ च.उ.मा.वि.,दुहागढी-४ |
| ५ | सुभाष रिजाल | एम.एड्./ वि.एड्. | ज्यामिरगढी मा.वि., ज्यामिरगढी-५ |
| ६ | विनोद खनाल | वि.ए./ वि.एड्. | ज्यामिरगढी मा.वि., ज्यामिरगढी-५ |
| ७ | यशोदा शर्मा | वि.ए./ वि.एड्. | कवि शिरोमणी मा.वि., मेचीनगर-५ |
| ८ | तुलशा खरेल | वि.एड्. | कवि शिरोमणी मा.वि., मेचीनगर-५ |
| ९ | मित्र काफ्ले | वि.वि.एस्. | वाल सुवोधिनी नि.मा.वि., दुहागढी-७ |
| १० | राम प्रसाद आचार्य | एस.एल.सी. | वाल सुवोधिनी नि.मा.वि., दुहागढी-७ |
| ११ | धनराज पौड्याल | एम्.ए./वि.एड्. | वाल कल्याण नि.मा.वि., मेचीनगर-८ |
| १२ | राजिप गिरी | वि.एड्. | वाल कल्याण नि.मा.वि., मेचीनगर-८ |
| १३ | सत्य रुपा पुरी | एम.एड्. | मेची नि.मा.वि., मेचीनगर-९ |
| १४ | रमेश निरौला | एम.एड्. | मेची नि.मा.वि., मेचीनगर-९ |
| १५ | इन्दु पनेरु | आई.कम्. | माहानन्द प्र.वि., मेचीनगर-२ |
| १६ | खेमराज खनाल | आई.कम्. | माहानन्द प्र.वि., मेचीनगर-२ |
| १७ | नरेन्द्र प्रसाद पन्त | आई.ए. | ज्ञानदीप प्रा.वि., ज्यामिरगढी -३ |
| १८ | चन्दा आचार्य | एस.एल.सी. | ज्ञानदीप प्रा.वि., ज्यामिरगढी -३ |
| १९ | कोपिला श्रेष्ठ | आई.कम | डिगेन जनज्योती प्रा.वि., ज्यामिरगढी-६ |
| २० | फिटेन राजवंशी | आई.एड्. | डिगेन जनज्योती प्रा.वि., ज्यामिरगढी-६ |
| २१ | निर्मला राजवंशी | एस.एल.सी. | शान्ति प्रा.वि. दुहागढी-२ |
| २२ | ज्ञान वहादुर खड्का | आई.ए. | शान्ति प्रा.वि. दुहागढी-२ |
| २३ | भद्रमणी दाहाल | एस.एल.सी. | मेची विद्योदय प्रा.वि., मेचिनगर-७ |
| २४ | हेमराज गिरी | एस.एल.सी. | मेची विद्योदय प्रा.वि., मेचिनगर-७ |

श्रोतः स्थलगत अध्ययन २०६७

# विद्यालय सुपरिवेक्षणको प्रभावकारिता

## अनुसूची-६

### स्थलगत अध्ययन अवलोकन फाराम

विद्यालको नाम :

ठेगाना :

तह :

१) भौतिक पूर्वाधारको अवस्था

क) पर्याप्त

ख) अपर्याप्त

ग) अपर्याप्त भए के के ?

२) शिक्षक/ विद्यार्थी विवरण

| | २०६४ | २०६५ | २०६६ |
|---|---|---|---|
| i) शिक्षक संख्या | | | |
| क) प्रा.वि. | | | |
| ख) नि.मा.वि. | | | |
| ग) मा.वि. | | | |
| ii) विद्यार्थी संख्या | | | |
| क) प्रा.वि. | | | |
| ख) नि.मा.वि. | | | |
| ग) मा.वि. | | | |

३) विद्यालय सुपरिवेक्षणको स्थिति

| | २०६४ | २०६५ | २०६६ |
|---|---|---|---|
| क) श्रोत व्यक्तिले गरेको सुपरिवेक्षण | | | |
| ख) बि.नि.ले गरेको सुपरिवेक्षण | | | |
| ग) वि.ब्य.स. ले गरेको सुपरिवेक्षण | | | |
| घ) जि.शि.अ. ले गरेको सुपरिवेक्षण | | | |
| ङ.) अन्य ब्यक्ति तथा संस्थाले गरेको निरीक्षण | | | |

४) सह- क्रियाकलाप संञ्चालन

क) हप्तामा १ पटक

ख) महिनामा १ पटक

ग) वर्षमा १ पटक

५) विद्यालयमा प्र.अ.ले संञ्चालन गर्ने कार्यक्रमहरु

क) शिक्षक बैठक

ख) शैक्षिक मुद्धा संम्बन्धि छलफल

ग) अविभावक सँगको अन्तरक्रिया

घ) वि.ब्य.स. को बैठक

ङ.) कक्षागत /विषयगत उपलब्धि विश्लेषण

च) सुधारका लागि कार्ययोजना निर्माण

६) विद्यालय अनुगमन समिति

क) गठन भएको

ख) गठन नभएको

७) शिकाई उपलब्धि को स्थिति

| | २०६४ | २०६५ | २०६६ |
|---|---|---|---|
| क) कक्षा ५ को शिकाई उपलब्धिको औसत प्रतिशत | | | |
| ख) कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको नतीजाको प्रतिशत | | | |
| ग) कक्षा १० एस.एल सी. परीक्षाको नतीजाको प्रतिशत | | | |

## विद्यालय सूपरिवेक्षणको प्रभावकारीता

## अनुसूची-७

## तीन वर्षको तहगत विद्यार्थी विवरण

| क्रसं | विद्यालयको नाम | प्रा.वि. | | | नि.मा.वि. | | | मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | ३३० | ३१६ | ३१६ | ६५६ | ६०९ | ६१८ | ४६१ | ४९२ | ५३० |
| २ | ज्यामिरगढी मा.वि. | २१९ | २१४ | २२५ | २६६ | ३१७ | ३११ | ८९ | ११८ | १५२ |
| ३ | कवि शिरोमणी मा.वि. | ३३२ | ३३१ | ३०६ | ३५१ | ३४३ | ३६७ | १९७ | २०४ | १६३ |
| ४ | श.द.च. उ.मा.वि. | ४६७ | ३९३ | ३०८ | ३७२ | ४१२ | ४११ | ४९३ | ३३८ | ३५२ |
| ५ | बा.सु.नि.मा.वि. | १६४ | १६२ | १४८ | २०९ | १७५ | १७४ | | | |
| ६ | बा.क.नि.मा.वि. | २९५ | २७० | २५४ | २२५ | २०१ | १९४ | | | |
| ७ | मेची नि.मा.वि. | २४३ | २५० | २०५ | १४७ | १४३ | १३६ | | | |
| ८ | महानन्द प्रा.वि. | २६५ | २३५ | २२९ | | | | | | |
| ९ | ज्ञानदीप प्रा.वि. | ३०९ | १९२ | १९२ | | | | | | |
| १० | डिगेन प्रा.वि. | २१९ | २०९ | १९५ | | | | | | |
| ११ | शान्ति प्रा.वि. | १६५ | १४८ | ११४ | | | | | | |
| १२ | मेची विद्योदय प्रा.वि | २१२ | ७१० | १२८ | | | | | | |
| | औसत विद्यार्थीसंख्या | २७३ | २४७ | २१८ | ३१८ | ३१४ | ३१६ | ३१० | २८८ | २९९ |

श्रोत : विद्यालय अभिलेख २०६७

## अनुसूची-८

## दरवन्दीमा कार्यरत शिक्षक विवरण

| क्र.सं. | विद्यालयको नाम | प्रा.वि. | | | नि.मा.वि. | | | मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | आदर्श उ.मा.वि. | १२ | १२ | १२ | ४ | ४ | ८ | ८ | ८ | ८ |
| २ | ज्यामिरगढी मा.वि. | ५ | ५ | ५ | ५ | ५ | ३ | ३ | ३ | ३ |
| ३ | कवि शिरोमणी मा.वि. | ९ | ९ | ९ | ३ | ३ | २ | २ | २ | २ |
| ४ | श.द.च. उ.मा.वि. | ११ | ११ | ११ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ५ | बा.सु.नि.मा.वि. | ५ | ५ | ५ | ४ | ४ | | | | |
| ६ | बा.क.नि.मा.वि. | १० | १० | १० | १ | ३ | | | | |
| ७ | मेची नि.मा.वि. | ८ | ८ | ८ | १ | ३ | | | | |
| ८ | महानन्द प्रा.वि. | ८ | ८ | ८ | | | | | | |
| ९ | ज्ञानदीप प्रा.वि. | ६ | ६ | ६ | | | | | | |
| १० | डि.गेन प्रा.वि. | ५ | ५ | ५ | | | | | | |
| ११ | शान्ति प्रा.वि. | ४ | ४ | ४ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | मेची विद्योदय प्रा.वि | ५ | ५ | ५ | | | | | | |
| | औसत दरवन्दी | ६.३३ | ६.३३ | ६.३३ | ३.१४ | ३.४३ | ३.७१ | ४.२५ | ४.२५ | ४.२५ |
| | जम्मा औसत दरबन्दी | ६.३३ | | | ३.४३ | | | ४.२५ | | |

श्रोत : विद्यालय अभिलेख २०६७

## विद्यालय सुपरिवेक्षणको प्रभावकारीता

### अनुसूची-९

### कक्षा ५,८ र १० को परीक्षाको नतीजा विवरण (प्रतिशत)

| क्र. सं. | विद्यालय नाम | कक्षा -५ | | | कक्षा ८ | | | कक्षा -१० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ | २०६४ | २०६५ | २०६६ |
| १ | श्रादर्श उ.मा.वि. | ३६.६७ | ७४ | ५५०८ | ८२.२२ | ९५.०७ | ६८.३२ | १८.८३ | ५२.५१ | २९.२० |
| २ | ज्यामिरगढी मा.वि. | २७.९६ | ५१ | ३७.९७ | ९३.३३ | १००.०० | ८२.६७ | ५३.४ | ४४.१९ | ३०.९० |
| ३ | कवि शिरोमणी मा.वि. | ३१.५१ | ५५ | ४८.०९ | ८५.११ | ७७.३८ | ६०.३४ | ९१.७८ | ६७.७४ | ६१.७३ |
| ४ | श.द.च. उ.मा.वि. | ३६.५९ | ५३ | ५२.६३ | ९६.०९ | ५२.४२ | ५१.३९ | ६७.६० | २६.९६ | २१.६९ |
| ५ | बा.सु..नि.मा.वि. | ५९.४६ | ७३ | ६०.५१ | ९६.९७ | ९३.३३ | ९७.७४ | | | |
| ६ | बा.क.नि.मा.वि. | ६३.६० | ६९ | ५५.४७ | ९२.३१ | ८२.३५ | ८५.१९ | | | |
| ७ | मेची नि.मा.वि. | ४०.५७ | ६९ | ८५.०७ | ९२.३१ | १००.०० | १००.०० | | | |
| ८ | महानन्द प्रा.वि. | ५५.५ | ५० | ६९.३८ | | | | | | |
| ९ | ज्ञानदीप प्रा.वि. | ४७.४२ | ६७ | ६४.०९ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | डिगेन प्रा.वि. | ६८.४५ | ५६ | ५६.६३ | | | | | | |
| ११ | शान्ति प्रा.वि. | ५२.१६ | ७२ | ५४.६८ | | | | | | |
| १२ | मेची विद्योदय प्रा.वि | ४४.२४ | ६० | ६६.२८ | | | | | | |
| | औसत | ४६.९९ | ६२.४२ | ५८.८२ | ९१.०५ | ८५.७९ | ७७.५२ | ४७.९२ | ४७.८५ | ३५.८८ |
| | तीन वर्षको औसत | ५६.१८ . | | | ८४.७७ | | | ४३.८८ | | |

स्रोत : विद्यालय अभिलेख २०६७